पूर्णिमा

इतिहास-प्रधान त्रैमासिक पत्रिका

१ ३८ पूर्णाङ्क

नयराजजन्मशताब्दीमा प्रकाशित चौथो कृति

संशोधन-मण्डल

का.मे.अ.द.नं १५५/२४९

तदिह न गुणदोषौ योजनीयावलीकौ
कथमपि महता यत् संस्कृतोऽयं श्रमेण ।

– बापूदेव शास्त्री

[धेरै मिहिनेत गरी यो तयार गरिएको छ । यस कारण यहाँ भूटे गुण अथवा दोष नलाइदिनुहोला ।]

पूर्णिमा

(इतिहास-प्रधान त्रैमासिक पत्रिका)

३५ वर्ष

२ अङ्क

सम्पादक –
महेशराज पन्त
दिनेशराज पन्त

प्रकाशक –
दिनेशराज पन्त
(संशोधन-मण्डलद्वारा)

यस अङ्कको मूल्य रु. ४००/-

बिक्रीमा भएका हाम्रा कृति

१.	*अभिलेख-संग्रह (६-१२ भाग)*	५।-
२.	*आदर्श, अ सप्लिमन्ट् टु पूर्णिमा, द जर्नल् अफ् द संशोधन-मण्डल (१-२ सङ्ख्या)*	५५०।-
३.	*इतिहास-संशोधन*	४००।-
४.	*इतिहास-संशोधनहरूको अभिनन्दन-ग्रन्थ*	५।-
५.	*गोरखाको इतिहास (१-४ भाग)*	५००।-
६.	*त्रिकोणमिति*	२५।४०
७.	*दैवज्ञशिरोमणि लक्ष्मीपति पाँडेको धूपघडी*	१००।-
८.	*धादिङ्मा फेला परेका नेपाली कविता*	७५।-
९.	*नयराज पन्तलाई चिनाउनको लागि*	२५।-
१०.	*नेपालको संक्षिप्त इतिहास*	१२५।-
११.	*नेपालसंवत्को राष्ट्रिय मान्यताको अनौचित्य*	५।-
१२.	*पञ्चाङ्ग-संशोधन*	१००।-
१३.	*पं. गोपाल पाँडे र उनको घनमूल ल्याउने रीति*	१६।४०
१४.	*पशुपतिनाथको दर्शन स्पर्शन पूजनसम्बन्धमा समीक्षा*	८०।-
१५.	*पूर्णिमा (१३-३२, ३४-१३८ पूर्णाङ्क)*	७१२८।-
१६.	*प्राचीन र नवीन गणितको तुलना*	१५।-
१७.	*बडागुरुज्यू विजयराजसँग सम्बद्ध पत्रहरू*	५२५।-
१८.	*बुद्धिविनोद-प्रश्नावली र त्यसको उत्तर*	५०।-
१९.	*म गोबरगणेश बनेछु*	१२५।-
२०.	*रत्नदीप*	२।५०
२१.	*रत्नदीप १ भाग*	१०५।-
२२.	*रत्नदीप २ भाग*	९२।-
२३.	*राजीवलोचन जोशीका बराज्यू दामोदर जोशी*	७५।-
२४.	*लिच्छवि-संवत्को निर्णय*	१००।-
२५.	*विद्या-रक्षा*	१००।-
२५.	*विश्रान्ति*	८२।-
२६.	*वृत्तशतक*	३।-
२७.	*व्याकरण-संशोधन*	४५।-
२८.	*श्री ३ महाराज पद्मशमशेरका कुरा*	१२।-
२९.	*सावधान-पत्र*	१२५।-
३०.	*सूची गोरखापत्रमा छापिएका नेवारी लेखको*	३५०।-
३१.	*हाम्रो उद्देश्य र कार्यप्रणाली*	१००।-
३२.	*हिन्दू सिद्धान्तज्यौतिष र ग्रीक सिद्धान्तज्यौतिषको तुलना*	२९।-
३३.	*हुट डिड् अंशुवर्मन् राइट् ?*	४०।-

हाम्रा कृति पाइने ठेगाना

संशोधन-मण्डल

२७ डल्लुआवासमार्ग, काठमाडौँ, नेपाल

फोन नं. ४६७०३८०, ४३०१०२५

११६ पावनगल्ली, धुम्बाराही, काठमाडौँ, नेपाल

फोन नं. ४४३५७४९, ९८४९२२१६४२

ई-मेल– samshodhanamandala@yahoo.com

पो.ब.नं. ४१६६, काठमाडौँ, नेपाल

हिमालयन बुक सेन्टर

रेडक्रस बिल्डिङ, बागबजार

पो.ब.नं. १३३९, काठमाडौँ, नेपाल

फोन नं. ४२४२०८५

वज्र बुक शप

ज्याठाटेल

पो.ब.नं. २१७७९, काठमाडौँ, नेपाल

फोन नं. ४२२०५६२

रत्न बुक डिष्ट्रिब्यूटर्स

७१ क ब्याङ्कमार्ग, बागबजार

पो.ब.नं. ९८, काठमाडौँ, नेपाल

फोन नं. ४२४२०७७, फ्याक्स नं. ४२४८४२१

रत्नपुस्तकभण्डार

ग्रीन हाउस २७१, माइतीघर, काठमाडौँ, नेपाल

फोन नं. ४२४०८५०

इटुंबहालको *शतसाहस्रिका प्रज्ञापारमिता*को पुष्पिकातर्फ फेरि एकचोटि

-महेशराज पन्त

१. गएको वैशाखमा इटुंबहालको *प्रज्ञापारमिता*को विषयमा मेरो लेख छापिएको थियो (महेशराज पन्त २०६९) । वि.सं. २०६७ को बहिद्यः ब्वयेगु हेर्न जाँदा त्यस *प्रज्ञापारमिता*का केही पत्रको फोटो खिँच्ने अवसर मिल्दा यस लेखको जन्म भएको हो । त्यस वेला फोटो खिँच्दा त्यति राम्रो नआई कहीँ कहीँ राम्रो नबुझिएकोले पाठ सच्याउने र सम्बद्ध अंशको फेरि फोटो खिँच्ने अभिप्रायले यसपालिको बहिद्यः ब्वयेगु हेर्न म गएँ । तर त्यहाँका गुठियारहरूले आलटाल गर्दा त्यो सम्भव भएन । मेरो अघिल्लो लेखमा परेका अशुद्धिको संशोधन गरी गएको कार्तिकमा अर्को लेख छापियो (महेशराज पन्त २०६९ क) ।

२. इटुंबहालका गुठियारहरूले यसपालिको दसैँअगाडि नै त्यो *प्रज्ञापारमिता* राष्ट्रिय अभिलेखालयमा लगी त्यसको डिजिटल फोटो खिँचाएका रहेछन् । मेरो जनसम्पर्क खास नभएकोले म अखबारमा नआएका खबर हतपति थाहा पाउँदिनँ । त्यस *प्रज्ञापारमिता*को फोटो राष्ट्रिय अभिलेखालयले खिँचेको खबर जुनु बासुकलाबाट झण्डै १ महीना जतिअगाडि प्रसङ्गवश मैले थाहा पाएँ । त्यस *प्रज्ञापारमिता*को फोटो हेरी आफूले छपाइसकेको पाठमा आफैँलाई चित्त नबुझेको सच्याउन फोटो हेर्न गइहाल्ने विचार भए पनि त्यहाँ लगत्तै जान मेसो मिलाउन सकिएन । गएको माघ २ गते मङ्गलवार मात्र राष्ट्रिय अभिलेखालय गई फोटो हेरेँ । फोटो हेर्दा त्यो ग्रन्थ *शतसाहस्रिका प्रज्ञापारमिता*को प्रथम खण्ड अर्थात् १-१२ परिवर्त भएको थाहा भयो । त्यस फोटोबाट अघिबाट आफूले छपाएको पाठ पनि ठाउँठाउँमा सच्चिने देखियो । अनि सबभन्दा अघिल्लो पत्रको, प्रत्येक परिवर्त टुङ्गिएको पत्रको र पुष्पिका भएको पत्रको गरी १ स्न्यापको ७५ रुपियाँको दरले २० स्न्यापको रु. १५००।- तिरी सीडी ल्याएँ ।

३. इटुंबहालको *प्रज्ञापारमिता*का केही पत्रका फोटा खिँच्दा अन्तिम पृष्ठमा पत्रसङ्ख्या ८ मात्र देखिए पनि त्यो पत्र प्रत्यक्ष हेर्दा पत्रसङ्ख्या ४७८ भएको मैले सम्झिराखेकोले त्यस पृष्ठलाई **४७८ ख** र त्यसताकाको पद्धतिअनुसार अहिलेको जस्तो पृष्ठैपीछे पृष्ठसङ्ख्या नदिई पत्र पल्टिइसकेपछि मात्र पत्रसङ्ख्या हाल्ने चलन भएकोले त्यसभन्दा अगाडिको पृष्ठलाई **४७८ क** र पछाडिको पृष्ठलाई **४७८ ख** भनी मैले पहिले काम चलाएको थिएँ ।[१] राष्ट्रिय अभिलेखालयले अहिले खिँचेको, त्यही *प्रज्ञापारमिता*को फोटो हेर्दा अन्तिम पृष्ठभन्दा अघिल्लोमा ४७७ लेखिएको देखियो । त्यताबाट एकापट्टि मात्र लेखिएको अन्तिम पत्रमा ४७८

---

१. महेशराज पन्त २०६९: § ६ = ९३; ९४-९८; २२-२४ सङ्ख्याका टिप्पणी = १०६-१०७; § ९ = १८५; § १० = १८६; २३० सङ्ख्याको टिप्पणी = १८६; २३४ र २३५ सङ्ख्याका टिप्पणी = १८८; § ११.३ = १८८; § १२.२ = १९०; § १३ = १९१; २४८ सङ्ख्याको टिप्पणी = १९१; § १५.१.२., १५.१.३., १५.१.७ = १९२; § १५.२.२. = १९३; § १७.४, १७.७ = १९५; २७५-२७७ सङ्ख्याका टिप्पणी = १९५; § १७.८ = १९६ ।

हालेको र त्यसभन्दा ठीक अगाडिको पृष्ठमा चाहिँ ४७७ हालिएको देखियो । यसैले अघि (महेशराज पन्त २०६९ मा) जहाँ जहाँ **४७८ क पत्र** लेखिएको छ, त्यहाँ त्यहाँ **४७७ पत्र** र जहाँ जहाँ **४७८ ख पत्र** लेखिएको छ, त्यहाँ त्यहाँ **४७८ पत्र** लेख्नुपर्ने भयो ।

४. त्यस फोटोसँग महेशराज पन्त २०६९ (§ १० = १८६-१८८)मा छापिएको पाठ रूजू गरी तयार पारिएको शुद्ध पाठ यस्तो छ–

४७७ पत्रको

१० पङ्क्तिबाट- **शतसाहस्र्याः प्रज्ञापारमितायाः प्रथमः**

११ पङ्क्तिमा- **खण्ड परिसमाप्ता ॥ ॥**

॥ ॥

ये धर्मा हेतुप्रभवा हेतुस्तेषा तथागतो ह्येवद-

तेषाञ्च यो निरोध एवंवादी महाश्रमणः ॥ ॥ ॥ ॥

॥ ॥ ॥ ॥

नमो बुद्धाय ॥ नमो धर्मोय ॥ नमः संघा॥

४७८ पत्रको १ पङ्क्तिमा- **य ॥०॥**

प्रख्यातो भुवि पुण्यमल्लनृपतिः पृथ्वीभुजामग्रणी

शौर्य्योदार्यगुणातिलंघितमही जात क्षमावल्लभः ।

सर्वज्ञागमतत्ववेदिमनसा येनाखिलानाकृतं

सत्वानामधिकं सुखंम्वसगतां

२ पङ्क्तिमा- **समाश्रायतां संततं ॥**

तस्यायं तनुजः क्षमापतिशि[२]रश्रे[३]णी किरीटोज्वलं

माणिक्यद्युतिरजिताघ्रिकमलो लक्ष्मी भुवो नायकः ।

शास्त्राणां परपरमार्थवित्परहित कतु प्रवृत्तः सदा

पृथ्वीमल्लमहीपतिर्विजय॥

---

२. यस अक्षरको विषयमा महेशराज पन्त २०६९: १८६-१८७ मा २३१ सङ्ख्याको टिप्पणी हेर्नू ।

३. यस अक्षरलाई मैले **श्रे** पढे पनि म सन्तुष्ट भने छैन । यही पुष्पिकामा भएको **श्र** —**श्रीदीप°**, **श्रीराजब्रह्मश्री°** (४७८ पत्रको ३ पङ्क्तिमा), **भिक्षुश्रीवज्र°** (उही पत्रको ५ पङ्क्तिमा),**श्रीकौलिग्रामीयश्रीभास्कर°**, **शत्रिश्रीकेशव°** (उही पत्रको ७ पङ्क्तिमा), **°श्रीराजब्रह्मश्रीनामा** (उही पत्रका ७-८ पङ्क्तिमा) — सँग दाँज्नू । अर्को विकल्प मैले नदेखेकोले अहिलेको लागि कामचलाउ रूपमा **श्रे** पढेको हो ।

३ पङ्क्तिमा- ते श्रीदीपमालप्रियः ।। ० ।।

आहूतस्तेन भूपेन विदुषामग्रणीर्महान् ।

विषया नयपालाख्यादाचार्यो जिनशासने ।।

श्रीराजब्रह्मश्रीनामा सर्वविद्याविचक्षणः ।

बोधिसत्व समस्तानां सत्वानामुः

४ पङ्क्तिमा- पकारकः ।।

पारावतविहारस्य प्रभुणाभेन लेखितः ।

लक्षाभगवतीग्रन्थ प्राक्खण्डः कनकाक्षरैः ।। ७ ।।

४ पङ्क्तिमा ७ पछि माथि यस्तो ᐯ चिह्न र त्यसको मुनि काकपद ^ दिई पत्रको माथिल्लो किनारामा कुन पङ्क्तिमा थप्ने हो त्यो बुझाउन ४ लेखी त्यसपछि यस्तो ᚷ चिह्न हाली विमादि°देखि सर्वदाः।। सम्म थपिएको–

विमादिवर्ष ।। सम्वत् १२८० लिखितः सम्पूर्ण दिनः ।। शुभमऽस्तु सर्वदाः ।।

नभोष्यभास्वद्गणनीयशाके

भद्रान्तमासस्य वलक्षपक्षे ।

तिथौ दशम्यां द्रविनांबुवषा

व्यलीलिख-

५ पङ्क्तिमा- द्ग्रन्थमिमं स विद्वान् ।।

पर्वते भुवने ख्याते स्यंजास्थाने निवासिभिः ।

भिक्षुश्रीवज्रभेनाद्यैर्लिखिता परमेश्वरी ।।~७।।

अनेन मम पुण्येन सर्वसत्वाऽशेषतः

विरम्य सर्वपापेभ्यो कुर्वन्तु कुशलं सदा ।

६ पङ्क्तिमा- बोधिचर्याविरेहेता बोधिचर्यापरायणाः ।

बुध्धै परिगृहीताश्च मारक्रर्मविवर्ज्जिता ।

अप्रमेयायुषश्चैव सर्वे सत्वा भवन्तु ते

नित्य जीवन्तु मुखिता मृत्युशब्दोपि नस्यतु ।।७।।

देयधर्मोऽयं प्रवर-

७ पङ्क्तिमा-	**महायानयायिनः। परमधार्मिकः परमसर्वज्ञशासनिकः। श्रीकौलिग्रामीय-श्रीभास्करदेवसंस्करित। शत्रिश्रीकेशवचन्द्रकृतमहाविहाराधिवाशिनः। शाक्यभिक्षुवज्राचार्यश्रीराजब्रह्म**
८ पङ्क्तिमा-	**श्रीनामा। भार्या ज्योतिलक्ष्मीनाम्नी पुत्रपौत्रादिभिः। विशिष्य सुवण्णपनालीय-नवग्रहस्थाना पथमचन्दनाम ।। गुरोपाध्यायपूर्वगम कृत्वा सकलसत्वराशे-रनुत्तरज्ञानफलावाप्तय इति ।।७।।**
९ पङ्क्तिमा-	**सम्वत् ४७८ भादवशुद्धि १० लक्षाभगवति संपूर्ण्ण दिवस ⸜ संत्कृतसंवच्छल मसियाव नेपालसंवच्छलन पिकास्यं तया ।। जुरो ।।**

५. यस पाठबाट मैले अघि लेखेका केही कुरा (महेशराज पन्त २०६९ § १४-१९ = १९१-१९९)मा संशोधन गर्नुपर्ने अवस्था आयो ।

५.१. ४७८ पत्रको ७ पङ्क्तिमा **श्रीकौलिग्रामीय°** नभई लमा हालिएको दाहिनेलाई डिकोमा काटी लमा बाइमात्रा हालिएकोले २३३ सङ्ख्याको टिप्पणी, त्यही पत्रको ५ पङ्क्तिमा **भिक्षुश्रीवज्रभेनाणेर्लिखिता** नभई **भिक्षुश्रीवज्रभेनाद्यैर्लिखिता** भएकोले २३५ सङ्ख्याको टिप्पणी, त्यही पत्रको १ पङ्क्तिमा **°मटीजात** नभई **°मही जात** भएकोले § १५.१.३ र २५२-२५३ सङ्ख्याका टिप्पणी, § १५.२.३ को पहिलो उदाहरण, § १८.३ र २९१ सङ्ख्याको टिप्पणी, त्यही पत्रको ४ पङ्क्तिमा **कनकाक्षरैण** नभई **कनकाक्षरैः** भएकोले § १५.१.५ र २५६ सङ्ख्याको टिप्पणी, त्यही पत्रको ४ पङ्क्तिमै **नभस्तमासस्य** नभई **भद्रान्तमासस्य** भएकोले § १५.१.६, ४७७ पत्रको ११ पङ्क्तिमा **मेवदत्तेषा च** नभई **ह्येवदत्तेषाञ्च** भएकोले § १५.१.७ र २५७ सङ्ख्याको टिप्पणी तथा § १५.२.२ को पहिलो उदाहरण र २६० सङ्ख्याको टिप्पणी, ४७८ पत्रको १ पङ्क्तिमा **सर्वज्ञ गम°** नभई **सर्वज्ञागम°** भएकोले § १७.१० र २८५ सङ्ख्याको टिप्पणी, त्यही पत्रको ३ पङ्क्तिमा **समग्लानां** नभई **समस्तानां** भएकोले § १८.२ को पहिलो उदाहरण र २८८ सङ्ख्याको टिप्पणी तथा § १८.५ को पहिलो उदाहरण र २९४ सङ्ख्याको टिप्पणी हटाउनुपर्ने भयो ।

५.२. ४७८ पत्रको २ पङ्क्तिमा **°हित कतुं** नभई **°हित कतु** पाठ छ । यहाँ **हित**मा विसर्ग छुटेको नभई अनुस्वार छुटेकोले यसलाई § १५.२.२ मा चढाउनुपर्ने भयो र § १७.४ बाट हटाउनुपर्ने भयो, तदनुसार २७७ सङ्ख्याको टिप्पणी पनि हट्ने भयो । **कतुं**को ठाउँमा **कतु** भनी पाठ सच्चिएकोले यस गल्तीलाई § १५.२.२ मा चढाउनुपर्ने भयो र § १५.२.३ मा **कर्तुं** हुनुपर्नेमा **कतुं** भई छापिएकोमा अब **कर्तुं** हुनुपर्नेमा **कतु** भनी सच्याउनुपर्ने भयो । त्यही पत्रको ६ पङ्क्तिमा **बुध्धैर्परिगृहीताश्च** नभई **बुध्धै परिगृहीताश्च** भएकोले § १७.६ र २८० सङ्ख्याको टिप्पणी हटाउनुपर्ने भयो तथा यस गल्तीलाई § १७.४ मा चढाउनुपर्ने भयो, ४७७ पत्रको ११ पङ्क्तिमा **हेतु तेषां** नभई **हेतुस्तेषा** भएकोले § १७.७ हटाउनुपर्ने भयो र अनुस्वार छुटेको कुरा § १५.२.२ मा चढाउनुपर्ने भयो ।

५.३. २६४ सङ्ख्याको टिप्पणीबाट रेफको कुरा र ई मात्राको कुरा हटाई त्यस टिप्पणीमा आवश्यक संशोधन गर्नुपर्ने भयो ।

५.४. एक ठाउँ (§ ५=९१)मा यस्तो **शतसाहस्र्या९ प्रज्ञापारमितायाः९ सप्तम९ अष्टम परिसमाप्ता** र अर्को ठाउँ (§ १०=१८६)मा यस्तो **शतसाहस्र्या प्रज्ञापारमिताया सप्तम॰ अष्टम परिसमाप्ता** पाठ छापिएकोले अघिल्लोमा **शतसाहस्र्या** र **प्रज्ञापारमितायापछिको** चिह्नलाई यस्तो ९ पढेको र पछिल्लोमा त्यसलाई नपढी छोडिएको रहेछ। अहिले **शतसाहस्र्याः प्रज्ञापारमितायाः प्रथमः खण्ड परिसमाप्ता** भनी पाठ सच्चिएकोले § १७.४ को पहिलो उदाहरणमा **परिसमाप्ता**को **प** पर हुँदा **खण्डः**को **ण्ड**को विसर्गलोप भएको मात्र देखाउनुपर्‍यो।

५.५. ४७८ पत्रको ६ पङ्क्तिमा **सुखिता** नभई **मुखिता** भएकोले § १५.१ मा, ४७७ पत्रको ११ पङ्क्तिमा **मेवद॰** नभई **ह्येवद॰** भएकोले § १५.१.१ मा, ४७८ पत्रको ८ पङ्क्तिमा **सुवर्ण्ण॰** नभई **सुवण्ण॰** भएकोले § १५.२.३ मा, त्यही पत्रको ४ पङ्क्तिमा **लक्षाभगवतीग्रन्थ ×ा×खण्डः** नभई **लक्षाभगवतीग्रन्थ प्राकृखण्डः** भएकोले § १७.४ मा चढाउनुपर्ने भयो। २७५ सङ्ख्याको टिप्पणीलाई § १७.४ मा अहिले भरखरै थपिएको **लक्षाभगवतीग्रन्थ प्राकृखण्डः**मा लगेर राख्नुपर्ने भयो।

५.६. ४७८ पत्रको २ पङ्क्तिमा **परपरमार्थवित्परहित** भएकोले उही अक्षर अर्थात् **पर पर** दोहोरिई भएको यो गल्ती, त्यही पत्रको ५ पङ्क्तिमा **भिक्षुश्रीवज्रभेनाद्यैर्लिखिता** भएकोले खास गरी अक्षर उल्टोपुल्टो भई भएको यो गल्ती, त्यही पत्रको ४ पङ्क्तिमा **नभोष्यभास्वद्रणनीयशाके** भएकोले सँगैको **भा**मा भएको कान्दानीको प्रभावमा अघिल्लो अक्षर **ष्य**मा कान्दानी थपिई भएको यो गल्ती, त्यही पत्रको ६ पङ्क्तिमा **मारक्रर्मविवर्जिता** भएकोले सँगैको रेफको प्रभावमा अघिल्लो अक्षर अर्थात् **क**मा **र्** लगाई **क्र** लेखिएको यो गल्ती लिपिकरले गरेको गल्तीमा थप्नुपर्ने भयो।

५.७. ४७८ पत्रका १०-११ पङ्क्तिमा **शतसाहस्र्याः प्रज्ञापारमितायाः प्रथमः खण्ड परिसमाप्ता** भन्ने पाठ भएकोले उद्देश्य **प्रथमः खण्डः** र विधेय **परिसमाप्ता**मा लिङ्गको मिलान नभएको कुरा पनि गल्तीमा थप्नुपर्ने भयो।

५.८. **शतसाहस्र्याः प्रज्ञापारमितायाः प्रथमः खण्ड परिसमाप्ता** भनी पाठ सच्चिएकोले § ५ का १-७ पङ्क्ति = ९१-९२ अब यसरी सच्चिएको छ-

> *शतसाहस्रिका प्रज्ञापारमिता* ७२ परिवर्तमा बाँडिएको छ। यसका अहिलेसम्म १४ परिवर्त मात्र प्रकाशित छन्। इटुंबहालको यस *शतसाहस्रिका प्रज्ञापारमिता*को अघिल्लो पुष्पिकामा **शतसाहस्र्याः प्रज्ञापारमितायाः प्रथमः खण्ड परिसमाप्ता ॥ ॥** भनी लेखिएकोले यस पुस्तकमा प्रथम खण्ड अर्थात् १२ परिवर्तसम्म भएको देखिन्छ।

५.९. ४७८ पत्रको ७ पङ्क्तिमा **शनि** नभई **शत्रि** भएकोले § २८ को पहिलो कण्डिका = २३५-२३६ अब यसरी सच्चिएको छ-

> यस पुष्पिकामा **श्रीभास्करदेवसंस्कारित** र **श्रीकेशवचन्द्रकृतमहाविहार**को बीचमा **शत्रि** पद आएको छ। यसभन्दा पछिका अभिलेखमा यही ठाउँमा कहीँ **शत्र** र कहीँ **सत्र** आएको छ। **शत्रि, शत्र** वा **सत्र**ले के बुझाएको हो, म भन्न सक्दिनँ।

५.१०. मैले अघिबाट **वज्राचार्य** पढेकोमा (महेशराज पन्त २०६९: § मूलको ७ पङ्क्ति = १८८) मैले छापेको फोटेमा **वदाचार्य** देखिएकोले प्रतापमान शाक्यको भनाइको पछि लागी **वदाचार्य पाठ मान्दा मान्दै अर्थ भने चिन्त्य छ भनी अन्त्यमा भन्नुपरेको छ** भनी मैले संशोधन गरें (महेशराज पन्त २०६९ क: § ६ = ४४५-४४६)। तर अहिले राष्ट्रिय अभिलेखालयले खिँचेको फोटेमा **वज्राचार्य** स्पष्ट देखिएकोले त्यो संशोधन बदर गरिएको छ। फोटे राम्रो नआउँदा कतिसम्म भ्रम पर्दो रहेछ भन्ने कुराको यो राम्रो उदाहरण हो।

६. यही *प्रज्ञापारमिता*सँगै एउटै बासामा बेरिएर आएको, भोटे लिपिमा लेखिएको, केही पत्रको लेखोट पुस्तकको पहिलो पत्रको माथिल्लो किनारामा नेवारी लिपिले यस्तो लेखिएको छ–

> **१ सम्वत् ४७८ भाईवशुद्धि १० लक्षाभगवतीस शंपूर्ण्ण दिवस शकसंवच्छल मसेयाव नेपालसंवच्छलन पिंकास्यं ता जुरो९ ।**

यही *प्रज्ञापारमिता*को पुष्पिकाको अन्तिम वाक्य र यो वाक्य मूलत: उही हो भन्ने स्पष्ट छ। कहीं कहीं वर्णविन्यासमा फरक परेको छोड्दा खास फरक **संत्कृतसंवच्छल**लाई **शकसंवच्छल** भनेको मात्र हो। **शकसंवत्** गद्य र पद्य दुवैमा यही पुष्पिकामा दिइसकेकोले **शकसंवत् थाहा नपाएर नेपालसंवत्मा लेखियो** भनी भन्नाको केही तुक छैन। यही *प्रज्ञापारमिता*बाट यो वाक्य सार्दा **संत्कृतसंवच्छल** नबुझेकोले **शकसंवच्छल** मात्र लेखेको देखिन्छ।

७. § १९ = १९७-१९९ को तेस्रो कण्डिका यस्तो हुन्छ–

त्यसपछि शार्दूलविक्रीडितमा लेखिएका २ पद्य आउँछन्। पहिलो पूरै पद्य राजा पुण्य मल्लको प्रशंसामा छ। उनलाई त्यहाँ **पृथ्वीमा प्रख्यात (प्रख्यातो भुवि)**, **राजाहरूका अग्रणी (पृथ्वीभुजामग्रणी:)**, **सुर्त्याइँ र उदारताको गुणले पृथ्वीलाई ज्यादै नाघेको (शौर्य्योदार्यगुणातिलंघितमही)**, **पृथ्वीका पति (क्षमावल्लभ:)** विशेषण लगाइएका छन्। दोस्रो पद्यचाहिँ उनका छोरा, **दीपमालाका पति (श्रीदीपमालाप्रिय:)** पृथ्वी मल्लको प्रशंसामा छ। उनलाई त्यहाँ **राजाहरूका शिरका श्रीपेचका जवाहिरातको चहकले चरणकमल रङ्गिएका (क्षमापतिशिरश्रेणीकिरीटेज्वलं माणिक्यद्युतिरजिताघ्रिकमलो)**, **पृथ्वीका मालिक (भुवो नायक:)**, **शास्त्रहरूको परमार्थ जानेका (शास्त्राणां परमार्थवित्)**, **अरूको हित गर्न सँधै लागेका (परहित कतु प्रवृत्त: सदा)** जस्ता विशेषण लगाइएका छन्।

८. § १९ = १९८ को दोस्रो कण्डिकाको चौथो पङ्क्तिमा **समग्लानां**को ठाउँमा **समस्तानां** गर्नुपर्छ। त्यही कण्डिकाको अन्तिम वाक्यको ठाउँमा यस्तो वाक्य बस्छ–

> पारावतविहारका प्रभुणाभले सुनका अक्षरले *लक्षाभगवतीग्रन्थ* अर्थात् *शतसाहस्रिका प्रज्ञापारमिता*को पहिलो खण्ड सारे भन्ने कुरा तेस्रो पद्यमा छ।

९. § १९ = १९८ को पाँचौं कण्डिका अब यस्तो हुन्छ–

> यसपछि अनुष्टुभ्का ४ पद्य लगालग आउँछन्। यहाँ पहिलो पद्यका तेस्रो र चौथो पाउ **भिक्षुश्रीवज्र-भेनाचैर्लिखिता परमेश्वरी** भएकोले लेख्दा वर्णविपर्ययसमेत भएको देखिन्छ। यसैले यसलाई **भिक्षुश्रीवज्र-**

नाभाद्यैर्लिखिता परमेश्वरी भनी सच्याउँदा अर्थ स्पष्ट हुन्छ। संसारमा प्रख्यात स्यंजास्थानमा बस्नेहरूले भिक्षु श्रीवज्रनाभ आदिद्वारा **परमेश्वरी** अर्थात् *शतसाहस्रिका प्रज्ञापारमिता* सार्न लगाइयो भनी पहिलो पद्यमा लेखिएको छ।

१०. § १९ = १९९ को पहिलो कण्डिकाको पहिलोदेखि तेस्रो पङ्क्तिसम्मको वाक्य यस्तो हुन्छ–

श्रीकोलिग्राममा पर्ने; श्रीभास्करदेवद्वारा संस्कारित, केशवचन्द्रले बनाएको महाविहारमा बस्ने, शाक्यभिक्षु वज्राचार्य श्रीराजब्रह्मश्री नाम भएका र उनकी ज्योतिर्लक्ष्मी नाम भएकी पत्नीले छोरानातिसहित भई खास गरी सुवर्णप्रणालीको नवगृहस्थानका पथमचन्द नाउँ भएका गुरु र [अरू] उपाध्यायलगायत सबै प्राणीको अनुत्तरज्ञानफलप्राप्तिको लागि यो दान गरिएको हो भनी त्यहाँ लेखिएको छ।

११. इटुंबहालको *प्रज्ञापारमिता*सम्बन्धी मेरो लेख (महेशराज पन्त २०६९) पढेपछि लेखिएको लेख (काशीनाथ तमोट २०६९)को प्रतिवाद पनि यसै प्रसङ्गमा गर्नुपरेको छ। खसदेशमा कहिल्यै नचलेको नेपालसंवत् खसदेशमा चलेको थियो भन्ने भ्रम फैलाउने दुराशय त्यस लेखको मुख्य विषय भएकोले त्यसको शीर्षक *खसदेशय् नेपालसंवत*[४]*या छ्यला* अर्थात् खसदेशमा नेपालसंवत्को प्रयोग भनी हालेको देखिन्छ। इटुंबहालको *प्रज्ञापारमिता*सम्बन्धी मेरो त्यो लेख निस्केको झण्डै साढे ६ महीनापछि छापिएको, त्यस लेखमा उठाइएका कुराको बुँदाबुँदाको प्रतिवाद अब गरिन्छ।

११.१. **महेशराज पन्तजुं मसियाव(*यात 'मसिङाव' व नेपालभाषाया अधिकरण (सप्तमी) प्रत्यय सं(*यात संस्कृत उपसर्गतायेक्व: गबलें ब्यागलं, गबलें 'कृतसंवच्छल' नाप स्वाना: न्ह्यथनादीगु दु। 'मसिङाव'या आत्म(*संशोधन वयक्‌ल पूर्णिमा १३६ (वि.सं. २०६९ आश्विन, पृ. ४४५) स यानादीगु दु।**

(काशीनाथ तमोट २०६९: २)

(महेशराज पन्तज्यूले मसियावलाई मसिङाव र नेवारीको अधिकरण (सप्तमी) प्रत्यय संलाई संस्कृत उपसर्ग ठानेर कहिले अलग्गै कहिले कृतसंवच्छलसँग जोडेर राख्नुभएको छ। मसिङावको आत्मसंशोधन उहाँले १३६ *पूर्णिमा* (वि.सं. २०६९ आश्विन, ४४५ पृष्ठ)मा गर्नुभएको छ।)

११.१.१. इटुंबहालको *प्रज्ञापारमिता*को पुष्पिकाको पाठ दिँदा मैले (महेशराज पन्त २०६९: § १०, मूलको ९ पङ्क्ति = १८८) एक अंशको पाठ यस्तो

सम्वत् ४७८ भादवशुद्धि १० लक्षाभगवति संपूर्ण्ण दिवस सं कृतसंवच्छल मसियाव, नेपालसंवच्छलन पिकास्यं तया ।। जुरो ।।

पढेकोमा काशीनाथ तमोटले **मसिङाव** होइन, **मसियाव** हो भनी कोठे गफ गरेर हिंडेको थाहा पाएपछि फोटोसँग रुजू गरी उनलाई धन्यवादसमेत दिई त्यसको संशोधन गरेको हुँ (महेशराज पन्त २०६९ क: ४६६)। **दिवस**पछिको

४. यस लेखमा जहाँ जहाँ यस्तो *चिह्न दिइएको छ, त्यसको अर्थ त्यो अशुद्ध लेखाइ वा छपाइ जस्ताकोतस्तै सारिएको भन्ने हो।

सं कहीँ जोडेर र कहीँ छुट्ट्याएर महेशराज पन्तले छपाएका छन्, त्यो **सं** अधिकरण कारक अर्थात् सप्तमी विभक्ति माको अर्थमा आएको हो भनी काशीनाथ तमोटले लेखेकोमा केही भन्नु छ ।

यस वाक्यको विन्यास हेर्दाखेरि संको सम्बन्ध त्यसभन्दा अगाडिको **दिवस**सँग छ जस्तो लाग्दैन । **सम्वत् ४७८ भादवशुद्धि १० लक्षाभगवति संपूर्ण्ण दिवस**को शब्दशब्दको अर्थ गर्दा **संवत् ४७८ भाद्रशुदि १० लक्षाभगवती पूरा भएको दिन** हुन्छ । दण्ड नहाले पनि यतिमै यो वाक्य टुङ्गिएको छ । यसपछि यस पुष्पिकामा मैले पहिले पढेअनुसार यस्तो **सं कृतसंवच्छल मसियाव ॱ नेपालसंवच्छलन पिकास्यं तया ।। जुरो ।।** लेखिएकोले सबभन्दा अगाडि मैले मूल पाठ दिँदा **सं कृतसंवच्छल** (महेशराज पन्त २०६९: § १०, मूलको ९ पङ्क्ति = १८८) गरी दिएको हुँ र त्यसको व्याख्या गर्ने प्रसङ्गमा **सं** र **कृतसंवच्छल** जोडी **संकृतसंवच्छल** लेखी **संले संवत्**को आद्याक्षर बुझाएको भन्ने अर्थ गरेको हुँ (उही: § २०.२, ३ कण्डिका = २००)।

राष्ट्रिय अभिलेखालयले त्यस *प्रज्ञापारमिता*को खिँचेको फोटोमा **संकृत** होइन, दोस्रो अक्षर संयुक्ताक्षर भएको स्पष्ट देखिन्छ र त्यसलाई **त्कृ** पढ्न सकिन्छ । तर **संत्कृत**को अर्थ नभएकोले **विक्रमसंवत्**को पुरानो नाउँ **कृत°**को अर्थ नलाग्दा **कृत**को अगाडि **संस्** थपेको र त्यसको ठाउँमा **संत्कृ** लेख्न पुगी **संत्कृत** हुन गएको हो कि जस्तो मलाई लागेको छ ।

मैले यस विषयमा सबभन्दा पहिले लेख्दा यो **सं** उपसर्गको रूपमा नआई **संवत्**को आद्याक्षरको रूपमा आएको हो भनी लेखिसकेको कुरा (उही: § २०.२ = १९९-२००) याद नगरी काशीनाथ तमोटले यस **सं**लाई महेशराज पन्तले उपसर्ग मानेको भनी लेखेको कुरा कत्ति पनि मिल्दैन ।

अहिले राष्ट्रिय अभिलेखालयले खिँचेको फोटोबाट पाठ **संत्कृत** जस्तो देखिएकोले **सम्** उपसर्ग लागेको **कृ** धातु **सुट् (स्)** आगम भई **संस्कृत** शब्द बनेकोले **विक्रमसंवत्**लाई बुझाउने **कृतसंवत्सर**मा सुडागमसहितको सम् उपसर्ग लागेको देखिन गएको छ ।

११.२. न्ह्यथना: प्रज्ञापारमिताय् नेपालसंवत* व नेपालभाषा छ्य:गु अर्थपूर्ण जू । थुकिया कारण उकी 'कृतसंवच्छल मसियाव' धयातल । थुकिं ने.सं. ४७८ (ई.१३५८/वि.सं. १४१५) यंलातक खसदेशय् कृत (विक्रम) संवत्या ज्ञान मदुगु संकेत या: । ध्वयां लिपा अन शकसंवत* नापं विक्रमसंवत* नं छ्यल । न्ह्यथना अन्तिम वाक्यय् शुरुइ "सम्वत्' च्वया: हाकनं क्वय् ध्वाथुइक 'नेपालसंवच्छल' च्वयातल ।

(काशीनाथ तमोट २०६९: २)

(प्रस्तुत *प्रज्ञापारमिता*मा नेपालसंवत् र नेवारी भाषाको प्रयोग भएकोको पूरा अर्थ छ । यसको कारण त्यसमा कृतसंवच्छल मसियाव भनेको छ । यसले ने.सं. ४७८ (ई.सं. १३५८, वि.सं. १४१५) भाद्रसम्म खसदेशमा कृत (विक्रम)संवत्को ज्ञान नभएको संकेत गरेको छ । यसपछि त्यहाँ शकसंवत्सँगै विक्रमसंवत्को पनि प्रयोग भयो । प्रस्तुत अन्तिम वाक्यको शुरूमा संवत् लेखेर तल बुझ्ने गरी फेरि नेपालसंवत् लेखिएको छ ।)

ने.सं. ४७८ (वि.सं. १४१५) भाद्रसम्म खसदेशमा विक्रमसंवत्को ज्ञान थिएन, त्यसपछि मात्र त्यहाँ विक्रमसंवत्को पनि चलनचल्ती भयो भन्ने कुरा माथि उद्धृत लेखाइबाट आउँछ । यो *प्रज्ञापारमिता*भन्दा अढाइ महीना

जतिपछिको यिनै राजा पृथ्वी मल्लको ताम्रपत्रमा **श्रीशाके १२८० श्रीसंवत् १४१५ मार्गशिरवदि १३ सोमे** (नरहरिनाथ २०१३: ६९-७०) भनी शकसंवत् र विक्रमसंवत् दुवैमा मिति दिइएकोले इवाट्ट हेर्दा यो भनाइ ठीक जस्तो देखिन्छ । तर राजा निरयपालको ताम्रपत्रमा **श्रीशाके १२३४ संवत् १३६९ वैसाषमासे । कृष्णपक्षे एकादस्यां तिथौ । उत्तराषाढानक्षेत्रे रविवासरे** (मोहनप्रसाद खनाल २०६८: ६ संख्या = ३२, ३४)[५] भनी यस *प्रज्ञापारमिता*भन्दा ४६ वर्षअगाडिकै लेखमा शकसंवत् र विक्रमसंवत् दुवैमा मिति दिइएकोले यो तर्क ठीक देखिँदैन । कुरा कतिसम्म हो भने शकसंवत्को व्यापक प्रयोग भएको खसदेशमा विक्रमसंवत् नौलो भने थिएन, यसको प्रयोग आकलझुकल हुने गर्थ्यो ।

११.३. **खयत ला थन नेपालसंवत* व नेपालभाषाया छ्यलाः यँ कोलिग्राम (थःने)या भास्करदेवसंस्कारित केशवचन्द्रकृत महाविहार (इतुंबहाल)य् च्वंम्ह शाक्यभिक्षु(*वज्राचार्य राजब्रह्मश्रीया लँक्यनाय् पारावतविहार ('बखुंबहाः' इतुंबहाल)या हे प्रभुनाभं लुँ व वह आखलं ल्ह्यःगु प्रज्ञापारमिताय् वःगु खः । तर बौ(*काय् खस जुजुया प्रशस्ति न्ह्यथनाः थुगु सफू नागरी लिपिं खसदेशया राजधानी सेञ्जापुरी च्वनाः च्वःगु खः । थुकिं खसदेशय् झिंप्यंगू शदी नेपालसंवत* व नेपालभाषाया ज्ञान दुगु खँ क्यं ।**

(काशीनाथ तमोट २०६९: २)

(हुन त यहाँ नेपालसंवत् र नेवारीको प्रयोग काठमाडौँ कोलिग्राम (माथिल्लो टेल)को भास्करदेवसंस्कारित-केशवचन्द्रकृतमहाविहार (इटुंबहाल)मा बस्ने शाक्यभिक्षुवज्राचार्य राजब्रह्मश्रीको निर्देशले पारावतविहार ('परेवाबहाल' इटुंबहाल)का नै प्रभुनाभले सुन र चाँदीको अक्षरले सारेको *प्रज्ञापारमिता*मा आएको हो । तर बाबुछोरा खस राजाको प्रशस्ति प्रस्तुत गरेर यो पुस्तक नागरी लिपिले खसदेशको राजधानी सेञ्जापुरीमा बसेर लेखेको हो । यसले खसदेशमा चौधौँ शताब्दीमा नेपालसंवत् र नेवारीको ज्ञान भएको कुरा देखाउँछ ।)

काठमाडौँ इटुंबहालका भिक्षुले सिंजामा बसी सारेको यस पुस्तकको पुष्पिकामा नेपालसंवत् र नेवारीको प्रयोग हुनुको कारण सार्ने भिक्षु र ती भिक्षुभन्दा माथिका शाक्यभिक्षु-वज्राचार्य राजब्रह्मश्री पनि इटुंबहालकै हुनु हो, खसदेशमा नेपालसंवत् र नेवारी भाषाको प्रचार भएर होइन ।

११.४. **छगू अजूचायापूगु खँ खः (पुष्पिकाय् ल्याग्वलं विमादिवर्ष (शकसंवत*) १२८० उल्लेख यानाः, हाकनं खँग्वः ल्यांखं 'नभोष्टभास्वद् गणनीयशाके' (नभ ०, अष्ट ८, भास्वद् १२ शाके ल्याः) च्वयाः नं अन्तय् नेपालसंवत* छ्यलातल । थन शकसंवत दक्षिण एशियाय् परम्पराकथं व नेपालसंवत* ब्यावहारिक* परम्पराकथं छ्यःगु जुइफु ।**

मेगु अजूचायापूगु खँ दु (*'पिकास्यं तया जुरो' धाःगु । न्ह्यथना प्रज्ञापारमिता फुकं संस्कृतं च्वयातःगु दु । थुकी न नेपालभाषा हिला दु, न निर्देशन वाक्य दु । थुपिं दुथाय् छ्यलीगु खँत्वाः थन छ्यलातल । थन 'पिकयातःगु जुल'या अथं केवल नेपालसंवतं कनाच्वना धाःगु जुल । नेपालसंवत* ब्व च्वय्

५. यस ताम्रपत्रको त्यही पुस्तकमा छापिएको फ्याक्सिमिलिसँग रुजू गरी माथि पाठ दिइएको छ ।

न्ह्यथना (४७८ लि ४) वर्ष (श.सं. १२८० = ने.सं. ४७८), मास (नभस्त = भादव), पक्ष (वलक्ष 'त्व्यु' = शुद्धि) व तिथि (दशमी = १०)या लिसा जक खः ।

[...]

थौँकन्हय् नेपाल अधिराज्य* दुने हे लाःगु खसदेश (जुम्ला)य् नेपालसंवत* छ्यलं छु न्हू खँ जुल धकाः सुनानं तायेकेफु । शुरु मध्यकालय् नेपालमण्डल, खसदेश, तिर्हत व किरात ब्यागलं ब्यागलं देय् खः । लिपा थुकी दुने अनेक राज्य खनेदत । मूलरुपं* नेपालमण्डलय् छ्यलीगु नेपालसंवत* व नेपालभाषा खसदेशय् छ्यःगु अर्नतदेशीय* प्रयोग जुल । नेपालसंवत* भिंप्यंगू शदी खसदेशय् तकं लोकह्वाःगु खनेदत ।

(काशीनाथ तमोट २०६९: २)

(एउटा आश्चर्यलाग्दो कुरा हो, पुष्पिकामा अङ्कबाट विमादिवर्ष (शकसंवत्) १२८० उल्लेख गरेर फेरि शब्दको हिसाबले नभोष्टभास्वद्गणनीयशाके (नभ ०, अष्ट ८, भास्वद् १२ शाकेसङ्ख्या) लेखेर पनि अन्त्यमा नेपालसंवत्को प्रयोग गरिनु । यहाँ शकसंवत् दक्षिण एशियाको परम्पराअनुसार र नेपालसंवत् व्यावहारिक परम्पराअनुसार प्रयोग गरेको हुनुपर्छ ।

अर्को आश्चर्यलाग्दो कुरा हो, पिकास्यं तया जुरो भनेको । प्रस्तुत *प्रज्ञापारमिता* सबै संस्कृतमा लेखिएको छ । यसमा न नेवारीमा उल्था गरिएको छ, न निर्देशनवाक्य छ । यी भएको ठाउँमा प्रयोग हुने शब्द यहाँ प्रयोग भएको छ । यहाँ झिकेर राखेको भयोको अर्थ खालि नेपालसंवत्ले देखाइरहेको भन्ने भयो । नेपालसंवत्को भाग माथि प्रस्तुत (४७८ लि ४) वर्ष (श.सं. १२८०-ने.सं. ४७८), मास (नभस्त - भादव), पक्ष (वलक्ष 'सेतो' - शुद्धि) र तिथि (दशमी - १०)को थपुवा मात्र हो ।

आजभोलि नेपाल आधिराज्यभित्र नै परेको खसदेश (जुम्ला)मा नेपालसंवत्को प्रयोग भएकोमा के नयाँ कुरा भयो भंनी कसैले ठान्न सक्छ । मध्यकालको शुरूमा नेपालमण्डल, खसदेश, तिरहुत र किरात बेग्लाबेग्लै देश थिए । पछि यसभित्र अनेक राज्य देखिए । मूल रूपले नेपालमण्डलमा प्रयोग भएका नेपालसंवत् र नेवारी खसदेशमा प्रयोग भएको हुँदा देश बाहिर प्रयोग भयो । नेपालसंवत् चौधौँ शताब्दीमा खसदेशसम्म लोकप्रिय भएको देखियो ।)

नेपालसंवत्को प्रयोग माथि § ११.३ मा भने जस्तै नेवारहरूले *प्रज्ञापारमिता*को त्यो पुस्तक सारेकाले राखिएको हो, अरू कारणले होइन । यो एउटा कुराबाट नेपालसंवत् खसदेशमा चलेको थियो भनी भन्न सकिँदैन । सार्ने मान्छेले आफ्नो संवत् र आफ्नो भाषाको प्रयोग गरेको मात्र हो, कुरा यति मात्र हो ।

११.५. न्ह्यथना प्रज्ञापारमिताया पुष्पिकाय् नेपालमण्डलयात ब्यागलं देशया रुपय् भचा हेस्यायकथं 'विषया नयपाल' (नेपाल विषय) धयातःगु दु । विषय खँग्वलं नेपालमण्डल दुने जिल्ला, प्रदेश वा प्रान्त थुइ, तर विशेष अवस्थाय् थुकिया अर्थ 'देश' नं थुइ । खस जुजु पुण्य मल्लं (ई. १३२८(*३७) ला

नेपालनापं १५ गू देय्यात करदीकृत (कर पुइकात:गु) धका: तकं थ:गु कनकपत्रय् (लुँपती) फुँइ याना: च्वयात:गु दु । (अधिकारी, १९९६:५०) मेखे, संशोधन मण्डलया इतिहासकारतय्सं खसदेश नेपालमण्डलया 'रजौट्य' जक नाली व उगु देशं 'विद्रोह याना: नेपालमण्डलया जुजुया 'हैकम' नालामच्वंगु तायेकी ।

(*पूर्णिमा* १३४:२५३/सेक्सन ३८) इमि, खासयाना: संशोधन (अभियन्ता नयराज पन्त (ई. १९१३ (*२००२) जुया विचा:कथं भारतया सम्राट् समुद्रगुप्तं (ई. ३३०(*३७५) थ:म्ह कवि हरिषेणं च्वछायेका: च्वयात:गु प्रयागया स्तम्भलेखय् थ:गु उजं नालीपिं प्रत्यन्त (सीमा) देशया नां कनेगु झ्वलय् कामरुप* (आसाम) व कर्तृपुर (कुमाउँ, आदि) या दथुइ नेपालया नां बियात:गुलिं नेपाल अबलेनिसें हे थौँया ति हे त:धं धैगु मान्यता तइ । थ्व अजूचायापूगु परिकल्पनायात इमिसं नेपालमण्डलया 'एकीकृति'* (छस्वा) तायेकी व पृथ्वीनारायण शाह (ई. १७६८(*७५)या गोरखाराज्य विर्तार*यात 'पुन: एकीकरण' (हाकनं छस्वा) धका: ब्याख्या* यानावयाच्वंगु दु ।

(काशीनाथ तमोट २०६९: २)

(प्रस्तुत *प्रज्ञापारमिता*को पुष्पिकामा नेपालमण्डललाई बेग्लै देशको रूपमा केही हेपे जस्तै गरेर 'विषया नयपाल' (नेपालविषय) भनेको छ । विषय शब्दले नेपालमण्डलभित्र जिल्ला, प्रदेश वा प्रान्त बुझिन्छ, तर विशेष अवस्थामा यसको अर्थ 'देश' पनि बुझिन्छ । खस राजा पुण्य मल्लले (ई. १३२८-३७) त नेपालसँगै १५ वटा देशलाई करदीकृत (कर तिराई राखेको) भन्नेसम्म आफ्नो कनकपत्रमा फुइँ गरेर लेखेका छन् (सूर्यमणि अधिकारी, *पश्चिम नेपालको खश अधिराज्य*, २०५३: ५०) । अर्कोतर्फबाट, संशोधन-मण्डलका ऐतिहासिकहरूले खसदेश नेपालमण्डलको रजौटा मात्र भनी स्वीकार्छ र त्यस देशले विद्रोह गरेर नेपालमण्डलका राजाको हैकम नसकारेको बुझिन्छ (*पूर्णिमा* १३४: २५३ - ३८ अनुच्छेद) । उनीहरू, खास गरी संशोधनका प्रवर्तक नयराज पन्तज्यू (वि.सं. १९७०-२०५९)को विचारअनुसार भारतका सम्राट् समुद्रगुप्त (वि.सं. ३८७-४३२)ले आफ्ना कवि हरिषेणले सम्मान गरीकन लेखेर राखेको प्रयागको स्तम्भलेखमा आफ्नो आदेश मान्ने प्रत्यन्त (सीमा) देशहरूको नाउँ भन्ने क्रममा कामरूप (आसाम) र कर्तृपुर (कुमाउँ आदि)को बीचमा नेपालको नाम दिएकोले नेपाल त्यसवेलादेखि नै आजको जस्तै नै ठूलो छ भन्ने मान्यता राख्छ । यो आश्चर्यलाग्दो परिकल्पनालाई उनीहरूले नेपालमण्डल एकीकृत (एउटै बनाएको) ठानेको र पृथ्वीनारायण शाह (वि.सं. १८२५-३१)को गोरखाराज्यविस्तारलाई पुनरेकीकरण (फेरि एउटै बनाउनु) भनी व्याख्या गरिरहेको छ ।)

नेपालको विशालता प्रमाणबाट सिद्ध छ, यसैले खसदेश नेपालभित्र पर्नेमा सन्देह छैन । यसमा क्रमभङ्ग कहिलेदेखि हुन थाल्यो, त्यसको ठीक ज्ञान हामीलाई छैन । यस कारण काशीनाथ तमोटले संशोधन-मण्डलको भनाइ भनी माथि लेखेको कुरामा हाम्रो निष्कर्ष ठीकसँग प्रतिविम्बित छैन । त्यसमाथि हाम्रो त्यस्तो भनाइ भनी उनले जुन प्रमाण अघि सारेका छन्, त्यो पनि आग्राको कुरा गाग्रामा हुन गएको छ । **यो *शतसाहस्रिका***

प्रज्ञापारमिता सारिंदा यहाँ राजदेव गद्दीमा बसिरहेका भए पनि यहाँका ठाउँठाउँका रजौटाले विद्रोह गरेकाले उनको हैकम त्यति चल्न नसकेकोले होला, राजब्रह्मश्रीले आफ्ना राजाका नाउँ लेख्न जरूरत नसम्झेको (महेशराज पन्त २०६९: § ३८ = २५३) भनी मैले लेखेको त नेपालखाल्डोभित्रकै रजौटाले विद्रोह गरेको कुरा सम्झेको हो। जुन वेला यो *प्रज्ञापारमिता* सारियो, त्यस वेला यहाँका नेवार राजाहरूले नुवाकोटसम्म अँठ्याउनुमा नै गौरव मान्ने भएकोले अखण्डित नेपालको जमानालाई मैले सम्झेको होइन।

११.६. महेशराज पन्तजु इतुंबहालया प्रज्ञापारमिता खस जुजु पृथ्वी मल्लं वा वयकलं सःतुम्ह बौद्ध अग्रणी विद्वान* राजब्रह्मश्री* सुनां देछाःगु खः धैगु खाय् दोमनय् लानाच्वंगु दु। वयकलं थः पाहांयात हनाबनाकथं दाता दयेकूगु ('आङ्घना* पाहुनालाई शिष्यचारवश दाता बनाएको') तायेकादीगु दु। (पृ. २४४) तर पुष्पिका ब्वनेबले खा अथे मखु थें च्वं। खस जुजु पृथ्वी मल्लं नेपाल विषयं (देशं) जिनशासन(आचार्यराजब्रह्म*श्रीयात सःतुगु व वयकःया ला क्यनाय् प्रज्ञापारमिता च्वकेब्यूगु (व्यलीलिखद्) खा* स्प्रष्ट* जू। ग्रन्थ ल्हयःपिं* निम्ह दु- पारावत विहार (इतुंबहाल, यो*)या प्रभुनाभ व सेंजा (सिर्जा, जुम्ला या भिक्षु वज्रनाभ।

छगू ग्रन्थ निम्हसिनं ल्हयःगु* तर्कयाये फुसां थन च्वया शैली स्वयेबले निम्हसिनं निगू सफू ल्हयःगु* सीदु। खस जुजुं पृथ्वी मल्लं च्वकेब्यूगु भिक्षु वज्रनाभं ल्हयःगु* प्रति थःगु राज्यय् वा मेथाय् गनं देछाःगु जुइमाः व शाक्यभिक्षु(*वज्राचार्यराजब्रह्म*श्री च्वकेब्यूगु प्रभुनाभं ल्हयःगु* प्रति इतुंबहालय् दुगु 'लक्षाभगवतीग्रन्थ' खः। प्रज्ञापारमिता ग्रन्थ ल्हय*याच्वंबले जुजु पृथ्वी मल्लं राजधानी सेञ्जाया प्रजातय्के लु* व वह म्हःगु सीदु व उकिया छुमां पुष्पिकाय् ध्वबाया वाः गायेकाः ('द्रविनांबुवषा') व च्वःगु खा न्ह्यथनातःगु दु। जुजुपाखें माक्व नजराना ल्हातय् लाःगु व जनतापाखें आपालं लु* व वह मुंवःगुलिं परमधार्मिक राजब्रह्म*श्री ब्यागलं प्रज्ञापारमिता च्वकेबिल व थः जहान ज्योतिलक्ष्मी, काय्, छय्पिं जानाः इतुंबहालय् शतसाहश्रिका* प्रज्ञापारमिता (परिवर्त १(* ८) देछात। थ्व प्रबुद्ध शाक्य(*वज्राचार्यपिनि गनं विशेष आम्दानी जुलधाःसा सत्व(* उपकारक (प्राणीपिनि भिनीगु) ज्या यायेगु विशेषता हे खः। थ्व थौंकन्हय् छगू सिरपाः लाःम्हेसिनं उगु हे राशिं मेगु सिरपाः स्वं थें खः।

(काशीनाथ तमोट २०६९: ४)

(इटुंबहालको *प्रज्ञापारमिता* खस राजा पृथ्वी मल्लले वा उनले बोलाएका बौद्ध अग्रणी विद्वान् राजब्रह्मश्रीमध्ये कसले चढाएको हो भन्ने कुरामा महेशराज पन्तज्यू दोमनमा परिरहनुभएको छ। आफ्ना पाहुनालाई सत्कार गरेअनुसार दाता बनाएको (आफ्ना पाहुनालाई शिष्यचारवश दाता बनाएको) भनी उहाँले ठान्नुभएको छ (२४४ पृ.)। तर पुष्पिका पढ्दाखेरि कुरा त्यस्तो होइन जस्तो लाग्छ। खस राजा पृथ्वी मल्लले नेपालविषयबाट (देशबाट) जिनशासन-आचार्य राजब्रह्मश्रीलाई बोलाएको र उनको निर्देशमा *प्रज्ञापारमिता* लेखाएको (व्यलीलिखद्) कुरा स्पष्ट हुन्छ। ग्रन्थ सार्ने २ जना छन् (पारावतविहार (काठमाडौं, इटुंबहाल)का प्रभुनाभ र सेंजा (सिर्जा, जुम्ला)का भिक्षु वज्रनाभ।

एठ्य ग्रन्थ २ जनाले सारेको तर्क गर्न सकिए तापनि यहाँ लेखेको शैली हेर्दाखेरि २ जनाले २ वय पुस्तक सारेको थाहा हुन्छ। खस राजा पृथ्वी मल्लले लेख्न लगाएको, भिक्षु वज्रनाभले सारेको प्रति आफ्नो राज्यमा अन्त कतै चढाएको हुनुपर्छ र शाक्यभिक्षु-वज्राचार्य राजब्रह्मश्रीले लेख्न लगाएको प्रभुनाभले सारेको प्रति इटुंबहालमा भएको 'लक्षाभगवतीग्रन्थ' हो। *प्रज्ञापारमिता* ग्रन्थ सारिराख्दा खेरि राजा पृथ्वी मल्लले राजधानी सेञ्जाका प्रजाहरूसँग सुन र चाँदी असूल गरेको थाहा हुन्छ र यसको सङ्केत पुष्पिकामा पैसाको वर्षा (द्रविनांबुवषा) र लेखेको कुरा प्रस्तुत छ। राजाबाट प्रशस्त नजराना हातमा परेको र जनताबाट थुप्रै सुन र चाँदी जम्मा हुन आएकोले परमधार्मिक राजब्रह्मश्रीले बेग्लै *प्रज्ञापारमिता* लेख्न लगाए र आफ्नी जहान ज्योतिलक्ष्मी, छोरा, नातिहरू गरी इटुंबहालमा *शतसाहस्रिका प्रज्ञापारमिता* (१-८ परिवर्त) चढाए। यी प्रबुद्ध शाक्य-वज्राचार्यहरूको कताबाट विशेष आम्दानी भयो भने सत्त्व-उपकारक (प्राणीहरूको राम्रो हुने) काम गर्ने विशेषता नै हो। यो आजभोलि एठ्य पारितोषिक पाउनेले त्यही राशिले अर्को पारितोषिक राख्ने जस्तै हो।)

राजब्रह्मश्रीलाई पृथ्वी मल्लले किन बोलाएको भन्ने कुरा यहाँ स्पष्ट छैन। राजब्रह्मश्रीको कुरा लेखेको लगत्तै इटुंबहालका प्रभुणाभले *शतसाहस्रिका प्रज्ञापारमिता* सारे भनी यहाँ लेखिएको र अर्को पङ्क्तिमा सिजालीहरूले भिक्षु वज्रणाभद्वारा *शतसाहस्रिका प्रज्ञापारमिता* सार्न लगाए भनी यहाँ लेखिएकोले राजब्रह्मश्रीको मातहतमा प्रभुणाभ र वज्रणाभले मिलेर यो *शतसाहस्रिका प्रज्ञापारमिता* सारेका हुन् कि जस्तो यताबाट देखिन गएको छ (महेशराज पन्त २०६९: § ३०.१ = २४३) **र पृथ्वी मल्लले इटुंबहालका राजब्रह्मश्रीलाई आफूकहाँ बोलाएको र इटुंबहालकै लेखकले *शतसाहस्रिका प्रज्ञापारमिता* सारेकोबाट यस सरोटमा द्रविणाम्बुवर्षा पृथ्वी मल्लले गरे पनि उनले आफू दाता नभई काठमाडौँदेखि आफूले झिकाएका आफ्ना पाहुनालाई शिष्यचारवश दाता बनाएको यस लेखाइबाट मैले बुझेको छु** (महेशराज पन्त २०६९: § ३०.४ = २४४) भनी मैले लेखेकोमा काशीनाथ तमोटले विप्रतिपत्ति उठाएका छन्। इटुंबहालका शाक्यभिक्षु-वज्राचार्य राजब्रह्मश्रीलाई आफूकहाँ बोलाई राजा पृथ्वी मल्ल आफैँले र उनका प्रजाले ती शाक्यभिक्षुलाई प्रशस्त धन दिएकाले त्यही धनबाट उनले आफ्नै बहालका प्रभुणाभलाई सुन र चाँदीको मसीले *शतसाहस्रिका प्रज्ञापारमिता* सार्न लगाएका हुन्, सिंजाका वज्रणाभले चाहिँ *शतसाहस्रिका प्रज्ञापारमिता*को अर्को प्रति सारेका हुन्, ती २ प्रति बेग्लाबेग्लै हुन्, अहिले इटुंबहालमा राखिएको प्रति इटुंबहालका प्रभुणाभले सारेको हो, सिंजाका वज्रणाभले सारेको प्रतिचाहिँ अन्त कतै राखिएको हुनुपर्छ भन्ने तर्क काशीनाथ तमोटको छ। प्रभुणाभ र वज्रणाभले सारेका प्रति भिन्नाभिन्नै भए वज्रणाभको चर्चा यहाँ किन गर्नुपऱ्यो।

अब राष्ट्रिय अभिलेखालयले खिँचेको फोटेबाट स्थितिमा अलिकति परिवर्तन आएको छ। ४७८ पत्रको ५ पङ्क्तिमा भएको तेस्रो श्लोकबाट प्रज्ञापारमिताको यो पुस्तक **वज्रणाभ आदिले (भिक्षुश्रीवज्रनाभाद्यैः)** सारेको भन्ने बुझिन्छ। कुराको छाँटले प्रभुणाभ र वज्रणाभले मिलेर यो पुस्तक सारेको देखिएको छ। यस प्रज्ञापारमिताको पत्रपत्रको परिशीलन गरेको खण्डमा दुइ थरी हस्ताक्षर छुट्ट्याउन सकिएला।

११.७. सर्वविद्याविचक्षण (सकतां विद्या स्यूम्ह) राजब्रह्म*श्रीं परिवार जाना: इतुंबहालय् लक्षाभगवतीग्रन्थ देछा:सां उकिया पाठ याकुम्ह (?) ('विगिद्य') धा:सा सुवर्णप्रणाली (था*हिति)या नवगृह (न:घ:)स च्वंम्ह पथमचन्द ख:।

(काशीनाथ तमोट २०६९: ४)

(सर्वविद्याविचक्षण (सबै विद्या जान्ने) राजब्रह्मश्रीले परिवारसहित इखुंबहालमा *लक्षाभगवतीग्रन्थ* चढाए पनि त्यसको पाठ गराउने (?) (विगिद्य) भने सुवर्णप्रणाली (ठहिटी)को नवगृह (नघल)मा बस्ने पथमचन्द हुन्।)

राजब्रह्मश्रीको परिवार र गुरुको प्रसङ्गमा आएको **विगिद्य** शब्दको अर्थ मलाई लागेको थिएन। काशीनाथ तमोटले केको आधारमा प्रश्नचिह्न हालेर भए पनि त्यसको अर्थ **पाठ गराउने** भनी लेखे। अहिले राष्ट्रिय अभिलेखालयले खिँचेको फोटोबाट **विगिद्य** होइन कि **विशिष्य** पाठ ठहर भएकोले *प्रज्ञापारमिता*को यस पुस्तकको दानबाट **खास गरी (विशिष्य)** आफ्ना गुरु र उपाध्यायलगायत सम्पूर्ण प्राणीलाई अनुत्तरफलप्राप्ति होस् भन्ने अभिप्राय राजब्रह्मश्रीको हो भन्ने स्पष्ट हुन्छ।

यो लेख लेख्दा काम लिइएका साधनको तालिका

काशीनाथ तमोट २०६९

= वि.सं. २०६९ मङ्सीर ११ गते सोमवारको दिन काठमाडौँबाट त्रैलोक्यमान बनेपालीद्वारा प्रकाशित *नेवा: सन्देश* (नेवार-सन्देश) २ वर्ष २ अङ्कका २, ४ पृष्ठमा छापिएको, काशीनाथ तमोटको *खसदेशय् नेपालसंवत*या छ्यला* (खसदेशमा नेपालसंवत्‌को प्रयोग)।

नरहरिनाथ २०१३

= वि.सं. २०१३ मा काठमाडौँबाट इतिहास-प्रकाशक-संघद्वारा प्रकाशित *इतिहास-प्रकाश* २ अङ्क १ भागका ४५-७९ पृष्ठमा छापिएको, नरहरिनाथको *पृथ्वीमल्लदेव* ।

महेशराज पन्त २०६९

= वि.सं. २०६९ मा प्रकाशित *पूर्णिमा* १३४ पूर्णाङ्कका ८७-३५४ पृष्ठमा छापिएको, महेशराज पन्तको *इटुंबहालको प्रज्ञा-पारमिता– खस-नेवारसम्पर्कको नतीजा*।

महेशराज पन्त २०६९ क


= वि.सं. २०६९ मा प्रकाशित *पूर्णिमा* १३६ पूर्णाङ्कका ४४२-४५० पृष्ठमा छापिएको, महेशराज पन्तको *इटुंबहालको प्रज्ञा-पारमितातर्फ फेरि एकपल्ट– आत्मसंशोधन*।

मोहनप्रसाद खनाल २०६८

= वि.सं. २०६८ मा काठमाडौँबाट राइनो पब्लिकेसनद्वारा प्रकाशित मोहनप्रसाद खनालको *नेपाली भाषाका हजार वर्ष*।


शाके १२८० ने.सं. ४७८ (वि.सं. १४१५) भाद्रशुक्लदशमीको दिन सारिसिद्धिएको *शतसाहस्रिका प्रज्ञापारमिता*को ४७७ पृष्ठको पहिलो खण्डको फ्याक्सिमिलि

पुष्पिकाखण्डको पाठ माथि ९६ पृष्ठमा छ ।



शाके १२८० ने.सं. ४७८ (वि.सं. १४१५) भाद्रशुक्लदशमीको दिन सारिसिद्धिएको
***शतसाहस्रिका प्रज्ञापारमिता*को ४७७ पृष्ठको दोस्रो खण्डको फ्याक्सिमिलि**

पुष्पिकाखण्डको पाठ माथि ९६ पृष्ठमा छ ।




शाके १२८० ने.सं. ४७८ (वि.सं. १४१५) भाद्रशुक्लदशमीको दिन सारिसिद्धिएको *शतसाहस्रिका प्रज्ञापारमिताको* ४७७ पृष्ठको तेस्रो खण्डको फ्याक्सिमिलि

पुष्पिकाखण्डको पाठ माथि ९६ पृष्ठमा छ ।

शाके १२८० ने.सं. ४७८ (वि.सं. १४१५) भाद्रशुक्लदशमीको दिन सारिसिद्धिएको *शतसाहस्रिका प्रज्ञापारमिता*को ४७८ पृष्ठको पहिलो खण्डको फ्याक्सिमिलि

यसको पाठ माथि ९६-९८ पृष्ठमा छ ।




शाके १२८० ने.सं. ४७८ (वि.सं. १४१५) भाद्रशुक्लदशमीको दिन सारिसिद्धिएको *शतसाहस्रिका प्रज्ञापारमिता*को ४७८ पृष्ठको दोस्रो खण्डको फ्याक्सिमिलि

यसको पाठ माथि ९६-९८ पृष्ठमा छ ।

शाके १२८० ने.सं. ४७८ (वि.सं. १४१५) भाद्रशुक्लदशमीको दिन सारिसिद्धिएको *शतसाहस्रिका प्रज्ञापारमिता*को ४७८ पृष्ठको तेस्रो खण्डको फ्याक्सिमिलि

यसको पाठ माथि ९६-९८ पृष्ठमा छ ।



इटुंबहालमा रहेको *शतसाहस्रिका प्रज्ञापारमिता*को पुष्पिकाको अन्तिम वाक्यको उतार भोटे लिपिमा लेखिएको एउटा पुस्तकमा

यसको पाठ माथि १०० पृष्ठमा छ ।

ने.सं. ५३८ (वि.सं. १४७४) देखि ने.सं. ६४५ (वि.सं. १५८२) भित्रका, ताडपत्रका ४ वटा लिखत

- **महेशराज पन्त**

स्तेफान बिल्द्हाइमको सङ्ग्रहमा रहेका यी ताडपत्रको स्क्यानिङ वोल्फ्गाङ्ग बेर्त्शबाट पाएको हुँ ।

१ सङ्ख्या

ने.सं. ५३८ (वि.सं. १४७४) फाल्गुनशुक्लद्वादशी

यस ताडपत्रको फ्याक्सिमिलि तल १२३ पृष्ठमा छ ।

यस पत्रमा बायाँपट्टि फट्केमा मायको छाप छ । यस छापको विषयमा परिशीलन गर्न अझै बाँकी रहेकोले यसको बयान अहिलेको लागि थाँती राखिएको छ ।

ललितब्रुमा मानिग्लदेखि दक्षिणमा रहेको वंटखाबहारमा बस्ने गोतु भारोलाई ललितब्रुमा मानिग्लदेखि पश्चिममा रहेको वंलाविहारमा बस्ने जोतुं भावोले आफ्नो हकभोगको, फल्यंड्यं भन्ने ठाउँको ४ रोपनी खेत बेची गरिदिएको राजीनामापत्र यो हो । यसमा हटकोबिहारका भिक्षु मनिकालाई दृष्टसाक्षी राखिएको छ ।

यस लिखतमा **वंयखाबहार** (१ पङ्क्ति) **वंलाविहार** (उही) **ययबाहार** (२ पङ्क्ति) र **हटकोविहार** (३ पङ्क्ति)को चर्चा आएको छ । जान कर लाक (२०४१/४२: १६९)ले **वंलाबाहा**को विषयमा लेखेका छन् । त्यसअनुसार त्यो बहाल ने.सं. १०४१ मा बनेको हो भनी त्यस बहालको चैत्यमा कुँदिएको लेखमा छ । त्यसो हो भने यस लिखतमा आएको **वंलाविहार** अर्कै हुनुपर्छ ।

जान कर लाक (२०४१/४२: ४८)अनुसार **यताबाहा**मा पाइएको सबभन्दा पुरानो अभिलेख ने.सं. ८१४ को छ । यी दुवै बहाल एउटै हुन् भने ने.सं. ५३८ को यस लिखतमा **ययबाहार**को चर्चा आएकोले जान कर लाकले पाएकोभन्दा २७६ वर्षपहिले त्यस बहालको चर्चा यहाँ आएको छ ।

मूलपाठ

१. **॰ श्रेयोऽस्तुः ।। सम्वत ५३८ फालगुनिशुक्लः द्वादस्यया तिथौ ।। श्रीललिटंब्रुमायाः श्रीमानेग्लके दक्षिनस्थ ।। श्रीवंयखाबहारः वंयगृहाद्धिवास्तव्य ।। गोतु भारोस नामनायः सकासात ।। तत्रेव पच्छिमतेः । श्रीवंलाविहारः योय लिबीछेंवाशिनो ।। जोतुंभावोकस्य नामनेनः स्वकिय॰ सुबूजमानिक ॰ ।। फल्यंड्यंक्षेत्रनामप्रदेसे ।। दुथो**

२. **येत्य राचंद भारोस क्षेत्रशिमाया पच्छिमत ।। सोहलनिमः लुटढंगुरिकस्य क्षेत्रशिमाया उत्रत ।। श्रीयटबाहारः एदगुठि दटिक्षेत्रशिमाया पूर्व्वत ।। मंपुरछेया बु नये बु जुरो९[1] ध्रशिमाया दक्षिनत ।। एतेखा मधेः । चतुररोपनिक९ जत क्षेत्रे रोव पि ४ ता क्षेत्र सक्रषः स्मपरिभोज्ञ९ जथानग्रप्रवतमानः सञ्चारघेनः जथोचितमुल्यमादाय क्रयविक्रिस्वाद्धिनेनः तेनानिवृर्त्तिक ९**

३. **न्ययेनः क्रेन विक्रियतं भवन्ति ।। ता क्षेत्र जदि स्य स्यादेवकराचित विना सषटेव्यावादकालेः तदा धार्ण्णकेन परिसोधनिय९ ।। प्रते चचचुफु लेया देया पोलेस दाम कास्यं क्रिन बियात्व जुरो९ अत्रार्थे साक्षि श्रीह्ल हट्कोविहारः भिक्षु श्रीमनिकाजुसः मेक दृष्ट प्रमानेति शुभमस्तुः ।। शुभ ।।**[2]

(पछाडि)

१ फल्यंङ्यं बू क्रिपत्र जुरो९

२ सङ्ख्या

ने.सं. ५७२ (वि.सं. १५०९) आषाढशुक्लतृतीया

यस ताडपत्रको फ्याक्सिमिलि तल १२४ पृष्ठमा छ ।

यस पत्रमा बायाँपट्टि फट्केमा माटाको छाप छ । त्यस छापको वरिपरि २० वटा थोप्ला छन् । ती थोप्लाको बीचमा **श्री** लेखिएको छ, श्रीको शिरमा, बायाँपट्टि, बीचमा र तल एकएकवटा थोप्ला छन् ।

ललितब्रुमामा नोग्लदेखि दक्षिणमा रहेको ह्लोलबिहारका अमात्य जसकितराम भारो र उनका ३ भाइ छोरा अमात्य उजोतसिंह भारो, अमात्य पदुमराम भारो र अमात्य उदितराम भारोले बदेख्वात भन्ने ठाउँको आफ्नो हकभोगको ५ रोपनी खेत कनकामयी भन्ने स्त्रीलाई बेची गरिदिएको राजीनामापत्र यो हो । यसमा चालाछेका **द्विजवर** अर्थात् **ब्राह्मणहरूमा श्रेष्ठ** जीवदेवलाई दृष्टसाक्षी राखिएको छ । जग्गा बेच्नेको नाउँ दिँदा बाबुलाई **अमात्यवर** अर्थात् **अमात्यहरूमा श्रेष्ठ** र छोराहरूलाई चाहिँ खालि **अमात्य** मात्र लेखेको चाखलाग्दो छ ।

यस लिखतमा बिक्री भएको जग्गाको नापो दिँदा **जत क्षेत्र रोवाङ्क पञ्चरोपनीकं रोव वपलङ मोदि ङा ५ रोव** लेखिएको छ । यस वाक्यांशमा परेका सबै शब्दको अर्थ लागे पनि मलाई **वपलङ**को अर्थ लागेन । ने.सं.

---

१. **पूर्व्वत** ।। पछि दोस्रो दण्डको माथि र तल चिह्न दिई माथिल्लो किनारामा **मंपुरछेयादेखि जुरो९** सम्म थपिएको छ ।

२. **शुभमस्तुः** ।। पछि थुप्रै ठाउँ छोडी पङ्क्तिको छेउमा **शुभ** ।। लेखिएको छ ।

५७० को, पाटन गःछेंको ताडपत्रको लिखतको आधारमा कमलप्रकाश मल्ल २०५७: ४५८ मा **वपलंङ** शब्द चढेको छ र त्यसको अर्थ **मेझ़अर् वई** अर्थात् **नापो बुझाउने शब्द** भनी गरिएको छ । त्यसको पुष्टिको लागि त्यहाँको वाक्यांश **निद्वल बू वपलंङ १५** दिई त्यसको अर्थ **फिफ्टीन् यूनिट् मेझ़अर्ज् अफ् ल्यान्ड् याट् निद्वल** अर्थात् **निद्वलमा १५ एकाङ्क जग्गा** भनी गरिएको छ ।

यस लिखतमा **रोवाङ्क पञ्चरोपनीकं रोव** अर्थात् **पाँच रोपनी** लेखिसकेपछि **वपलङ**, त्यसपछि **मोदि ङ ५**, अनि फेरि **रोव** लेखिएको छ । खेतको नापो **रोपनी**मा पनि **५** र **मोदि**मा पनि **५** भएको यताबाट देखिएको छ । तल ३ सङ्ख्याको रूपमा छापिने, ने.सं. ६४३ (वि.सं. १५८०) चैत्रकृष्णअष्टमीको लिखतमा पनि यसै गरी **ता क्षेत्र द्वादशरोपनिक९ तत क्षेत्र पवलङ मोण्डि १२** र ४ सङ्ख्याको रूपमा छापिने ने.सं. ६४५ (वि.सं. १५८२) चैत्रशुक्लपञ्चमीकोमा **चतुर्दशरोपनीकं जत क्षेत्र रोवाङ्क बु रोव मोडि सलपि १४** लेखिएको छ । **रोपनी** र **मोण्डि** यसरी पर्याय भएर आएको अरू अरू लिखतमा पनि देखिएको छ ।[३] यताबाट **मोदि, मोण्डि** वा **मोडि** अहिले चलनचल्तीमा भएको **मुरी** शब्दकै पूर्वरूप हुन् जस्तो मलाई लाग्छ ।[४] अहिलेको चलनचल्तीमा **रोपनी**को चतुर्थांश मुरी हुन्छ ।[५] त्यस वेला भने **रोपनी** र **मुरी** समानार्थक थिए कि जस्तो देखिएको छ ।

मूलपाठ

१. **१ श्रेयोऽस्तु ।। सम्वत ५७२ आषाढशुक्ल ।। तृतीयायाः९ तिथोः श्रीललितब्रुमायाः९ श्रीनोग्लके दक्षिनस्थ । श्रीह्लोलविहारः अमात्यवर पिता जसकितराम भारोशः भात्य अमात्य श्रीउजोतसिहराम भारोसः अमात्य श्रीपदुमराम भारोसः अमात्य श्रीउदितराम भारोसः भात्य सहसः एते ससकुडासः नामने सुकीयं[६] शुपुजमानिकं । कनकामयिस नामनाय स-**

---

३. उदाहरणको लागि ने.सं. ६३९ (वि.सं. १५७६) नष्टज्येष्ठकृष्णपञ्चमीको लिखतमा मूलको २ पङ्क्ति (महेशराज पन्त २०६१: २७ सङ्ख्या = ३९-४०) ।

४. हरगोविन्ददास त्रिकमचंद शेठ १९८२: ८६४ मा **मूड / मूढ** शब्द दिई **अन्न का एक दीर्घ परिमाण** अर्थात् **अन्नको एउटा ठूलो नापो** भनी त्यस शब्दको अर्थ गरिएको छ र त्यस अर्थको पुष्टिको लागि २ वटा प्राकृत ग्रन्थबाट वाक्य उद्धरण गरिएको छ । नापो बुझाउने नेपाली **मुरि** शब्दको व्युत्पत्ति दिँदा राल्फ लिली टर्नर १९८७: ५१४ मा नापो बुझाउने, प्राकृतको **मूड / मूढ** र गुजरातीको **मूडो** पनि दिइएको छ । *तैत्तिरीयब्राह्मण*मा **टेकरी**को अर्थमा आएको **मूत** शब्द र *शतपथब्राह्मण*मा **सानो टेकरी**को अर्थमा आएको **मूतक** शब्दलाई राल्फ लिली टर्नर २०२३: ५९० मा १०२३३ शब्दसङ्ख्यामा नापोको अर्थमा आएको **मुरी** शब्दको आद्यरूप मानिएको छ ।

५. उदाहरणको लागि: बाल चन्द्र शर्मा २०१९: ८४७ मा **मुरी** ।

६. **सुकीयं**को **क**मा मसी लतपतिएको छ ।

२. **कासात । बदेष्वातबुनामप्रदेसे: दुपात चपाद लिबिछें लुंता माहानया क्षेत्रशिमायाऽ पच्छिमत ॽ जशि भारोस क्षेत्रशिमाया उत्रत: लुंता माहानया क्षेत्रशिमायाऽ पोर्व्वतो दक्षि॰नत: एतेषा मधे जत क्षेत्र रोवाङ्क पञ्चरोपनीकं रोव वपलङ मोदि ङा ५ रोव ज्योतल थेथे पुञ्ज मदो: तत जथानगरप्रवतमानसंचाराघेन जथोचितमुलमादा-**

३. **येन ॽ क्रयविक्रयसादिनेन तेनामिदिकन्याये क्रिविक्रित । भवति: ता क्षेत्र जदि संषतव्यावादकाले तदा धार्ण्णकेन परिसोधनीयं ।। अत्र पत्राथे साक्षि श्रीचालाछ तुंथिछें योकुलिगृह: द्विजवर श्रीजीव॰देवजुस: मेक दृष्ट प्रमानमिदि शुभमस्तु ।। पोर्व्वदिस: मेक चल व्यावाय पूलंसमेत: शुभ: ।।**

३ सङ्ख्या

ने.सं. ६४३ (वि.सं. १५८०) चैत्रकृष्णअष्टमी

यस ताडपत्रको फ्याक्सिमिलि *तल* १२५ पृष्ठमा छ ।

यस पत्रमा बायाँपट्टि फट्केमा माटाको छाप छ । त्यस छापको वरिपरि थोप्ला छन् । जम्मै थोप्ला साबुत नभएकाले यति नै थोप्ला थिए भनी किटेर भन्न सकिँदैन । ती थोप्लाको बीचमा **श्री** लेखिएको छ ।

ललितब्रुमामा मानिग्लदेखि पूर्वपट्टि रहेको हतखाटोलमा बस्ने गीताज भावोलाई थशिवंदेश अर्थात् सानागाउँका अखराज भारो र ववादेश अर्थात् चापागाउँका मनिकराज भारोले वंविद्वल भन्ने ठाउँको आफ्नो हकभोगको १२ रोपनी खेत बेची गरिदिएको राजीनामापत्र यो हो । यसमा ताघावमगोडि भन्ने ठाउँका मेलह्मं भारोलाई दृष्टसाक्षी राखिएको छ ।

मूलपाठ

१. **ॐ श्रेयोऽस्तु ।। सम्वत ६४३ चैत्रकृष्णअष्टंम्यायाऽ श्रीललीतब्बुमायाऽ श्रीमानिग्लके पुर्व्वस्थ श्रीहतषा-तोलके लं यिता उछे योता गृहश गीताजभावोकस्य नाम्ना संकासात् श्रीथंशिंवंदेश वोषा फलेतोल योता गृह अषराज भारोस श्रीवंवादेश यंकुतोल कोथोतोल येता गृह मनिकराज भारोस द्वयोस नाम्नेन स्वकियं स्वभुर्ज्यमानिकऽ वंविद्वलक्षेत्रनामप्रदेशेऽ स्वल्पमार्गशिमायाऽ पच्छिमत**

---

७. दक्षिनत:को नत: माथिल्लो किनारामा थपिएको छ । नत:को अगाडि कुन पङ्क्तिमा थप्नुपर्ने हो त्यो जनाउन २ लेखिएको छ ।

८. श्रीजीवको व अलि खुँडे छ ।

२. सातिग्ल हेर भंदिरि भारोस क्षेत्रेनः उतरत्त ।। श्रीवंकु ग्वाछे शुभराज भारोस क्षेत्रेनः पुर्व्वतः[१] एतेषा मद्धे ता क्षेत्र द्वादशरोपनिक९ तत क्षेत्र वपलंङ मोण्डि १२ एते क्षेत्रस धार्ण्णस्वादिकारन छपेक जुको क्षेत्र सक्रषकं स्मपरिभोग्य९ जथानग्लकालप्रवतमानसंचारार्घेन जथोश्चितमुलेमादाय क्रिविक्रिस्वादिनेन तेनानिवृत्तकं न्यायन क्रिन

३. विक्रियतम्भवति जदि सत्यादेविकराजिक विना ता क्षेत्र संषटव्यावादकाले तदा धार्ण्णकेन परिस्वधनियं९ अत्र पत्राथे९ साक्षि ताघावमगुडि मेलह्मं भारो मेक ।। दृष्ट ।। भाषा ता क्षेत्रया तलपति मदो दोधार ङान मकाया जुरो ध्व तलपति श्रीश्रीराजकुल श्रीपात्रकुलादि गेलुलसनो अकर्ण्ण जंरो लुकाले धार्ण्णस्न लिधिंङन यंजमाल्व जुरो९ शुभ ।।

(पछाडि)

वंविद्व ल

४ सङ्ख्या

ने.सं. ६४५ (वि.सं. १५८२) चैत्रशुक्लपञ्चमी

यस ताडपत्रको फ्याक्सिमिलि तल १२६ पृष्ठमा छ ।

यस पत्रमा बायाँपट्टि फट्केमा माटाको छाप छ । त्यस छापको वरिपरि २० वटा थोप्ला छन् । ती थोप्लाको बीचमा **श्री** लेखिएको छ ।

ललितब्रुमामा मानिग्लको पूर्वपट्टि रहेको सातीगल कोथो चाबहालका फ्याक वेद (वैद्य) भारोलाई मानिग्लको दक्षिणपट्टि रहेको खाग्वाछेँका जयकीत महात भारोले आफ्नो हकभोगको बंदेख्वात भन्ने ठाउँको १४ रोपनी जग्गामध्ये आधा बेची गरिदिएको राजीनामापत्र यो हो । यसमा नोगलबहालका रावुत्त नाथु भारो साक्षी राखिएका छन् ।

त्यसताका किनबेचसम्बन्धी लिखतमा रकम खुलाइँदैनथ्यो । त्यसको लागि अर्कै लिखत तयार पारिन्थ्यो र त्यसमा बेचिएको कुराको मोल र त्यो रकम धनीले कहिलेसम्म तिर्नुपर्ने भाका आदि लेखिएको हुन्थ्यो । यही लिखतसँग सम्बद्ध, त्यही मितिको, त्यस्तो लिखतको फोटो मसँग छ । त्यो यथासमय छापिनेछ ।

---

९. जग्गाको दक्षिणपट्टिको सिमाना हाल्न पुर्व्वतः र एतेषाको बीचमा निकै ठाउँ छोडिएको छ ।

यस लिखतभन्दा डेढ महीना जतिअगाडि ने.सं. ६४५ (वि.सं. १५८१) माघकृष्णतृतीयाको दिन यिनै फ्याक वैद्यलाई जयभीम महात भारोले बंदेख्वातको खेत बेच्दा रकमको लेनदेनसम्बन्धी लिखत छापिएको छ।[१०] यस लिखतअनुसार किनिएको र यसभन्दा डेढ महीनाअघि किनिएको दुवै खेत बंदेख्वातका भएका र अघि बेच्ने जयभीम र यस लिखतअनुसार बेच्ने जयकीत दुवै जना महात भारो भएको कुरा उल्लेखनीय छ।

ने.सं. ६४३ (वि.सं. १५८०) ज्येष्ठकृष्णतृतीयाको र ने.सं. ६४३ (वि.सं. १५८०) आषाढशुक्लत्रयोदशीको, चाबाहालका यिनै फ्याक वैद्यसम्बन्धी २ वटा लिखतका फोटा मसँग छन्। ती पनि यथासमय छापिनेछन्।

कोथो चाबहालका वैद्यहरूका केही लिखत यसअघि प्रकाशमा आइसकेका छन्। यी सबै लिखत यसभन्दा पछिका हुन्। यिनमा पहिलो ने.सं. ७४७ (वि.सं. १६८४) वैशाखकृष्णनवमीको,[११] दोस्रो ने.सं. ७५१ (वि.सं. १६८८) श्रावणकृष्णतृतीयाको,[१२] तेस्रो ने.सं. ७५३ (वि.सं. १६८९) फाल्गुनकृष्णप्रतिपदाको,[१३] चौथो ने.सं. ७९८ (वि.सं. १७३५) चैत्रअमावास्याका[१४] हुन्। पहिलो, राजा सिद्धिनरसिंह मल्लले वैद्य विश्वराजलाई चाबहालको १ खा १७ हात नापो भएको तरकारीबारी १४ मोहर टङ्कामा बेची गरिदिएको राजीनामापत्र हो। दोस्रो, तिनै विश्वराजले सौगलको २ खा १ जवा नापो भएको घर किनी लेखिदिएको पत्र हो। तेस्रो, भाइसमेतका तिनै विश्वराज र उनका काकाको बीचमा भएको ८५ रोपनीभन्दा बढी खेतबारीको बण्डापत्र। चौथो, राजा श्रीनिवास मल्लले तिनै विश्वराजलाई पौने चार रोपनी खेत ३७५ मोहर टङ्कामा बेची गरिदिएको राजीनामापत्र हो।

मूलपाठ

१. **॰ श्रेयोऽस्तु॥ सम्वत् ६४५ चैत्रशुक्लः पञ्चंम्यान्तिथौ श्रीललीतब्रुमायां ॽ श्रीमानीगलके पूर्व्वतः श्रीसातीगल कोथो चाबहार फ्याक वेद भारोस नाम्ना सकासात् ॽ श्रीमानीगलके दक्षिणतः श्रीखाग्वाछें जयकीत महात भारोस नाम्नेन स्वकीयं स्वभूज्यमानिकं ॽ बंदेख्वातक्षेत्रनामप्रदेशे ॽ श्रीयेतबहारस कुडास ॽ पुचदंदक्षेत्र शीमाया॰ पच्छिमतः श्रीबुगंभलाडस क्षेत्रशीमायां ॽ उत्तरतः मार्गशीमायां ॽ पूर्व्वतः येपाबहार कितु मुल्मीस**

---

१०. महेशराज पन्त २०५५: ९ सङ्ख्या = ७।

११. उही २०६५: २७१-२७४।

१२. उही २०६६।

१३. उही २०५०: १५-१६ मा ८९ सङ्ख्या।

१४. उही २०६६क।

२. क्षेत्रशीमायां ↘ दक्षिणतः एतेषाम्मध्ये चतुर्दशरोपनीकं जत क्षेत्र रोवाङ्क बु रोव मोडि सलपि १४ ता क्षेत्रस्य धार्ण्णस्वादिकार अर्द्धभाग जुको ↘ सकर्षसमंपरिभोग्यं ↘ जथानगरकालप्रवत्तमानेन संचारार्घेन जथोश्चित्मोलमादाय ↘ क्रीविक्रीस्वादिनेन ↘ तेनानिवर्त्तकं न्यायेन क्रयेन विक्रयेस्तं भवति ↘ जदि सत्याराजिकदेविक ↘ विना संन्कतव्यावादकाले तदा धार्ण्णकेन परिसोधतीयं ↘ अत्र शाक्षिः श्रीनोगल-बहार ↘ रावुत्त नाथु भारोस एक दृष्ट ↘ शुभ ॥

(पछाडि)

१ बंदेख्वा त बु ॥

ने.सं. ५३८ (वि.सं. १४७४) फाल्गुनशुक्लद्वादशीको फ्याक्सिमिलि

यस ताडपत्रको पाठ माथि ११६-११७ पृष्ठमा छ ।

ने.सं. ५७२ (वि.सं. १५०९) आषाढशुक्लतृतीयाको फ्याक्सिमिलि

यस ताडपत्रको पाठ माथि ११८-११९ पृष्ठमा छ ।

ने.सं. ६४३ (वि.सं. १५८०) चैत्रकृष्णअष्टमीको फ्याक्सिमिलि

यस ताडपत्रको पाठ माथि ११९-१२० पृष्ठमा छ ।



१.
२.
३.

१.
२.
३.

१.
२.
३.

१.
२.
३.



ने.सं. ६४५ (वि.सं. १५८१) चैत्रशुक्लपञ्चमीको फ्याक्सिमिलि

यस ताडपत्रको पाठ माथि १२१-१२२ पृष्ठमा छ ।

यो लेख लेख्दा काम लिइएका साधनको तालिका

कमलप्रकाश मल्ल २०५७

= ई.सं. २००० (वि.सं. २०५७) मा काठमाडौँबाट च्वसापासाद्वारा प्रकाशित, कमलप्रकाश मल्लको प्रधानसम्पादक र काशीनाथ तमोट आदि ९ जना शब्दसंकलक र तेजरत्न कंसकार आदि ६ जना सम्पादक भई तयार गरिएको *अ डिक्शन्अरि अफ् क्ल्यास्इक्ल् नेवारी, कम्पाइल्ड् फ्रम् म्यान्युस्क्रिप्ट् सोर्स्इज्*[१] (लेखोट पुस्तकहरूबाट शब्दसंकलन गरिएको, पुरानो नेवारीको कोष)।

जान कर लाक २०४१/४२

= ई.सं. १९८५ (वि.सं. २०४१/४२) मा काठमाडौँबाट सहयोगी प्रेसद्वारा प्रकाशित, जान कर लाकको बुड्इस्ट् *मन्असट्रिज् अफ्* नेपाल् *: अ सर्भे अफ् द बाहाज् यान्ड् बहीज् अफ् द काठ्मान्डू भ्याल्इ* (नेपालका विहार – काठमाडौँखाल्डोका बहाल र बहीलको निरीक्षण)।

बाल चन्द्र शर्मा २०१९

= वि.सं. २०१९ मा काठमाडौँबाट रायल नेपाल एकेडेमीद्वारा प्रकाशित, बाल चन्द्र शर्माको *नेपाली शब्द-कोश*।

महेशराज पन्त २०५०

= वि.सं. २०५० मा प्रकाशित *पूर्णिमा* ८६ पूर्णाङ्कका १-६५ पृष्ठमा छापिएको, महेशराज पन्तको *नेवार राज्य र ब्राह्मण*।

महेशराज पन्त २०५५

= वि.सं. २०५५ मा प्रकाशित *पूर्णिमा* ९४ पूर्णाङ्कका १-६० पृष्ठमा छापिएको, महेशराज पन्तको *ताडपत्रमा लेखिएका, विक्रमको पन्ध्रौँदेखि अठाह्रौँ शताब्दीभित्रका, अहिलेसम्म प्रकाशमा नआएका, ७५ वटा लिखतपत्र*।

महेशराज पन्त २०६१

= वि.सं. २०६१ मा प्रकाशित *पूर्णिमा* ११४ पूर्णाङ्कका १-५९ पृष्ठमा छापिएको, महेशराज पन्तको *ताडपत्रका लिखतपत्रमा अधिमास*।

महेशराज पन्त २०६५

= वि.सं. २०६५ मा प्रकाशित *पूर्णिमा* १२८ पूर्णाङ्कका २७१-२८४ पृष्ठमा छापिएको, महेशराज पन्तको *सिद्धिनरसिंह मल्लका ४ वटा लिखतपत्र*।

---

१. **म्यान्युस्क्रिप्ट् सोर्स्इज्** अर्थात् **लेखोट पुस्तकहरूरूपी आकर** भनी यहाँ लेखिएकोले र यस कोषमा शिलापत्र र ताम्रपत्रबाट पनि शब्द लिइएकोले (कमलप्रकाश मल्ल आदि २०५७: भूमिकाखण्ड २९) यस कोषको नाउँ नै अव्याप्तिदोषले दूषित छ भनी भनिरहनुपर्दैन।

महेशराज पन्त २०६६

= वि.सं. २०६६ मा प्रकाशित *पूर्णिमा* १२९ पूर्णाङ्कका ५९-६२ पृष्ठमा छापिएको, महेशराज पन्तको *विश्वराज वैद्यसम्बन्धी अर्को एउटा लिखतपत्र* ।

महेशराज पन्त २०६६क

= वि.सं. २०६६ मा प्रकाशित *पूर्णिमा* १२९ पूर्णाङ्कका ६३-६५ पृष्ठमा छापिएको, महेशराज पन्तको *श्रीनिवास मल्लको एउटा लिखतपत्र* ।

राल्फ लिली टर्नर १९८७

= ई.सं. १९३१ (वि.सं. १९८७) मा लन्डनबाट रूट्लेज यान्ड केगन पलद्वारा प्रकाशित, राल्फ लिली टर्नरको *अ कम्पेर्एटिभ् यान्ड् एट्इमलज्इक्ल् डिक्शन्अरि अफ् द नेपाली ल्याङ्ग्विज्* (नेपाली भाषाको तुलनात्मक र व्युत्पत्तिमूलक कोष) ।

राल्फ लिली टर्नर २०२३

= ई.सं. १९६६ (वि.सं. २०२३) मा लन्डनबाट अक्स्फर्ड यूनिभर्सिटि प्रेसद्वारा पुनः प्रकाशित, राल्फ लिली टर्नरको *अ कम्पेर्एटिभ् डिक्शन्अरि अफ् दि इन्डो-एर्इअन् ल्याङग्विज्इज्* (भारतीय आर्यभाषाहरूको तुलनात्मक कोष) ।

हरगोविन्ददास त्रिकमचंद शेठ १९८२

= वि.सं. १९८० मा कलकत्ताबाट हरगोविन्ददास त्रिकमचंद शेठद्वारा प्रकाशित, उनैको *पाइअ-सद्द-महण्णवो* (*प्राकृत-शब्द-महार्णव*) ३ खण्ड ।

नयाँ ठ्यासफू

-महेशराज पन्त

उपोद्घात

१. राष्ट्रिय अभिलेखालयको पहिलो लगतमा १६९६/१३९५ नम्बर भएको एउटा ठ्यासफू रहेछ, त्यसको माइक्रोफिल्म नेपाल-जर्मनहस्तलिखितग्रन्थसंरक्षणपरियोजनाले गरेको रहेछ र त्यस माइक्रोफिल्मको नम्बर ए १२२१/२ रहेछ, नेपाली-जर्मनहस्तलिखितग्रन्थसूचीकरणपरियोजनाका नेवार कर्मकरले त्यसको नाउँ *सोनिगलया ऐतिहासिक घटनावली* (तीन शहरका ऐतिहासिक घटनावली) भन्ने राखेका रहेछन् भन्ने कुरा यक्ष मल्ल परलोक भएको दिनको विषयमा त्यस ठ्यासफूको उपयोग गरी काशीनाथ तमोटले लेखेको लेख (२०६३) बाट मैले थाहा पाएँ।

त्यसपछि लगत्तैजसो म राष्ट्रिय अभिलेखालयमा गई त्यस ठ्यासफूको माइक्रोफिल्म हेरेँ। यसो हेर्दा त्यो ठ्यासफू काम लाग्ने देखिएकोले त्यसको प्रिन्ट्आउट किन्न पाऊँ भन्ने निवेदन दिई त्यो किनी ल्याएँ। अनि त्यो *पूर्णिमा*मा अविकल छपाउने विचार गरेँ। छाप्छु भन्दा भन्दै २ वर्षभन्दा बढी समय बित्यो। वि.सं. २०६७ जेठमा मात्र त्यसको पाठ उतार्न समय मिलाउन सक्दा त्यो प्रिन्ट्आउट नै आफूकहाँ भेट्टाउन सकिनँ। अनि फेरि अभिलेखालय गई वि.सं. २०६७ जेठ २४ गते सोमवारको दिन नयाँ प्रिन्ट्आउट किनी ल्याएँ र त्यसको पाठ उतारेँ। त्यसै ताकादेखि यो लेख लेख्न थाले पनि बीबीचमा अरू अरू लेख लेखेकोले अहिले वि.सं. २०६९ चैतमा मात्र यसलाई छपाउन योग्य पार्न सकिएको छ।

२. यस ठ्यासफूमा नेवारी लिपिले मसिनो टाँकामा नेवारी भाषामा लेख लेखिएको छ। छुट्टाछुट्टै पत्र भएका पुस्तकमा जस्तो ठ्यासफूमा पत्रसङ्ख्या दिने चलन नहुनाले र छुट्टाछुट्टै पत्र भएका पुस्तकमा जस्तो हरेक पत्र एकचोटि एकापट्टि अर्कोचोटि अर्कोपट्टि पल्ट्याउन पनि नपर्ने हुनाले एकापट्टि लहरै तलसम्म पृष्ठ गनेर र पुछारसम्म पुगिसकेपछि पत्र पल्टाई फेरि त्यही क्रमले पृष्ठ गन्दा यस पुस्तकमा १४ पृष्ठ हुन्छन्। जुन पृष्ठमा भरि लेखिएको छ, ती पृष्ठमा धेरैजसो ७ पङ्क्ति छन्, अपवादको रूपमा २ र ७ पृष्ठमा ८ पङ्क्ति तथा १२ र १३ पृष्ठमा ६ पङ्क्ति छन्।

३. यो ठ्यासफू १४ पृष्ठको छ। पहिलो पृष्ठमा बीचमा तात्कालिक लिपिमा, अलि मोटो टाँकामा ने.सं. ८४५ (वि.सं. १७८१) पौषकृष्णदशमीको दिन नीलनारायण मल्ल मारिएको कुरा लेखी त्यो पृष्ठ त्यसै खाली छोडिएको छ र त्यहीँ अहिलेको लिपिमा **नं. १३९५** लेखिएको छ। दोस्रो पृष्ठदेखि तात्कालिक लिपिमा, अलि मसिनो टाँकामा लगालग लेख शुरू गरी ने.सं. ८५४ (वि.सं. १७९१) भाद्रशुक्लएकादशीदेखि ने.सं ८५७ (वि.सं. १७९४) वैशाखकृष्णद्वादशीउप्रान्त त्रयोदशीसम्मका, खास गरी काठमाडौँ राज्यका घटना टिपिएका छन्। सबभन्दा पछिल्लो पृष्ठमा ४ पङ्क्ति गरी तात्कालिक लिपिमा अलिकति लेखी त्यो पृष्ठ खाली छोडिएको छ। ४ पङ्क्तिमध्ये दोस्रो पङ्क्तिमा धर्मरामको नाउँ छ। चौथो पङ्क्तिमा पनि रामान्तनामधारीको नाउँ आएको छ।

अहिलेको लिपिमा यस पुस्तकको **नं. १३९५** लेखिएको छ, त्यसै गरी **२० र २२०** पनि लेखिएको छ। अरू लेखिएका कुराचाहिँ प्रसङ्ग मिलाई पढ्न सकिएन।

४. त्यस ठ्यासफूमा दिइएका घटनाका तिथिमिति हेर्दा त्यस ठ्यासफूमा मूलतः ने.सं. ८५४ (वि.सं. १७९१) देखि ने.सं. ८५७ (वि.सं. १७९४)सम्मका, काठमाडौँ राज्यका घटनाका तिथिमिति दिइए पनि कुनै घटना ठ्यासफू लेख्नेले नछुट्याउनुपर्ने सम्झेकोले र कुनै नजीरको रूपमा दिनुपर्ने भन्ने ठानी अढाइ सय वर्षअगाडिसम्मका घटना त्यसमा परेका छन्। त्यसैले ने.सं. ६०२ (वि.सं. १५३८)मा भएको यक्ष मल्लको मृत्यु (८ पृष्ठ), ने.सं. ६६० (वि.सं. १५९७)को दशैँको तिथिमितिसम्बन्धी कुरा (५ पृष्ठ), ने.सं. ६६९ (वि.सं. १६०६)मा राजा नरेन्द्र मल्लको पालामा इन्द्रजात्राको तिथिमितिसम्बन्धी कुरा (२-४ पृष्ठ), ने.सं. ७४८ (वि.सं. १६८५) भाद्रकृष्णप्रतिपदाको दिन ललितपुर र भक्तपुर मिली काठमाडौँसँग गरेको झगडा (४-५ पृष्ठ), त्यसको १ महीनापछि नेपालखाल्डोमा परेको हिउँ (५ पृष्ठ) र ने.सं. ८४५ (वि.सं. १७८१)मा भएको, नीलनारायण मल्लको वध (१ पृष्ठ)का कुरा त्यहाँ परेका हुन्।

५. त्यस ठ्यासफूलाई अभिलेखालयको सूचीपत्रमा *बही* भन्ने नाउँ दिइएको रहेछ। त्यसमा खर्चबर्चको कुरा नपरेको देख्दा त्यो नाउँ उपयुक्त नदेखिएकोले र थरीथरीका तात्कालिक घटनाका तिथिमिति दिइएकोले नेपाली-जर्मनहस्तलिखितग्रन्थसूचीकरणपरियोजनाका नेवार कर्मकरले त्यसको नाउँ *सोनिगलया ऐतिहासिक घटनावली* (तीन शहरका ऐतिहासिक घटनावली) भन्ने राखेको देखिन्छ। त्यस ठ्यासफूमा काठमाडौँ राज्यसँग सम्बद्ध घटना नै मुख्य गरी लेखिएका हुँदा कहीँ कहीँ काठमाडौँबाहेकका अरू राज्यको नाउँ परे पनि त्यो प्रसङ्गवश जोडिन आएकोले नेवार कर्मकरले राखेको नाउँ त्यति उपयुक्त देखिँदैन। नेपालखाल्डोमा ३ वटा भिन्नाभिन्नै राज्य खडा हुनुभन्दा अगाडिका राजा यक्ष मल्लको मृत्युको तिथिमिति त्यस ठ्यासफूमा भिन्नै पृष्ठमा, फरक टाँकामा लेखिनुको कारण यो लेख्न छुट्याउन नहुने घटना भनी ठानेको देखिन्छ।

६. अब त्यस ठ्यासफूमा परेका, केही घटनाको विषयमा लेख्नुपरेको छ। सबभन्दा पहिले त्यस ठ्यासफूको आधार लिई काशीनाथ तमोटले लेखेको लेखकै प्रसङ्ग उठाऊँ। त्यस्ता टिपोटमध्ये एउटा, यक्ष मल्ल परलोक भएको समय पनि हो। त्यहाँ त्यो कुरा अलि मोटे टाँकामा लेखी त्यो पृष्ठ त्यसै खाली छोडिएको छ (८ पृष्ठ)।

६.१. ठिमीका चन्द्रमान जोशीकहाँको, ने.सं. ७९८ (वि.सं. १७३४)देखि ने.सं. ८२६ (वि.सं. १७६२)सम्मका, खास गरी काठमाडौँ राज्यका घटना टिपिएको र घटना भएको दिनको पूरै तिथिमिति दिइएको ठ्यासफू (महेशराज पन्त २०६७: २९५-३४४)मा कुनै कुनै पृष्ठको तलमाथि खाली छोडिएका ठाउँमा त्यस ठ्यासफूमा ओगटिएको समयभन्दा अगाडिपछाडिका केही घटनाका तिथिमिति मूल ठ्यासफू लेखिएको हस्ताक्षरसँग नमिल्ने, फरक फरक हस्ताक्षरमा छन् (उही २०६६कः २२३-२२५)। तिनमध्ये यक्ष मल्लको जन्ममृत्युको मितिसम्बन्धी टिपोटको उपयोग सबभन्दा पहिले धनवज्र वज्राचार्य र ज्ञानमणि नेपाल (२०११:११)ले गरी त्यसको पाठ **५२८ यक्षमल्ल जन्म, ६०२ माघ ¨ म्वोक** भनी छपाए। त्यहाँ **६०२ माघ**पछि यस्तो .. चिह्न हालिएकोले पक्ष र तिथि उनीहरूले पढ्न नसकेको देखिन्छ। यही पाठ धनवज्र वज्राचार्य २०१९: १४७ मा दोहोऱ्याइएको छ।

६.२. यक्ष मल्लका समयका निश्चित संवत् र तिथिमितिको विषयमा लेख्दा शङ्करमान राजवंशीले चन्द्रमान जोशीकहाँको ठ्यासफूको सम्बद्ध पाठ **५२८ यक्षमल्ल जन्म**[१] र **६०२ माघ (यक्ष मल्ल) म्वोक**[२] भनी दिएका छन्।

६.३. **द थ्यासपु-डाइअरि बिलङ्इङ् टु चन्द्रमान् जोशी अफ् ठिमी गिभ्ज् एन्एस् ५२८ याज् हिज् बर्थ् डेट्, यान्ड् ६०२ माघ वदि ११ (ज्यान्युअरइ, १४८२ ए.डी.) याज् द डेट् अफ् हिज् डेथ् ।**

(ठिमीका चन्द्रमान जोशीको, ठ्यासफूमा लेखिएको डायरीमा उनको (यक्ष मल्लको) जन्ममिति ने.सं. ५२८ र उनको मरणको मिति ६०२ माघवदि ११ (ई.सं. १४८२ जनवरी) दिइएको छ।)

भनी डिल्लीरमण रेग्मी (२०२२:४५०)ले त्यस ठ्यासफूको आधारमा लेखेका छन् । उनले चन्द्रमान जोशीकहाँको ठ्यासफूको आधार लिई यस्तो लेखे पनि उनले छपाएको त्यस ठ्यासफूको पाठमा भने यक्ष मल्लको जन्म-मृत्युसम्बन्धी अंश परेको छैन ।[३]

६.४. भक्तपुरे राजाहरूका खानदानी पुरोहितको वंशका धनेश्वर राजोपाध्यायकहाँको टिपोटको पाठ नरहरिनाथ (२०१३)ले छपाएका छन् । त्यहाँ यक्ष मल्लको मृत्युको मिति पनि दिइएको छ र त्यसको पाठ नरहरिनाथ (२०१३:५६९)ले यसरी छपाएका छन्– **ॐ सम्वत् ६०२ फालगुण = (माघवदि) सुदि ११ यक्षमल्लदेव मोक** । यो देख्दा यक्ष मल्ल ने.सं. ६०२ फाल्गुनशुक्लएकादशीको दिन परलोक भए भनी यस टिपोटमा लेखिएकोमा चन्द्रमान जोशीकहाँको ठ्यासफूमा दिइएको, यक्ष मल्ल परलोक भएको मितिसँग सामञ्जस्य गर्न कोष्ठमा **माघवदि** भनी नरहरिनाथले सच्याएको देखिन्छ ।

६.५. धनेश्वर राजोपाध्यायकहाँको, नरहरिनाथ (२०१३)ले छपाएको टिपोटको पाठ मूलसँग रुजू गरी छपाएको भनी डिल्लीरमण रेग्मी(२०२३:१७)ले फेरि छपाएका छन् ।[४] त्यहाँ सम्बद्ध अंशको पाठ यसरी **ॐ सम्बत् ६०२ फाल्गुण सुदि ११ यक्षमल्लदेव मोक**[५] दिइएको छ ।

६.६. **जययक्षमल्ल वज् बर्न् इन् ५२८ एन्एस् (१४०८ ए.डी.) यान्ड् डाइड् इन् ६०२ फाल्गुन शुक्ल ११, करइस्पन्ड्इङ् टु मार्च् १स्ट् १४८२ ।**

(जययक्ष मल्ल ने.सं. ५२८ (ई.सं. १४०८)मा जन्मेका थिए र ६०२ फाल्गुनशुक्ल ११, तदनुसार १४८२ मार्च १ तारीखमा बिते ।)

भनी लूछ्याह्लो पेतेक (२०४०:१७६)ले लेखेका छन् र त्यसको प्रमाणको रूपमा उनले त्यहाँ (४ सङ्ख्याको टिप्पणीमा) शङ्करमान राजवंशी २०२३:१९, डिल्लीरमण रेग्मी २०२२: ४५० र नरहरिनाथ २०१३:५६९ दिएका छन् । यक्ष मल्ल ने.सं. ६०२ फाल्गुनशुक्लएकादशीको दिन परलोक भए भनी लूछ्याह्लो पेतेकले लेखी त्यसको

---

१. शङ्करमान राज्वंशी २०२२ कः ३६ मा (१) ।

२. उही २०२३:१९ मा ४३ सङ्ख्याको टिप्पणी ।

३. डिल्लीरमण रेग्मी २०२३क, २ खण्डमा १-४६ पृष्ठमा यस ठ्यासफूको पाठ छापिएको छ ।

४. उसैमा ५३-५६ पृष्ठमा यस टिपोटको पाठ छापिएको छ ।

५. उही २०२३, २ खण्ड:५५ ।

प्रमाणको रूपमा चन्द्रमान जोशीकहाँको ठ्यासफूको शङ्करमान राजवंशीले दिएको पाठमा तिथि र पक्ष नभई **६०२ माघ** मात्र भएको, त्यही ठ्यासफूको आधारमा डिल्लीरमण रेग्मीले **६०२ माघवदि ११** मा यक्ष मल्ल बिते भनी लेखेको र नरहरिनाथले प्रकाश गरेको टिपोटमा चाहिँ **सम्वत् ६०२ फालगुणसुदि ११** भएको कुराको खयाल नराखेर नरहरिनाथले प्रकाश गरेको टिपोटमा भएको मिति मान्दा मान्दै पनि चन्द्रमान जोशीकहाँको ठ्यासफूलाई पनि प्रमाण मात्र लूछ्याह्लो पेतेक भ्रमवश पुगेको देखिन्छ।

६.७. यक्ष मल्ल र उनीसँगै सती जाने ३ जना रानीहरूको सालिक उनीहरूको सपिण्डीकरणको दिनमा चाँगुनारायणको मन्दिरमा राखिएको कुरा ने.सं. ६०२ चैत्रशुक्लदशमी शुक्रवारको अभिलेखबाट बुझिन्छ।[६] सपिण्डी श्राद्ध आजभोलि पर्वतेहरूमा सामान्यतया मरेको बाह्रौँ दिनमा गरिने भएकोले होला, मोहनप्रसाद खनाल (२०४०:१८८)ले यस अभिलेखको **सपिण्डीकरणदिने**को अर्थ **सपिण्डी गर्ने दिन (बाऱ्हौं दिनमा)** भनी गरेका छन्।

६.८. रामजी तेवारी, शङ्करमान राजवंशी, धनवज्र वज्राचार्य र ज्ञानमणि नेपालले मूलबाट पढेको,[७] चन्द्रमान जोशीकहाँको ठ्यासफूको पाठमा यक्ष मल्ल परलोक भएको दिनको मिति अपूरो भएकोले, डिल्लीरमण रेग्मीले त्यस ठ्यासफूको मूलपाठ पूरै छाप्दा पनि त्यो वाक्य नपरेकोले र त्यही ठ्यासफूबाट अन्त भने उनले यक्ष मल्ल बितेको दिनको पूरा तिथिमिति दिए पनि मैले त्यो पाठ पत्याउन सकिनँ र नरहरिनाथले प्रकाश गरेको टिपोटमा पूरा तिथिमिति भएको र त्यसलाई पेतेकले पनि मानेकाले यक्ष मल्लको परलोक **फाल्गुनशुक्लएकादशीको दिन** भएको हो भनी मैले ठहऱ्याएँ[८]। यसरी यक्ष मल्ल ने.सं. ६०२ फाल्गुनशुक्लएकादशीको दिन बिते भन्ने मानी यक्ष मल्लको सपिण्डीकरणको दिनको कुरा परेको अभिलेख ने.सं. ६०२ चैत्रशुक्लदशमीको भएकोले **त्यो अभिलेख यक्ष मल्ल परलोक भएको १ महीना जतिपछि राखिएको देखिन्छ**[९] भनी मैले लेखेँ[१०]।

६.९. ज्ञानमणि नेपाल (२०५४:२५१)ले **वि.सं. १५३८ मा यक्षमल्ल परलोक भए** भनी लेखी त्यसको टिप्पणीमा यस्तो **६०२ माघ यक्षमल्ल म्वोक,**[११] **इ. संशोधन ४ सं. ११ पृ.**[१२] दिएकाले वि.सं. २०११ मा *इतिहास-संशोधन*मा धनवज्र वज्राचार्य र आफूले छापेको पाठमै उनी अडिग भएको देखिएको छ।

६.१०. भक्तपुरको मल्लवंशसम्बन्धी, ताडपत्रमा लेखिएको टिपोट योगेश राजले छपाएका छन्। त्यहाँ एक ठाउँ (घ पृष्ठ)मा **संवत् ६६२ यक्षमल्ल देव ॱ दिवंगत दिन** ॥ (योगेश राज २०५६:१०) देख्दा त्यहाँ भ्रमवश ६० वर्षपछिको मिति पर्न गएकोमा शङ्का छैन।

६. मोहनप्रसाद खनाल २०४०:१८८ = अभिलेखसंख्या ४२ = चित्रसंख्या ४०-४२।
७. धनवज्र वज्राचार्य र ज्ञानमणि नेपाल २०११:११, धनवज्र वज्राचार्य २०१९:२९०, शङ्करमान राजवंशी २०२३कः १७-१८।
८. महेशराज पन्त २०४२:४२-४३ मा २ सङ्ख्याको टिप्पणी, ४४।
९. उही: ४२ मा २ सङ्ख्याको टिप्पणीको उपटिप्पणी।
१०. यसमा परेका धेरैजसो वाक्य महेशराज पन्त २०६१:२५-२६ बाट सारिएका हुन्।
११. प्रूफको गल्तीले **भ्वोक** छापिएको छ।
१२. ज्ञानमणि नेपाल २०५४: २५२, १६ सङ्ख्याको टिप्पणी।

६.११. यक्ष मल्लको सालिकसम्बन्धी अभिलेख मोहनप्रसाद खनाल (२०४०:१८८)बाट उद्धृत गरिसकेपछि देविचन्द्र श्रेष्ठ (२०५९:२२)ले यस्तो

> **प्रस्तुत अभिलेख यक्ष मल्ल परलोक भएको ४५ दिनपछि सपिण्डीकरण विधिको उपलक्ष्यमा स्थापित हुँदा यस आधारमा ने.सं. ६०२ माघ कृष्ण दशमीमा यक्ष मल्ल मृत्यु भएको दिन मान्नु पर्ने छ।**

लेखेकाले मरेको ४५ दिनमा नेवारहरूमा सपिण्डी श्राद्ध गरिने र डेढ महीना अर्थात् ४५ दिन बुझाउने लत्या शब्दले सपिण्डीकरण बुझाउने भएकोले होला, देविचन्द्र श्रेष्ठले मरेको ४५ दिनमा गरिने श्राद्ध भनी मानेको यताबाट देखिएको छ। यक्ष मल्ल परलोक भएको दिनका, ने.सं. ६०२ मा २ थरी तिथिमिति पहिल्यै प्रकाशमा आइसके पनि तिनको विषयमा कुनै टिप्पणी नगरी चैत्रशुक्लदशमीको दिन सपिण्डी श्राद्ध भएकोले सोझै गन्दा माघकृष्णदशमीको दिन ४५ दिन हुने हुँदा त्यही दिन यक्ष मल्ल बितेका हुन् भनी देविचन्द्र श्रेष्ठले ठहऱ्याएको देखिन्छ।

६.१२. मुकुन्दराज अर्याल (२०६०)ले अहिलेसम्म प्रकाशमा नआएको अर्को एउटा ठ्यासफूको परिचय दिने क्रममा यस्तो

> **प्रस्तुत ठ्यासफूमा सूर्य पूजा विधि, चन्द्र पूजा विधि लेखिएको र धेरै पृष्ठहरूमा रायमल्ल राजा हुनु भन्दा अगाडिका केही राजपरिवार र रायमल्ल राजा भए पछि अगाडिका केही राजपरिवार र रायमल्ल राजा भए पछि उनीसङ्ग बस्ने उन्का भाइ परिवार, बनेपाका शासकहरू र उन्का परिवारको मृत्युको तिथिको तिथि टिपिएका छन्। मृत्युको तिथिमा 'एकोदिष्ट'*[१३] श्राद्ध गर्ने हिन्दू चलन अनुसार सबैको मृत्युको तिथि यहाँ दिइएका छन्। श्राद्ध शब्द प्रयोग नगरी 'ब्रह्म भोज्य' 'ब्राह्मण भोजन गराउने दिन' भन्ने शब्द प्रयोग गरिएका छन्।**
>
> **यस्मा यक्षमल्लको ब्रह्मभोज्यको दिन र सरस्वती देवीको एकै दिन परेको छ; त्यसबाट सरस्वती देवी सती गएको प्रष्ट* हुन्छ। यसै गरी हर्षमल्लको ब्रह्म भोजकै दिन उन्का रानीहरूको पनिं व्रह्म भोज्यको उल्लेख छ। यक्षमल्लको मृत्यु ६०२ मा भएको तथ्य प्रकाशमा आएको छ, तर यस ठ्यासकू*ले ६०२ माघ बदि ११ र राजमल्लको मृत्यु भाद्रशुक्ल ९ मा भएको प्रष्ट* हुन्छन्। यस ठ्यासफूमा उल्लेख भए अनुसार रानी गङ्गा देवीको मृत्यु श्रावण कृष्ण कै दिन भएको थाहा हुन्छ। त्यस्तै हर्षमल्लका साथ उनका दुई रानीहरू र सरूपा देव पनि सती गएको यस ठ्यासफूबाट जानकारी मिल्छ।**

लेखेकाले भक्तपुरे राजवंशका कसैकसैको एकोद्दिष्ट श्राद्धको लागि मृत्युतिथि त्यस ठ्यासफूमा टिपिएको कुरा मुकुन्दराज अर्यालको लेखाइबाट बुझिन्छ। मूलवाक्यको उद्धरण त्यहाँ नभए पनि त्यस ठ्यासफूबाट पनि माघकृष्णएकादशीमा नै यक्ष मल्ल परलोक भएको देखिन गएको छ।

६.१३. वि.सं. २०६१ मा प्रसङ्गवश यक्ष मल्लको मृत्युतिथिको विषयमा लेख्नुपर्दा वि.सं. २०६० मै छापिइसकेको भए पनि मुकुन्दराज अर्यालको सो लेख मैले देखेको थिइनँ। यसैले एउटामा अर्थात् चन्द्रमान जोशीकहाँको ठ्यासफूमा ने.सं. ६०२ माघकृष्णएकादशीमा र अर्कोमा अर्थात् धनेश्वर राजोपाध्यायकहाँको

---

१३. यस लेखमा जहाँ जहाँ यस्तो *चिह्न दिइएको छ, त्यसको अर्थ त्यो अशुद्ध शब्द जस्ताकोतस्तै सारिएको भन्ने हो।

टिपोटमा त्यही साल फाल्गुनशुक्लएकादशीमा यक्ष मल्ल बिते भनी लेखिएकोले उनी कुन दिन बितेका हुन् भन्ने कुराको निर्णय गर्न आभ्यन्तर र बाह्य दुवै खालका प्रमाण मैले केलाएँ र यक्ष मल्ल माघकृष्णएकादशीकै दिन परलोक भएका हुन् भन्नेपट्टि म ढल्के पनि निर्णय भने राम्रो गर्न सकेको थिइनँ ।[१४]

६.१४. ज्ञानमणि नेपाल (२०६२:२७९)ले **वि.सं. १५३८ अन्त्यतिर यक्ष मल्ल परलोक भए** भन्ने लेखी त्यसको टिप्पणीमा यस्तो **६०२ माघ यक्षमल्ल म्वोक । इ. सं. प्रमाणप्रमेय १३१ पृ. अभिलेखअनुसार यक्ष मल्लको मृत्यु वि.सं. १५३८ को अन्त्यतिर भएको बुझिन्छ**[१५] भनी लेखेकाले परस्परमा १५ दिनको अन्तर भएका, यक्ष मल्लको मृत्युका २ थरी मिति पाइए पनि उनले आफूलाई त्यस पचेडामा नपारेको देखिन्छ ।

६.१५. फेरि वि.सं. २०६३ मा प्रसङ्गवश यक्ष मल्ल परलोक भएको दिनको विषयमा लेख्नुपर्दा वि.सं. २०६० मै छापिइसकेको, मुकुन्दराज अर्यालको लेखबाट अर्को एउटा ठ्यासफूबाट पनि यक्ष मल्लको मृत्यु माघकृष्णएकादशीमै भएको बुझिन गएकोले [...] **यक्ष मल्ल माघकृष्णएकादशीमै परलोक भएका हुन् भनी भन्न बढी बल मिल्न गएको छ**[१६] भनी मैले लेखें ।

तर त्यहीं

> **मुकुन्दराज अर्याल २०६०:३१ मा अहिले मेरो आँखा पर्दा अहिलेसम्म प्रकाशमा नआएको अर्को एउटा ठ्यासफूको परिचय दिने क्रममा त्यहाँ त्यस ठ्यासफूको मूलवाक्यको उद्धरण नगरे पनि त्यस ठ्यासफूबाट पनि ने.सं. ६०२ माघकृष्णएकादशीमा यक्ष मल्ल परलोक भएको कुरा देखिन आयो ।**[१७]

भनी मैले लेखेकोले यस लेखाइबाट मुकुन्दराज अर्यालकहाँको ठ्यासफूबाट पनि यक्ष मल्लको मृत्युतिथि मात्र नदिई उनको मृत्युवर्ष पनि त्यहाँ भएको भन्ने भ्रम पर्न सक्छ ।

६.१६. माथि चर्चा गरिएको, काशीनाथ तमोटको लेख यसपछि यही साल प्रकाशमा आयो । त्यहाँ (२०६३: २-३) यक्ष मल्लको मृत्युतिथिको विषयमा अहिले हामीले छाप्न लागेको ठ्यासफूको आधारमा यस्तो लेखिएको छ–

> **थुगु घटना लूगुलिं मेमेगु थ्यासफू घटनावली तथा अभिलेखया यक्ष मल्लसम्बन्धी तिथिया रहस्य यच्चुक सीदत गथे-**
>
> **१. दिल्लीरमण रेग्मी (१०८६ लितँसा ३:५५)या थ्यासफू सी व ख्वपया धनेश्वर राजोपाध्यायया लुमंति पुथी च्वयातःगु (नरहरिनाथ १०७६:५६९) घटना टिपोट**
>
> **"ॐ सम्वत् ६०२ फाल्गुण सुदि ११ यक्षमल्लदेव मोक" यक्ष मल्ल मदुगुया पाक्षिक (बा:छि)खुन्हुया तिथि जुयाच्वन ।**

१४. महेशराज पन्त २०६१: २५-२७ मा ३० सङ्ख्याको टिप्पणी ।

१५. ज्ञानमणि नेपाल २०६२: ३०२, १६ सङ्ख्याको टिप्पणी ।

१६. महेशराज पन्त २०६३: ४८-४९ मा ८ सङ्ख्याको टिप्पणीको उपटिप्पणी ।

१७. उही ।

२. चांगुनारायणया यक्ष मल्ल प्रतिमा अभिलेखय् यक्ष मल्ल व वनापं सती वंपिं स्वम्ह कलाःपिनि सपिण्डी व शय्यादान याःगु "सम्वत ६०२ चैत्र शुक्ल दशमी शुक्रवार" (खनाल ११०३: अभिलेख ४२, किपा ४०-४२, प्रतिमा ३४) त्रैपाक्षिक (४५न्हु) श्राद्धया न्हि जुयाच्वन।

यक्ष मल्लया सपिण्डीकरण लत्यां याःगु खनेदुगुलिं ठकिया बः कयाः यक्ष मल्लया मृत्यु तिथि अनुमान याः पिनि तर्क मिले मजूगु सीदत गथे-

१. मोहनप्रसाद खनालं (११०३:१८८) सपिण्डी न्हि फिनिन्हुखुन्हु जुइ धाःगु मखुत।

२. देविचन्द्र श्रेष्ठं (११२२:२२) सपिण्डि ४५ न्हुं नेसं ६०२ चौलाथ्व १० शुक्रवार यासेंलि यक्ष मल्लया मृत्यु "सं ६०२ माघ कृष्ण दशमी" नालेमाः धागु छन्हु पात।

३. महेशराज पन्तं (११०६:४२) लुसियानो पेटेक (११०४:१७६)या लिउ वनाः यक्ष मल्लया मृत्यु ने.सं. ६०२ फाल्गुण शुक्ल एकादशी नालाः सपिण्डीकरण श्राद्ध लच्छिति लिपा याःगु जुइ धकाः तायकादीगु मखुत।

यक्ष मल्लया मृत्युबारे थिमिया चन्द्रमान जोशीया घटनावली थ्यासफूया चर्चा अनेकौं इतिहासविषयक सफुती बागू शतब्दि स्वयां न्ह्योनिसें जुयाच्वंगु दु। उगु सफू नेसं १०७४ बछलां (वि.सं. २०११ वैशाखं) योगी नरहरिनाथं हयाः संशोधन-मण्डल, यें, वतुया शिष्यपिंत याकनं ल्ह्यत ब्यूगु खः। उगु सफू धनवज्र वज्राचार्य, ज्ञानमणि नेपाल, रामजी तिवारी, शङ्करमान राजवंशीपिंसं ल्ह्ययाः संशोधनमण्डलय् तल। उकी नेसं ७९८ निसें ८२६ तकया घटना टिपोट दु। उकी छकुनय् मेगु हे ल्हाःआखलं च्वयातःगु दु-

"५२८ यक्षमल्ल जन्म, ६०२ .... म्वोक"।

(वज्राचार्य-नेपाल १०७४:११)

शङ्करमान राजवंशी (१०८६:१९) उगु खाली थासय् अन्दाज यानाः तनादिल-

"६०२ माघ (यक्षमल्ल) म्वोक"।

थुकियात दिल्लिरमण रेग्मी (१०८५:४५०) धाःसा पूरा तिथि ब्वनातःगु दु-

"६०२ माघ वदि ११"

वास्तवय् थ्व पायछि खनेदत।

प्रा. मुकुन्दराज अर्याल (११२३:३१)या थ्यासफुती च्वयातःगु खँ सकतां पायछि खनेदत–

"मृत्यु तिथिको 'एकोदिष्ट' श्राद्ध गर्ने हिन्दू चलन अनुसार सबैको मृत्युको तिथि यहाँ दिइएका छन्। श्राद्ध शब्द प्रयोग नगरी 'ब्रम्हभोज्य' "ब्राम्हण भोजन गराउने दिन" भन्ने शब्द प्रयोग गरिएका छन्।... यसमा यक्षमल्लको ब्रह्मभोज्यको दिन र सरस्वतीदेवीको एकै दिन परेको छ, त्यसबाट सरस्वतीदेवी सती गएको प्रष्ट हुन्छ। .... यक्षमल्लको मृत्यु ६०२ मा भएको तथ्य प्रकाशमा आएको छ, तर

थ्यासफूले ६०२ माघ बदि ११ .... मा भएको प्रष्ट* हुन्छन् ।"

(यो घटना भेट्टाइएकोले अरू अरू ठ्यासफू, घटनावली र अभिलेखको यक्ष मल्लसम्बन्धी तिथिको रहस्य स्पष्ट भएको थाहा भयो, किन कि-

१. डिल्लीरमण रेग्मी (२०२३, ३:५५ मा थपेको कुरा)को ठ्यासफू सी र भक्तपुरका धनेश्वर राजोपाध्यायको, स्मृतिपुस्तकमा लेखेको (नरहरिनाथ २०१३:५६९) घटना टिपोट

ॐ सम्वत् ६०२ फाल्गुणसुदि ११ यक्षमल्लदेव मोक यक्ष मल्ल बितेको पाक्षिक (१५ दिन)को तिथि भयो ।

२. चाँगुनारायणको, यक्ष मल्लको सालिक्को अभिलेखमा यक्ष मल्ल र उनीसँग सती जाने ३ जना पत्नीको सपिण्डी र शय्यादान गरेको सम्वत ६०२ चैत्रशुक्लदशमी शुक्रवासर (मोहनप्रसाद खनाल २०४०: ४२ सङ्ख्याको अभिलेख, ४०-४२ सङ्ख्याका चित्र, प्रतिमा ३४ सङ्ख्यामा) त्रैपाक्षिक (४५ दिनको) श्राद्धको दिन भयो ।

यक्ष मल्लको सपिण्डीकरण ४५ दिनमा गरेको देखिएकोले त्यसको मदत लिएर यक्ष मल्लको मृत्युतिथि अडकल गर्नेहरूको तर्क नमिलेको थाहा भयो, किन कि-

१. मोहनप्रसाद खनाल (२०४०:१८८)ले सपिण्डी गर्ने दिन १२ दिन हुन्छ भनेको मिलेन ।

२. देविचन्द्र श्रेष्ठ (२०५९:२२)ले सपिण्डी ४५ दिन ने.सं. ६०२ चैत्रशुक्ल १० शुक्रवार गरेपछि यक्ष मल्लको मृत्यु ने.सं. ६०२ माघकृष्णदशमीमा हुनुपर्ने भनेको १ दिनले फरक पऱ्यो ।

३. महेशराज पन्त (२०४२:४२)ले लूछ्याह्नो पेतेक (२०४०:१७६)लाई पछ्याई यक्ष मल्लको मृत्यु ने.सं. ६०२ फाल्गुनशुक्लएकादशीमा भएकोले सपिण्डीकरणश्राद्ध १ महीना जतिपछि गरेको हुन्छ भनी राख्नुभएको मिलेन ।

यक्ष मल्लको मृत्युबारे ठिमीका चन्द्रमान जोशीको, घटनावली ठ्यासफूको चर्चा इतिहासविषयक, अनेकौं पुस्तकमा आधा शताब्दीभन्दा अगाडिदेखि भएको छ । त्यो पुस्तक वि.सं. २०११ वैशाखमा योगी नरहरिनाथले ल्याई काठमाडौं वहाँको संशोधनमण्डलका शिष्यहरूले छिटै सारी दिएको हो । त्यो पुस्तक धनवज्र वज्राचार्य, ज्ञानमणि नेपाल, रामजी तिवारी र शङ्करमान राजवंशीहरूले सारी संशोधनमण्डलमा राखे । त्यसमा ने.सं. ७९८ देखि ८२६ तकका घटनाका टिपोट छन् । त्यसमा एक कुनामा अर्कै हस्ताक्षरले लेखिएको छ-

५२८ यक्षमल्ल जन्म, ६०२ ... म्वोक

(धनवज्र वज्राचार्य-ज्ञानमणि नेपाल २०११:११)

शङ्करमान राजवंशी (२०२३:१९)ले त्यो खाली ठाउँमा अन्दाज गरी थप्नुभएको छ-

६०२ माघ (यक्षमल्ल) म्वोक

यसलाई डिल्लीरमण रेग्मी (२०२२:४५०)ले भने पूरा तिथि पढ्नुभएको छ-

६०२ माघ वदि ११

वास्तवमा यो ठीक देखियो ।

प्रो. मुकुन्दराज अर्याल (२०६०:३१)को ठ्यासफूमा लेखिएको कुरा सबै ठीक देखियो–

मृत्यु तिथिको 'एकोदिष्ट' श्राद्ध गर्ने हिन्दू चलन अनुसार सबैको मृत्युको तिथि यहाँ दिइएका छन् । श्राद्ध शब्द प्रयोग नगरी 'ब्रम्हभोज्य' "ब्राम्हण भोजन गराउने दिन" भन्ने शब्द प्रयोग गरिएका छन् ।... यसमा यक्षमल्लको ब्रह्मभोज्यको दिन र सरस्वती देवीको एकै दिन परेको छ, त्यसबाट सरस्वतीदेवी सती गएको प्रष्ट हुन्छ । .... यक्षमल्लको मृत्यु ६०२ मा भएको तथ्य प्रकाशमा आएको छ, तर थ्यासफूले ६०२ माघ बदि ११ .... मा भएको प्रष्ट हुन्छन् ।)

काशीनाथ तमोटले यस नयाँ ठ्यासफूको आधार लिई यक्ष मल्ल बितेको वास्तव दिन दिएको ठीक भए पनि पूर्वसूरिहरूले यस विषयमा लेखेको कुराको विषयमा भने कहीँ कहीँ भ्रम पारिदिएका छन् । जस्तै **दिल्लीरमण रेग्मी (१०८६ लितँसा ३:५५)या थ्यासफू सी व ख्वपया धनेश्वर राजोपाध्यायया लुमंति पुथी च्वयातःगु (नरहरिनाथ १०७६:५६९) घटना टिपोट** अर्थात् **डिल्लीरमण रेग्मी (२०२३, ३:५५ मा थपेको कुरा)को ठ्यासफू सी र भक्तपुरका धनेश्वर राजोपाध्यायको, स्मृतिपुस्तकमा लेखेको (नरहरिनाथ २०१३:५६९) घटना टिपोट** भनी उनले लेखेकाले भक्तपुरका धनेश्वर राजोपाध्यायकहाँको टिपोट अर्थात् डिल्लीरमण रेग्मीअनुसार ठ्यासफू सीमा भएको, यक्ष मल्लको मृत्युतिथि मूल पुस्तकमा थपुवा हो भन्ने अर्थ उनको लेखाइबाट आउँछ । तर उनले भन्न खोजेकोचाहिँ ठ्यासफू सी नभई ठ्यासफू ए अर्थात् चन्द्रमान जोशीकहाँको ठ्यासफू हो ।

यक्ष मल्लको मृत्युतिथिको निर्णय गरी काशीनाथ तमोटले लेखेको त्यो लेख छापिनुभन्दा २९ महीना (महेशराज पन्त २०६१) र ३ महीना(उही २०६३)अगाडि छापिएका, मेरा लेखको चर्चा भने त्यहाँ छैन ।

६.१७. नयनाथ पौडेल(२०६६)ले यस विषयमा २ ठाउँमा लेखेका छन् । पहिलोपटक यक्ष मल्लको पालाका सामग्रीको विषयमा सिलसिलेवार ढङ्गले लेख्दा र दोस्रोपटक उनको अन्तिम समयको विषयमा लेख्दा यो प्रसङ्ग आएको छ ।

६.१७.१. सबभन्दा पहिले, पहिलो अंश(नयनाथ पौडेल २०६६:९०-९१)को उद्धरण यहाँ गरिन्छ–

(७०) चन्द्रमान जोशीसँग रहेको ठ्यासफूमा यस्तो उल्लेख गरिएको छ–

(ने.सं. ६०२ (वि.सं. १५३८) माघमा यक्ष मल्लको मृत्यु भयो) ।[८८][१८]

८८. राजवंशी, पूर्ववत्, पा.टि.नं. ७०, पृ. १९ ।

६०२ माघ (यक्ष मल्ल) स्वोक ।

---

१८. यस उद्धरणमा राखिएको, यो र यसपछि आउने अङ्कले नयनाथ पौडेलले राखेको टिप्पणीसङ्ख्या जनाउँछ र उनले दिएको टिप्पणी पनि लगत्तै यहाँ राखिएको छ ।

(७१) राष्ट्रिय अभिलेखालयमा रहेको ऐतिहासिक घटनावलीमा यक्षमल्लको मृत्युतिथिबारे यस्तो लेखिएको छ–

(ने.सं. ६०२ (वि.सं. १५३८* माघकृष्ण एकादशी पूर्वाषाढा नक्षत्र व्यतिपात *योग बुधवारका दिन राजा यक्ष मल्लदेव प्रभु ठाकुर दिवंगत भएको ।)[८९]

८९. काशीनाथ तमोट, "यक्ष मल्लया मृत्यु तिथि", (यलध्वखाः नेपाल मण्डल, ११२७), पृ. ३ ।
स ६०२ माघ कृष्ण एकादशी पूर्वाषाढनक्षत्र व्यतिपातयोग बुधवारकुन्हु जय यक्ष मल्लदेव प्रभु ठाकुर दिवगंत दिवस ।

(७२) वंशावलीमा यक्ष मल्लको मृत्युदिन यसरी लेखिएको छ–

(ने.सं. ६०२ (वि.सं. १५३८) फागुन शुक्ल एकादशी राजा यक्ष मल्ल दिवंगत भए ।)[९०]

९०. योगी नरहरिनाथ, *इतिहास प्रकाश*, अङ्क २, भाग ३, (काठमाडौं: कर्मवीर महामण्डल, २०१३), पृ. ५६९ ।

६०२ फागुन शुदी एकादशी यक्ष मल्ल म्वोक ।

यस अभिलेखमा वि.सं. १५३८ फागुनमा राजा यक्ष मल्लको निधन भएको कुरा उल्लेख छ ।

(७३) चाँगुनारायणको भण्डारको अभिलेखमा यक्ष मल्लको निधनबारे यस्तो लेखिएको छ–

(स्वर्गवासी जययक्ष मल्लको प्रतिमा चाँदीको लक्ष्मीनारायणको मूर्ति बनाई ... सम्वत् ६०२ (वि.सं. १५३८ चैत्र शुक्ल दशमी शुक्रवार) भन्ने उल्लेख गरिएको छ ।[९१]

९१. खनाल, पूर्ववत्, पा.टि.नं. ८५, पृ. १८८ ।
शिवत्वंगत जययक्षमल्ल देवस्य प्रतिमा, लक्ष्मीनारायण मूर्ति रुप्यनिर्म्मिता... सम्वत् ६०२ चैत्र शुक्ल दशमी शुक्रवासरे ।

नयनाथ पौडेलको लेखबाट माथि उद्धरण गरिएको अंशमा **वंशावलीमा यक्ष मल्लको मृत्युदिन यसरी लेखिएको** छ (२०६६:९०) भनी नरहरिनाथले छपाएको, भक्तपुरको टिपोटको उद्धरण गर्न उनी पुग्छन् । सबभन्दा हाँसोउठ्दो कुरा त के छ भने *इतिहासप्रकाश* २ अङ्क ३ भागमा छापिएको, यस कुराको टिप्पणी दिँदा *इतिहासप्रकाश*को सो अङ्कको प्रकाशक **कर्मवीर महामण्डल**लाई उनले बनाइदिएका छन् । यही गल्ती उनको **सन्दर्भ ग्रन्थ सूची** (उही:४२४)मा पनि दोहरिएको छ । वास्तवमा त्यस भागको मुखपृष्ठमा प्रकाशकको रूपमा **इतिहासप्रकाशसंघ** छ र अघिल्ला २ भागमा चाहिँ अलि फरक गरेर **इतिहास-प्रकाशक-संघ** लेखिएको छ । नरहरिनाथले **कर्मवीर महामण्डल** भन्ने राजनीति गर्ने दल खोलेको सुनेका नयनाथ पौडेलले उनको *इतिहासप्रकाश*को प्रकाशकमा **कर्मवीर महामण्डल**लाई दर्ता गरिदिएका छन् । यक्ष मल्ल परलोक भएको दिनको विषयमा पूर्वसूरिले लेखेको कुरा हाल्दा मेरा कुनै पनि लेखको चर्चा गरेका छैनन् ।

६.१७.२. अब दोस्रो अंश (नयनाथ पौडेल २०६६:१०५-१०८)पट्टि लागूँ ।

यक्ष मल्लको व्यक्तित्व-सम्बन्धी अध्याय समाप्त गर्नुभन्दा अघि यिनको मृत्यु वर्ष पनि निर्णय गर्नु उचित छ । किनभने यस सम्बन्धमा वंशावलीहरूमा अनेक विभिन्नताहरू छन् । राइटले यक्ष मल्लको मृत्यु ने.सं. ५९२ (इ.सं. १४७२) मा भएको हो भनेका छन्[१११] तथा अरू वंशावलीहरूमा पनि यही संवत् लेखिएको छ ।[११२]

१११. ड्यान्यल राइट्, हिस्टरि अफ् नेपाल्, (क्यालकटः राजन गुप्त, थर्ड् एडिशन् १९६६), पी. १८९ ।"

११२. ज्ञवाली, पूर्ववत्, पा.टि.न. ३, पृ. ९३ ।

चन्द्रमान जोशीसँग रहेको ठ्यासफुमा राजा यक्ष मल्लको मृत्युको सम्बन्धमा यस्तो टिपिएको छ-[११३]

११३. राजवंशी, पूर्ववत्, पा.टि.नं. ७०, पृ. १९ ।

यही ठ्यासफुलाई आधार मानी राजा यक्ष मल्लको ने.सं. ६०२ (वि.सं. १५३८) माघमा मृत्यु भएको हो भन्ने निर्णय संशोधन मण्डलबाट भएको छ ।[११४]

११४. वज्राचार्य र अरु, पूर्ववत्, पा.टि.नं. १०३, पृ. १२७ ।

अर्को एउटा टिपोटमा भने संवत् ६०२ फाल्गुन शुदी एकादशी यक्ष मल्लदेव म्वोक भनी लेखिएको छ । प्रा.डा. मुकुन्दराज अर्यालको संग्रहमा रहेको एउटा ठ्यासफुमा ब्रह्मभोज्य* दिवा भनी राजा यक्ष मल्ल र महारानी सरस्वती देवीको तिथि माघ वदि ११ भनी उल्लेख गरिएको छ । यस ठ्यासफुमा मृत्यु वर्ष टिपिएको छैन तापनि श्राद्धका लागि विभिन्न राजा एवं राजपरिवारका सदस्यहरूको तिथिलाई उल्लेख गर्ने क्रममा यक्ष मल्लको मृत्यु तिथि उल्लेख गरिएको हुँदा यसलाई पनि महत्व*पूर्ण स्रोतको रूपमा लिन सकिन्छ ।

धनेश्वर राजोपाध्यायको संग्रहमा रहेको टिपोटलाई आधार मानी महेशराज पन्तले राजा यक्ष मल्लको मृत्यु वि.सं. १५३८ फागुन शुक्ल एकादशीमा भएको हो भनी मान्नुभएको छ[११५] । यक्ष मल्ल र उनीसँगै सती जाने तीनजना रानीहरूको प्रतिमा उनीहरूको सपिण्डीकरण श्राद्धको दिन चाँगुनारायणको मन्दिरमा चढाइएको थियो । यो अभिलेख यक्ष मल्ल परलोक भएको एक महीना जतिपछि राखिएको देखिन्छ भनी महेशराज पन्तले लेख्नु भएको छ ।

११५. महेशराज पन्त, "ताडपत्रका लिखतपत्रमा अधिमास", *पूर्णिमा*, पूर्णाङ्क ११४, (काठमाडौं: संशोधन मण्डल, २०६१), पृ. २६ ।

अब उपलब्ध प्रमाणहरूको बारेमा निर्णयको लागि छलफल गर्नुपर्ने हुन्छ । आजभोलि हाम्रो पञ्चाङ्ग पूर्णान्तमानले चल्छ । मध्यकालमा पञ्चाङ्ग अमान्तमानले गणना गर्ने परम्परा चलेको थियो । अर्थात् मध्यकालमा वर्षको प्रारम्भ शुक्लपक्षबाट हुन्थ्यो भने आजभोलि नववर्ष कृष्णपक्षबाट शुरु हुन्छ ।

---

१९. यो मूलमा रोमन लिपिमा छ ।

चन्द्रमान जोशीसँग रहेको ठ्यासफुमा उल्लेखित '६०२ माघ (यक्ष मल्ल) म्वोक' भन्ने वाक्यांशलाई आधार बनाई राजा यक्ष मल्लको मृत्यु माघमा भएको हो भन्ने संशोधन मण्डलको निर्णयलाई अहिलेसम्म प्राप्त अन्य प्रमाणहरूको आधारमा विश्लेषण गर्नुपर्ने देखिन आउँछ ।

प्रा.डा. मुकुन्दराज अर्याल* रहेको ठ्यासफुमा ब्रह्मभोज्य दिवा भनी यक्ष मल्ल र सरस्वती देवीको तिथि माघवदि ११ भनिएको छ । यसले चन्द्रमान जोशीसँग रहेको ठ्यसफु*लाई समर्थन गर्न खोजिएको देखिन्छ ।

धनेश्वर राजोपाध्यायको संग्रहमा रहेको टिपोटलाई आधार मानी श्री महेशराज पन्तले यक्ष मल्लको मृत्यु फाल्गुण*शुक्ल एकादशीमा भएको हो भनी मान्नुभएको छ । यसै दिनलाई यक्ष मल्लको मृत्यु दिन भनी इतिहासकार लुसियानो पेटेक तथा डा. डिल्लीरमण रेग्मीहरूले पनि मान्नुभएको छ । परन्तु यो अभिलेख पनि यक्ष मल्लका समयको होइन । एकजना राजोपाध्यायले धेरै पछि सम्झनाको आधारमा टिपोट गरिएको वाक्यले पनि निर्णयात्मक रूप दिनसकेको देखिँदैन ।

श्री मोहनप्रसाद खनालले यक्ष मल्लको मृत्यु भएको बाह्रौं दिन सपिण्डीकरण गरेको दिन यक्ष मल्लको मूर्ति बनाई चाँगु नारायणमा स्थापना गरेको विषयमा उक्त सालिकको पीठमा उत्कीर्ण गरिएको वाक्यलाई नै अहिलेसम्म प्राप्त सबै प्रमाणहरूमध्ये बढी प्रामाणिक मान्नुभएको छ । यसैले राजा यक्ष मल्लकी महारानी सरस्वती देवी तथा ल्याइते रानी जीवलक्ष्मी र जयतनाहरू राजा यक्ष मल्लको निधनपछि सँगै सती गएको हुनाले यक्ष मल्लको देहावसान भएपछि यी रानीहरूको सहित भएर राजा यक्ष मल्लको सपिण्डीकरण गरिएको कुरा चाँगुनारायणको अभिलेखमा उल्लेख गरिएको छ । यस अभिलेखमा चैत्रशुक्ल दशमीको दिन सपिण्डीकरण गरिएको उल्लेख भएको र सपिण्डीकरण गर्ने कार्य बाह्रौं दिनमा गरिने हुँदा यक्ष मल्लको मृत्यु ६०२ फागुनमा भएको हो भनी मोहनप्रसाद खनालले निर्णय गर्नु भएको छ ।[११६] सपिण्डीकरण कार्य कहिले गरिन्छ भन्ने कुराको विषयमा विचार गर्दा वामन शिवराम आप्टेको द प्र्याक्टिक्ल् स्यान्स्क्रिट्, इङ्ग्लिश् डिक्शन्अरि[२०]मा यस्तो लखिएको* छः–

११६. खनाल, पूर्ववत्, पा.टि.नं. ८५, पृ. १८७ ।

(दिवंगत भएका आफन्तको सम्मानमा सम्पन्न गरिने विशेष किसिमको श्राद्धलाई सपिण्डीकरण भनिन्छ । यो संस्कार आफन्त दिवंगत भएको वर्षदिन पूरा भएपछि गरिन्छ । तर आजभोलि यो कार्य व्यक्तिको निधन भएको बाह्रौं दिनमा मृत्यु संस्कार कार्यको एक अङ्गको रूपमा गरिन्छ ।)[११७]

११७. वामन शिवराम आप्टे, द *प्राक्टिल* संस्कृत-इङ्गलिस डिक्सनरी*, (दिल्लीः मोतिलाल बनारसीदास, १९९५), पृ. ९५८ ।

'द पर्फर्म्यान्स् अफ् अ पर्टिक्युलर् श्राद्ध इन् अन्अर् अफ् डिसीस्ड् रेल्अटिभ़्ज् कल्ड् सपिण्ड टु बी पर्फर्म्ड् याट् दि एन्ड् अफ् वन् फुल् यर् आफ्टर् द डेथ् अ रेल्अटिभ़्, बट् नाउ यूझुअल्लि पर्फर्म्ड् अन् द १२थ् डे आफ्टर् डेथ् याज् पार्ट् अफ् द फ्यूनर्अल् अब्सिक्विज् ।"[२०]

२०. यो मूलमा रोमन लिपिमा छ ।

यसरी यस शब्दकोश अनुसार सपिण्डीकरण कार्य कि व्यक्तिको निधन भएको एक वर्ष पूरा भएपछि कि बाह्र दिनपछि गरिने रहेछ भन्ने कुरा स्पष्ट हुन्छ।

राजा यक्ष मल्ल एवं जीव मल्लले आफ्नी आमा संसारदेवीको निधन भएको ४५ औं दिनमा आमाको शालिक पशुपतिमा स्थापना गरेका थिए। यसै परम्परालाई अनुसरण गरी यक्ष मल्लका रानी एवं छोराहरूले उनको शालिक उनको निधन भएको ४५ औं दिनमा राखेको हुन सक्ने संभावना पनि विद्वान*हरुले व्यक्त गरेका हुन्।

हाल अनुसन्धानको सिलसिलामा यक्ष मल्लको मृत्युतिथि स्पष्टसँग उल्लेख भएको अभिलेख पाइएको छ। जुन यस प्रकार छ–

(ने.सं. ६०२ (वि.सं. १५३८* माघकृष्ण एकादशी पूर्वाषाढा नक्षत्र व्यतिपात* योग बुधवारका दिन राजा यक्ष मल्लदेव प्रभु ठाकुर दिवंगत हुन*भयो, महारानी सरस्वतीदेवी ... जयतना भोग वर्ष ७४ महिना ६ यसो भयो।)[११८]

११८. तमोट, पूर्ववत्, पा.टि.नं. ८९, पृ. ३।

स ६०२ माघ कृष्ण एकादशी पूर्वाषाढनक्षत्र व्यतिपातयोग बुधवारकुन्हु जय यक्ष मल्लदेव प्रभु ठाकुर दिवगंत दिवस, सति सरस्वतीदेवी थकुनी निशयधमतुभिस जयतन, भक्तलपात्वं वर्ष ७४ मास ६ थ्वते जुलो ॥

यताबाट मथि उल्लेख गरिएका सबै किसिमका तर्क एवं व्याख्याहरूउपर संशोधन गर्नुपर्ने भएको छ र राजा यक्ष मल्लको मृत्यु ने.सं. ६०२ (वि.सं. १५३८) माघकृष्ण एकादशीमा भएको हो भन्ने कुराको निर्णय हुन्छ। यसैले चैत्रकृष्ण दशमीको दिन राजा यक्ष मल्लको सालिक राखी सपिण्डीकरण गरिएको कार्य उनको निधन भएको ४५ औं दिनमा गरिएको रहेछ भन्ने पनि स्पष्ट हुन्छ।

पहिलो अंशभन्दा दोस्रो अंश अलि राम्रो भए पनि त्यसमा पनि कमजोरी नभएका होइनन्। उदाहरणको लागि **[...] मध्यकालमा वर्षको प्रारम्भ शुक्लपक्षबाट हुन्थ्यो भने आजभोलि नववर्ष कृष्णपक्षबाट शुरु हुन्छ (१०६)** भनी उनले लेखेको कुरामा टिप्पणी गर्नुपर्छ। ने.सं. को वर्षारम्भ कार्तिकशुक्लप्रतिपदामा भए जस्तै हाम्रो यहाँ तिर वि.सं. वा शकको वर्षारम्भ चैत्रशुक्लप्रतिपदामा हुने भएकोले तीनै थरी संवत् शुक्लादि हुन् भन्ने कुरामा शङ्का छैन। यस कारण **आजभोलि नववर्ष कृष्णपक्षबाट शुरु हुन्छ** भनी लेख्नु सोह्रै आना अशुद्ध हो भनी भनिरहनुपर्दैन। ने.सं. को महीना शुक्लपक्षबाट र हाम्रो यहाँतिर वि.सं. वा शकको महीना कृष्णपक्षबाट शुरू हुन्छ भनी नयनाथ पौडेलले भन्न खोजेको देखिन्छ। तर एउटा टिपोटमा माघकृष्णएकादशीको दिन र अर्को टिपोटमा फाल्गुनशुक्लएकादशीको दिन यक्ष मल्ल परलोक भए भनी लेखिए पनि अमान्तमान वा पूर्णान्तमानसम्बन्धी कालमानले यसमा केही असर पर्दैन। माघकृष्णएकादशी भनेको पूर्णान्तमानअनुसार फाल्गुनकृष्णएकादशी हो। यसको मतलब यक्ष मल्लको मृत्युको दिन एउटा टिपोटमा १५ दिनअगाडि र अर्को टिपोटमा १५ दिनपछाडि दिइएको मात्र हो।

६.१७.३. नयाँ ठ्यासफूमा ने.सं. ६०२ माघकृष्णएकादशीको दिन यक्ष मल्ल परलोक भए भन्ने मात्र नलेखी त्यहाँ **भुक्तलपात्वं वर्ष ७४ मास ६ थ्वते जुलो अर्थात् भोग गरेको ७४ वर्ष ६ महीना यति भयो** भन्ने लेखिएकोले **यक्ष मल्लया जन्म मेथाय् नेसं ५२८ धयातःगुली थन मदुबले ७४ दँ व खुला दुगु खः धाःगुलिं वास्तविक जन्म नेसं ५२७ श्रावण (गुंला) जुइमाःगु न्हूगु मिति खनेदत** अर्थात् **यक्ष मल्लको जन्म अन्त ने.सं. ५२८ मा भनेकोमा यहाँ [उनी] बित्दा ७४ वर्ष र ६ महीना भएको थियो भनी भनेकोले [उनको] जन्म वास्तवमा ने.सं. ५२७ श्रावणमा भएको स्पष्ट हुन्छ** भनी काशीनाथ तमोट (२०६३:४)ले लेखेको ठीक देखिन्छ ।

काशीनाथ तमोटको यही लेख हेरी नयाँ ठ्यासफूको आधारमा यक्ष मल्ल ने.सं. ६०२ माघकृष्णएकादशीको दिन यक्ष मल्ल परलोक भए भनी मान्ने नयनाथ पौडेल (२०६६:१६६)ले काशीनाथ तमोटको यही लेखमा भएको यक्ष मल्लको जन्मसमयको विषयमा भने यस्तो

> **राजा ज्योतिर्मल्ल तथा महारानी संसारदेवीका जेठा छोरा यक्ष मल्लको जन्म ने.सं. ५२८ वि.सं. १४६५ मा भएको हो ।[१]**
>
> **१. शंकरमान राजवंशी, "यक्ष मल्लका समयका निश्चित संवत् र तिथिमितिहरू", पूर्णिमा, पूर्णाङ्क ७, (काठमाडौंः संशोधन मण्डल, २०२२), पृ. ३६ ।**
>
> **राजा यक्ष मल्ल वि.सं. १४६५ मा जन्मी वि.सं. १४८५ मा राजा भई वि.सं. १५३८ मा परलोकगामी भएका थिए ।**

लेखेकाले उनले काशीनाथ तमोटको लेख राम्ररी नहेरेको देखिन्छ ।

६.१८. ने.सं. ५३३ (वि.सं. १४६९) माघशुक्लत्रयोदशी (माघ २० गते)[२१] को ज्योतिर् मल्लको शिलापत्रमा आएको, यक्ष मल्लको सन्दर्भको विषयमा नयनाथ पौडेल (२०६६: ५५-५६)ले लेखेको कुराको चर्चा पनि यस प्रसङ्गमा गर्नु उपयुक्त होला-

> **राजा ज्योतिर्मल्ल तथा महारानी संसारदेवीका जेठा छोरा यक्ष मल्लको जन्म ने.सं. ५२८ वि.सं. १४६५ मा भएको हो ।[१] राजा ज्योतिर्मल्लले पशुपतिनाथ मन्दिरको जीर्णोद्धार गरी वि.सं. १४६९ मा अभिलेख राख्ता यक्ष मल्ल पाँच वर्षका बालक थिए । त्यस अभिलेखमा यक्ष मल्लको विषयमा निम्न कुरा लेखिएको छ–[२]**
>
> **१. शंकरमान राजवंशी, "यक्ष मल्लका समयका निश्चित संवत् र तिथिमितिहरू", *पूर्णिमा*, पूर्णाङ्क ७, (काठमाडौँ : संशोधन मण्डल, २०२२), पृ. ३६ ।**
>
> **२. गोविन्द टण्डन, *पशुपति क्षेत्रको सांस्कृतिक अध्ययन*, भाग २, (काठमाडौँ : भरेन्द्रशमशेर ज.व.रा., २०५३), पृ. १२३ ।**

२१. शङ्करमान राजवंशी २०२२ क :३७ ।

श्रीजोतिमल्लहृदयनन्दन यक्ष मल्लः सर्वाङ्गसुन्दरवपुरतिमंजुवाणी ।
भक्तापुरीनगरवासितसौष्यकारी दूर्भिक्षदुःखभयहारणदेवमूर्तिः ।।

(श्रीज्योतिर्मल्लका छोरा यक्ष मल्ल सर्वाङ्गसुन्दर, मीठो बोल्ने, भक्तपुरनगरवासीहरूलाई सुख दिने, दुर्भिक्ष, दुःख, भय हरण गर्नमा देवमूर्तितुल्य हुनुहुन्छ।) यसैको भरमा धेरै इतिहासकारहरूले बाबुको राज्यकालमा भादगाउँको शासनभार यिनका अधीन भएको, भादगाउँमा अनिकाल पर्दा यिनले त्यसको प्रतीकार गरेको र नगरको शासनभार युवराजका जिम्मामा रहेको भन्ने कुरा लेखेका छन्। यस अभिलेखको आधारमा नेपाल उपत्यकाको मध्यकालीन इतिहास भन्ने ग्रन्थमा श्री सूर्यविक्रम ज्ञवालीले यस्तो लेख्नुभएको छ–

"ज्योतिर्मल्लको पशुपतिको शिलालेखबाट आफ्ना पिताका राजत्व कालमा यक्ष मल्लले भागदागाउँको शासनभार यिनका अधीन भएको कुरा अनुमान हुन्छ। त्यसमा यिनका सुन्दर शरीरको वर्णन गरी यिनलाई भक्तपुरीका नागरिकहरूलाई दुर्भिक्षका भयदेखि मुक्त गराउने भनी लेखिएको छ। (दुर्भिक्ष-दुःखभयहारणदेवमूर्ति) भादगाउँमा अनिकाल पर्दा यिनले त्यसको प्रतिकार गरेको कुराबाट यक्ष मल्लले युवराज हुँदा नगरका शासनको जिम्मा यिनै उपर थियो।"[३]

३. सूर्यविक्रम ज्ञवाली, *नेपाल उपत्यकाको मध्यकालीन इतिहास*, (काठमाडौँ: रोयल नेपाल एकेडेमी, २०१९), पृ. ८९।

यसै गरी इतिहासकार बालचन्द्र शर्माले यस विषयमा यस्तो लेख्नुभएको छ–

"स्मरण रहोस् कि ज्योतिर्मल्लले आफ्नो पशुपति-अभिलेखमा यक्ष मल्ललाई *'भक्तापुरी नगरवासितसौख्यकारी'* लेखेर आफ्नो जीवनकाल अर्थात् नेपाली संवत् ५३३ ई.सं. १४१३ देखि नै यक्ष मल्ल भादगाउँका युवराज अथवा शासक भएको प्रमाण दिएका छन्।"[४]

४. बालचन्द्र शर्मा, *नेपालको ऐतिहासिक रूपरेखा*, पहिलो संस्करण, (वनारस : बाबु माधवप्रसाद शर्मा, २००८), पृ. १४२।

इतिहासकार लुसियानो पेटेकले पनि यक्ष मल्ललाई पाँच वर्षकै उमेरमा भक्तपुरका नाममात्रका गर्भनर भए भनी लेख्नुभएको छ।[५] यसरी श्रीसूर्यविक्रम ज्ञवाली र लुसियानो पेटेक लगायतका इतिहासकारहरूले लेख्नुभएको यो कुरा वास्तविकतामा आधारित छ छैन भन्ने विषयमा विचार गर्नुपर्ने भएको छ। किनभने पाँच वर्षका बालकले भादगाउँको शासन सँभाल्नु कत्तिको सम्भव हुन सक्तछ। यस अभिलेखमा राजकुमार यक्ष मल्लको वर्णन गर्दा तात्कालिक कविले कुमार जन्मिएपछि 'भक्तापुरीनगर-वासितसौष्यकारीदुर्भिक्षदुखभयहारणदेवमूर्ति' भनेर शहरमा रोगव्याधि नलागेको, सहकाल फैलिएको हुनाले शुभ लक्षण देखियो भन्ने आफ्नो भाव मात्र व्यक्त गरेको देखिन्छ। अभिलेखमा वर्णित प्रत्येक शब्दको अर्थ गर्दा भक्तपुर नगरलाई शासन गरे भनी लेखिएको चाहिँ पाइँदैन। नेपालको इतिहासलाई

हेर्दा सानै उमेरमा राजा भएका उदाहरण थुप्रै देखिन्छन् तापनि उल्लिखित शब्द-शब्दहरूको अर्थ गरी निष्कर्ष निकाल्दा राजकुमार यक्ष मल्लले पाँच वर्षको उमेरमा भक्तपुरको शासन गरे भन्ने कुराचाहिँ माथिको अभिलेखबाट पुष्टि हुँदैन ।

५. लुसियानो पेटेक[२२], मेड्इईभ़ल् हिस्टरि अफ् नेपाल, (रोम : इन्स्तित्युतो[२३] इतालिआनो पेर ई[२४] मेद्इओ एद एस्त्रेमो ओरियेन्त[२५]) पी. १७६ ।

६.१९. नयनाथ पौडेलले वि.सं. २०६६ मा जे कुरा लेखे, त्यसभन्दा झण्डै ४४ वर्षअगाडि शङ्करमान राजवंशी (२०२२ क:३६-३८)ले यस विषयमा लेखिसकेका थिए–

"वि.सं. १४६५ मा + यक्षमल्लको जन्म भयो ।"

(१) ५२८ यक्षमल्ल जन्म

[चन्द्रमान जोशीसंग रहेको ठ्यासफुबाट]

[ने.सं. ५२८ (वि.सं. १४६५) मा + यक्षमल्लको जन्म भयो]

+ यहाँ वि.सं. १४६४ को उत्तरार्द्ध वा १४६५ को पूर्वार्द्ध हुन सक्छ ।

"राजा ज्योतिर्मल्लका छोरा राजकुमार यक्षमल्ल वि.सं. १४६९ मा राजधानी भक्तपुरमा थिए ।"

(२) देवः श्रीजयजोतिमल्लनृपतिः संसारदेवीपतिः ......

श्रीजोतिमल्लहृदयनन्दनयक्षमल्लः ......

भक्तापुरीनगरवासितसौख्यकारी

दुर्भिक्षदुःखभयहारणदेवमूर्तिः। ......

संवत् ५३३ माघ शुक्ल त्रयोदशी पुनर्वसुनक्षत्रे प्रोतियोगे आदित्यवारे

(पशुपतिको ज्योतिर्मल्लको वि.सं. १४६९ को अभिलेख)

[संसारदेवीका पति राजा श्रीजयज्योतिर्मल्लदेव हुनुहन्छ । उहाँका छोरा भक्तपुरका बासिन्दालाई सुख दिने अनिकाल दुःख डर हटाउने देवमूर्ति भएका यक्षमल्ल हुनुहन्छ । ...... ने.सं. ५३३

---

२२. यो मूलमा रोमन लिपिमा छ । मैले लूछ्याहो पेतेक लेख्ने गरे पनि नयनाथ पौडेलले यही नाम देवनागरीमा लेख्दा लुसियानो पेटेक लेखेकाले माथि उनको लेखाइबाट उद्धरण गर्दा लुसियानो पेटेक लेखिएको हो ।

२३. लूछ्याहो पेतेकको पुस्तक छाप्ने संस्थाको नाउँ Istituto बाट उठ्छ, नयनाथ पौडेलले लेखे जस्तो Instituto बाट होइन । उनले माथि लेखेकै कुरालाई देवनागरी बनाउनुपरेकोले माथि इन्स्तित्युतो भएको हो ।

२४. यस संस्थाको नाउँमा il छ, नयनाथ पौडेलले लेखे जस्तो ii छैन । उनले लेखेकै कुरालाई देवनागरी बनाउनुपरेकोले माथि ई गरेको हो ।

२५. यस संस्थाको नाउँ Oriente मा टुङ्गिन्छ, नयनाथ पौडेलले लेखे जस्तो Orient मा होइन । उनले माथि लेखेकै कुरालाई देवनागरी बनाउनुपरेकोले माथि ओरियेन्त गरेको हो ।

(वि.सं. १४६९) माघ शुक्ल त्रयोदशी आइतवार पुनर्वसु नक्षत्र प्रीति योगमा ।]

यस दिनको गणना गर्दा आएको पञ्चाङ्ग यस प्रकारको छ–

ने.सं. ५३३ वि.सं. १४६९ माघ शुक्ल

[गते]	[वार]	[तिथि]	[घडी]	[पला]	[नक्षत्र]	[घडी]	[पला]	[योग]	[घडी]	[पला]
माघ २०	आइत	त्रयोदशी	३।	५३	पुनर्वसु	४२।	४	प्रीति	५६।	५५

यस वेला वि.सं. १४६९ मा यक्ष मल्ल ४।५ वर्षका बालक थिए । उनी आफ्ना बाबुसंग राजधानी भक्तपुरमै रहन्थे । यस शिलालेखमा यक्षमल्ल भक्तपुरका शासक बनाइएका थिए भन्ने उल्लेख छैन । यहाँ राजकुमार देवता जस्ता हुनुहुन्छ । उहाँबाट (उहाँको जन्मबाट) भक्तपुरमा दुःख दारिद्र्य हटिरहेछ भन्ने स्तुति परेको छ ।

यस कारण-

"स्मरण रहोस् कि ज्योतिर्मल्लले आफ्नो पशुपति-अभिलेखमा यक्ष मल्ललाई 'भक्तापुरीनगरवासित-सौख्यकारी' लेखेर आफ्नो जीवनकाल अर्थात् नेपाली संवत् ५३३ (+ ८८० = १४१३ ई.) देखिनै यक्ष मल्ल भादगाउँका युवराज अथवा शासक भएको प्रमाण दिएका छन् ।"

{श्रीबालचन्द्र शर्माको नेपालको ऐतिहासिक रूपरेखाको वि.सं. २००८ मा प्रकाशित भएको पहिलो संस्करणको १४२ पृष्ठ}

(वि.सं. २०२२ मा श्रीबालचन्द्रज्यूले नेपालको ऐतिहासिक रूपरेखाको दोस्रो संस्करण गर्नुहुँदा पनि उही वाक्य जस्ताको तस्तै दोहोऱ्याउनुभएको छ । १४१ पृष्ठ हेर्नुहोस्) ।

ज्योति मल्ल तथा संसार देवीका छोरा यक्ष मल्ल पिताका मृत्यु पछी सिंहासनारूढ भये । ..... ज्योति मल्लको पशुपतिको शिलालेखबाट अफ्ना पिताका राजत्व कालमा भादगाउँको शासनभार इनका अधीन भयेको कुरा अनुमान हुन्छ । तेसमा इनका सुन्दर शरीरको वर्णन गरी इनलाई भक्तापुरीका नागरिकहरूलाई दुर्भिक्षका भयदेखी मुक्त गराउने भनी लेखियेको छ । (दुर्भिक्ष भय हारणदेवमूर्ति) भादगाउँमा अनिकाल पर्दा इनले तेसको प्रतिकार गरेका कुरा बाट यक्ष मल्लले युवराज छँदा नगरका शासनको जिम्मा इनैको रहेछ भन्ने यौट्य अनुमान हुन्छ ।

(श्रीसूर्यविक्रम ज्ञवालीको नेपाल उपत्यकाको मध्यकालीन इतिहासको ८९ पृष्ठ)

शर्माज्यू र ज्ञवालीज्यूका यी उक्ति निराधार देखिन्छन् ।

शङ्करमान राजवंशीले लेखेकै कुरालाई नयनाथ पौडेलले पल्लवित गरेको हो भन्ने मात्र स्पष्ट नभई पूर्वसूरिको नाउँ नलिई आफैँले नै इदम्प्रथमतया यो कुरा प्रतिपादन गर्न खोजेको यताबाट देखिन गएको छ ।

६.२०. **ज्योतिषीय गणना यायुत थन नक्षत्र, योग व वार समेत उल्लेख दु** अर्थात् **ज्यौतिषसम्बन्धी गणना गर्न यहाँ नक्षत्र योग र वारसमेतको उल्लेख छ** भनी काशीनाथ तमोट (२०६३:४)ले ६ वर्षअघि लेखे पनि यस तिथिमितिको गणना गरी यसको सत्यापन गर्ने काम भने अझै भएको छैन।

६.२१. चन्द्रमान जोशीकहाँको ठ्यासफू अविकल रूपमा डिल्लीरमण रेग्मी (२०२३ २ खण्ड:१-४६)ले छपाउँदा यक्ष मल्लको जन्ममृत्युसम्बन्धी मिति आएको छैन, खालि अन्यत्र यस विषयमा लेख्दा मात्र उनले (२०२२:४५०) त्यस ठ्यासफूको आधारमा ने.सं. ६०२ माघकृष्णएकादशीमा यक्ष मल्लको मृत्यु भयो भनी लेखेको कुरा माथि परिसकेको छ।

त्यस ठ्यासफूको मूलपाठ वि.सं. २०६६ मा(महेशराज पन्त २०६६ क) र फ्याक्सिमिलि वि.सं. २०६७ मा (उही २०६७) मैले छपाएँ। त्यस ठ्यासफूको ५९ पृष्ठको तल्लो किनारामा **स ५२८ यक्ष मल्ल जन्म स ६०२ माघ कृ ।। एकाद = ४ रा ६ म्वोक** भनी लेखिएको छ।[२६] **एकाद**पछि यस्तो **=** चिह्न दिई **४ रा ६** लेखिएकोको अर्थ भने मलाई लागेको छैन।

६.२२. ने.सं. ६०२ माघकृष्णएकादशी बुधवार पूर्वाषाढानक्षत्र व्यतीपातयोगमा यक्ष मल्ल दिवङ्गत हुँदा उनको उमेर ७४ वर्ष ६ महीना थियो भनी यस नयाँ ठ्यासफूमा लेखिएकोले ने.सं. ५२७ (वि.सं. १४६४) श्रावणमा उनको जन्म भएको देखिन्छ। यताबाट उनको जन्म वि.सं. १५६४ श्रावणमा र मृत्यु वि.सं. १५३८ [पूर्णान्तिमानले] फाल्गुनकृष्णएकादशीको दिन भएको स्पष्ट हुन्छ।

६.२३. यस नयाँ ठ्यासफूमा यक्ष मल्लको · मृत्युको विषयमा लेखिएको वाक्य

> **८ स ६०२ माघकृष्णएकादशी पूर्वाषाढनक्षत्र व्यतिपातयोग बुधवार कुह्नु जययक्ष मल्लदेव प्रभु ठाकुर दिवंगत दिवस ॣ सति सरस्वतीदेवी थकुनीनि शयधम तु भिस जयतन भुक्तलपात्वं वर्ष ७४ मास ६ थ्वते जुलो ।।**

को पूरै अर्थ मलाई लागिसकेको छैन। **थकुनी**पछिको पाठ काशीनाथ तमोटले **निशयधमतुभिस जयतन** भनी पढेका छन्। **थुगु अभिलेखय् 'निशयधमतुभिस' धाःगु छु खः मथूनि** अर्थात् **यस अभिलेखमा निशयधमतुभिस भनेको के हो बुझिएन** भनी उनले (२०६६:४)ले लेखेकोमा केही टिप्पणी गर्न नसकिने होइन। नबुझिएको अंशमा छैटौँ अक्षरलाई उनले **तु** भनी पढेकोमा त्यो **त** त्यही पृष्ठमा भएका अरू **त**भन्दा फरक – **व्यतिपात**का दुवै **त**, **दिवंगत**को **त**, **सति**को **त**, **सरस्वती**को **त**, **जयतन**को **त**भन्दा निकै फरक छ। यसो हेर्दा त्यहीँ भएको **प्रभु**को **भु**सँग त्यो कहाँ कहाँ मिलेको जस्तो मलाई लाग्छ। अर्थ मिलेको भए त्यसलाई **गु** भनी पढ्न पनि नसकिने होइन। अक्षर लेख्दा एकनास नहुने भएको उदाहरण यहींका **प्रभु**को **भु** र **भुक्तलपात्वं**को **भु** मात्र दाँजेर हेरे पनि पुग्छ। अघिल्लोमा डिकोपछि भको बायाँपट्टिको भाग दायाँपट्टि छड्के भई झरेकोमा पछिल्लोमा डिकोपछि घाँटी आएर मात्र त्यो भाग झरेको छ। हामीले **भु** भनी पढेको अक्षरपछि **भि**

---

२६. महेशराज पन्त २०६६:२२४, उही २०६७:५८।

लेख्नुभन्दा अगाडि मूलमा केही ठाउँ छोडिएको छ । यसको मतलब यहाँ केही थप्न बाँकी भएको अनुमान हुन्छ । स्थिति यस्तो भए पनि काशीनाथ तमोटले छपाएको, यस अंशको पाठमा अर्थानुरोधले मैले केही सच्याउन सकेको छैन ।[२७]

७. ने.सं. ६६० (वि.सं. १५९६)कार्तिकशुक्लमा दसैँ गरेको कुरा लेखिएको छ । सामान्यतया आश्विनशुक्लमा दसैँ पर्नेमा त्यस वर्ष क्षयमास परेकोले कार्तिकशुक्लमा दसैँ गरेको कुरा यहाँ लेखिएको हो (५ पृष्ठ) । त्यस वर्षको दसैँ कार्तिकशुक्लमा गरेको कुरा अर्को एउटा ठ्यासफूमा पनि लेखिएको कुराको सम्झना यस प्रसङ्गमा हुन्छ (महेशराज पन्त २०६६ क: २१८ = मूलको ८८ पृष्ठ)।[२८]

८. ने.सं. ८५४ (वि.सं. १७९१)को इन्द्रजात्राको तिथिमितिको कुरा लेखिसकेपछि नजीरको रूपमा ने.सं. ६६९ (वि.सं. १६०६)को इन्द्रजात्राको कुरा लेखिएको छ । इन्द्रजात्राको तिथिमितिको विषयमा यङ्गल (काठमाडौँ शहरको दक्षिणी भाग)का ज्योतिषी शक्ति र यम्बु (काठमाडौँ शहरका उत्तरी भाग)का दैवज्ञ कुसुमराज भारोको बीच विवाद राजा नरेन्द्र मल्लको रोहबरमा दरबारमा भएको कुरा लेखिएको छ । त्यस विवादमा दुवैका छोरा पनि उपस्थित थिए । राजाको आदेशबाट कुसुमराज भारोको भनाइले मान्यता पाएको यहाँ लेखिएको छ (३-५ पृष्ठ) ।

८.१. यस प्रसङ्गमा ज्योतिषी कुसुमराजको एउटा कीर्तिको सम्झना हुन्छ । कुरा के हो भने हनूमान्ढोकादरबारको पटाङ्गिनीमा रहेको जगन्नाथदेवलको दक्षिण ढोकाको भित्रपट्टिको कोठामा राखिएको चतुर्मूर्ति विष्णुको, धातुको पाताले बनाइएको सुनौला मूर्तिको पादपीठमा कुँदिएको लेखबाट त्यो मूर्ति ने.सं. ६७८ (वि.सं. १६१४/१५)[२९] मा यिनै ज्योतिषी कुसुमराजले पत्नी जीवलक्ष्मीसमेत भई स्थापना गरेको बुझिन्छ । त्यस अभिलेखमा उनले आफूलाई **राजा नरेन्द्र मल्लका अत्यन्त पत्यारिला (श्रीश्रीवीरनरेन्द्रमल्लनृपतेरत्यन्तविश्वासभूः), सल्लाह दिन सिपालु मन्त्री (मन्त्री मन्त्रविशारदो), मुख्य ज्योतिषी (ज्योतिर्व्विदामग्रणीः)** भनेका छन् (महेशराज पन्त २०३४)। यस ठ्यासफूमा उल्लेख भएका ज्योतिषी कुसुमराज भारो नै चतुर्मूर्ति विष्णुको प्रतिमा स्थापना गर्ने कुसुमराज यताबाट देखिन आएका छन् ।

कुसुमराजको यस उत्कीर्ण लेखमा उनलाई **मन्त्री** भनी लेखिए पनि त्यहाँ उनलाई **सल्लाह दिन सिपालु (मन्त्रविशारदो)** र **वीर राजा श्रीश्रीनरेन्द्र मल्लका अत्यन्त पत्यारिला (श्रीश्रीवीरनरेन्द्रमल्लनृपतेरत्यन्तविश्वासभूः)** भन्ने पनि लेखिएकोले अहिलेको अर्थमा उनी खास **मन्त्री** नभई राजालाई सल्लाह दिन सक्ने हैसियतका मान्छे देखिन्छन् ।

---

२७. **सति सरस्वतीदेवी थकुनीनि शयधम तु भिस जयतनलाई सति सरस्वतीदेवी थकुनी शयधम तुतिस जयतन** भनी पढ्नुपर्छ, यसको अर्थ सती जाँदा बडामहारानी सरस्वतीदेवी शय्याधर्म अर्थात् यक्ष मल्लको लाशसँगै सुती गएको र ल्याइते जयतचाहिँ यक्ष मल्लको खुट्टा समाती सती गएको भन्ने भाव हुनुपर्छ भन्ने देविचन्द्र श्रेष्ठको भनाइ छ । कुरा ठीकै देखिए पनि **तु**पछि लगत्तै **ति** नलेखी किन ठाउँ छोडी **भि** लेखियो, यसको जवाफ खोज्न भने अझ बाँकी छ ।

२८. यो साल कार्तिकशुक्लमा दसैँ गरिएको कुराको विवेचनाको लागि नयराज पन्त २०२०: ४६-४८ हेर्नू ।

२९. यस उत्कीर्ण लेखमा तिथिमिति नदिई साल मात्र दिइएकोले माथि वि.सं. १६१४/१५ लेखिएको हो ।

९. त्यसपछि ने.सं. ७४८ (वि.सं. १६८५)का घटना परेका छन् । त्यस साल भाद्रकृष्णप्रतिपदा बृहस्पतिवार उत्तरभाद्रनक्षत्रमा पाटनका काशी आदिले तीन शहरको बाटो खुलाएको, १ महीनापछि प्रशस्त हिउँ परेको, होलिकाग्नि बालेर तलेजुमा संबजि (समयूबजि?) राखेर देगुलि गरेको कुरा छ (५-६ पृष्ठ) ।

१०. त्यसपछि ने.सं. ८५४ (वि.सं. १७९१) आश्विनमा दशैँको तिथिमितिसम्बन्धी कुरा लेखिएको छ। आश्विनशुक्लप्रतिपदामा घटस्थापना गर्दा काठमाडौँमा भन्दा पाटन र भक्तपुरमा अलि चाँडै गरेको कुरा छ। दशमीको दिन चारण पनि काठमाडौँमा भन्दा पाटन र भक्तपुरमा अलि चाँडै गरेको कुरा छ। दसैँमै पाटन चौकोट [दरबार]मा आगो लागेको कुरा त्यहाँ चढेको छ । काठमाडौँमा देव (तलेजु ?) तल ओह्रालेपछि बलि दिन भनी ल्याइएको राँगो बाँध्न खोज्दा फुत्केर भागेको र नवमीको दिन चाँगुमा भेट्टाइएकोले बाँधेर मूलचोकमा बलि दिन भनी ल्याइएको कुरा त्यहाँ छ (६-७ पृष्ठ) ।

११. ने.सं ८५५ (वि.सं. १७९१) पौषशुक्लचतुर्दशी शनिवारको दिन उपाध्या भाजुकी पत्नी देवलक्ष्मी मर्दा तिनीको जूठोबारे यहाँ खुलाएर लेखिएको छ । यस दिनदेखि १३ दिनसम्म जूठो बारिएको र राजारानीले चाहिँ १० दिनसम्म जूठो बारी बलि दिने काम र पूजा नगरेको कुरा यहाँ लेखिएको छ। यसको ७ दिनपछि पौषकृष्णपञ्चमीको दिन सिवायी कुह्मरकी छोरी जन्मेकीले राजालाई सूतक नसुनाएर १० दिनमा जूठो सिद्ध्याएपछि त्यस दिन राति गाईको खुर देखाएर र राजाको जन्मदिनमा १० दिनमा सूतक सिद्ध्याएर १३ दिनदेखि तलेजु जान थालेको र लाखबत्ती बालेको कुरा लेखिएको छ (९ पृष्ठ)। आफ्नी गुरुपत्नीको जूठो राजाले १० दिन बारेको कुरा यताबाट आएको छ । यस वेलासम्म जगज्जय मल्ल नै गद्दीमा भएका[३०]ले यहाँ राजा भनेर उनलाई भनिएको हो ।

ने.सं. ५०० (वि.सं. १४३७) वैशाखको औँसीमा सूर्यग्रहण लाग्दा राजा स्थितिराज मल्ल र उनकी रानी राजल्लदेवीलाई दीक्षामन्त्र दिने शिवदास उपाध्याय ने.सं. ५०७ (वि.सं. १४४४) आषाढशुक्लनवमीको दिन परलोक भए ।[३१] यसको चौथो दिन अर्थात् आषाढशुक्लद्वादशीको दिन स्थितिराज मल्ल **मेनंटुंठि** भन्ने इनारमा पानी लिन गए । यी सबै कुरा *गोपालराजवंशावली* (६३ ख पत्र) भनी कहलिएको इतिवृत्तबाट थाहा हुन्छ । गुरु परलोक भएको चौथो दिनमा स्थितिराज मल्ल आफैँ गई इनारबाट पानी लिएको चर्चा यस इतिवृत्तमा

---

३०. ने.सं. ८५६ (वि.सं. १७९२) माघशुक्लपञ्चमी अर्थात् श्रीपञ्चमी बुधवारको दिन सरस्वतीको मूर्ति प्रतिष्ठा गर्दा राजा अर्थात् जगज्जय मल्ल यजमान बनी यात्रा गरेको, यज्ञ गरेको; यसको भोलिपल्ट खट बनाएर देशभर बाजा बजाई यात्रा गरेको, रातभर इटुंबहालमा राखेको, देशभर दाफा बजाएको, राजा आएको; यसको भोलिपल्ट दिनभर दाफा बजाएको; यसको भोलिपल्ट बिहान राजा आई ढोकामा स्वागत गरेको, दुथुबहिलीमा देवता राखेको; यसको ५ दिनमा राजालाई बिसञ्चो भएको; यसको ८ दिनमा राति राजा परलोक भएको कुरा राजोपाध्यायहरूको एउटा तात्कालिक टिपोटमा लेखिएकोले (गौतमवज्र वज्राचार्य २०२५ कः १९२) तिथिको घटबढको वास्ता नगर्दा माघकृष्णषष्ठीको दिन जगज्जय मल्ल परलोक भएका देखिन्छन् । **यस घटनावलिमा जगज्जय मल्लको मृत्यु समय ने.सं. ८५६ (वि.सं. १७९२) फागुन लेखिएको छ** भनी गौतमवज्र वज्राचार्य (२०२५ कः १९०)ले लेखे पनि तिथिको हिसाबले जगज्जय मल्ल माघमै बितेको देखिएको छ ।

३१. महेशराज पन्त २०५०: ५२ मा ६ सङ्ख्याको टिप्पणी ।

गरिएकोले दीक्षागुरुको ३ दिन जूठो बारी उनी चोखिएको चर्चा गरिएको हो कि जस्तो लाग्छ। यसो हो भने स्थितिराज मल्लले आफ्ना गुरुको ३ दिन जूठो बारेको र स्थितिराज मल्लको बाह्रौँ पुस्ताका महीपतेन्द्र मल्लसँगको सम्बन्ध[३२]बाट राजा हुन पाएका जगज्जय मल्लका छोरा राजा जयप्रकाश मल्लले आफ्नी गुरुपत्नीको जूठो १० दिन बारेको यस ठ्यासफूबाट देखिएको छ।

१२. ने.सं. ८५५ (वि.सं. १७९१) पौषशुक्लचतुर्दशीउप्रान्त पूर्णिमाको दिन बिहानको ३ घडी जाँदा ध्वकह्म भाजुकी पत्नी मर्दा जूठो बारी गूठीका जतिले काटमार गरेनन्, ब्राह्मण जतिले मूलचोकमा आगोमा सुन पोली आफूलाई चोख्याए, भिंख्वाल र चिकुति भाजु लुकेर बसे, ध्वकह्म भाजु र पुख्वार भाजुले जूठो बारेनन् (९ पृष्ठ)।

१३. ने.सं. ८५५ (वि.सं. १७९१) माघशुक्लनवमी ३ घडी मात्र भएको, दशमी टुटेको र एकादशी ५३ घडी भएकोले त्यही दिन पाटनेहरूले भीम-एकादशीको व्रत बसे, भक्तपुरेहरूले मात्र भोलिपल्ट द्वादशीको दिन व्रत बसे भनी यहाँ लेखिएको छ। नवमीको उदय भएपछि दशमी हुन्छ, दशमी हुँदा एकादशी छोडी द्वादशीको दिन व्रत बस्नुपर्छ भन्ने वचनअनुसार भक्तपुरेहरू द्वादशीको दिन व्रत बसेका हुन्, तर यो वचन निर्मूल हो भनी यहाँ लेखिएको छ (१० पृष्ठ)।

---

३२. जगज्जय मल्लको टकमा महीपतेन्द्र मल्लको नाउँ राखिएको छ। तोत्रराज पाण्डेय र नयराज पन्त (२००४: ४३)ले जगज्जय मल्ललाई **महीपतेन्द्रमल्लका छोरीपट्टिका सन्तान** भनी लेखेका छन्। **द क्रनिक्ल्अर् अफ् राइट् पुट्स् द्याट् जगज्जय वज् अ डिस्टन्स् रिलेशन् अफ् प्रतापमल्ल अन् द साइड् अफ् हिज् डटर्, ह्वाइल् अनद्अर् सोर्स् नेम्ज् हिम् याज् द ग्र्यान्ड्सन् अफ् महीपतेन्द्र बाइ हिज् डटर्। इट् वज् स्टेट्इड् बाइ अ क्रनिक्ल्, द्याट् ही वज् सन् अफ् महीपतेन्द्र'ज् डटर्** अर्थात् **राइटको वंशावली लेख्नेले जगज्जयलाई प्रताप मल्लका छोरीपट्टिका यढाका नातेदार भनेकोमा अर्को आकरले उनलाई महीपतेन्द्रका छोरीपट्टिका नाति भनेको छ। एउटा वंशावलीमा उनी महीपतेन्द्रकी छोरीका छोरा हुन् भनी लेखिएको छ** भनी डिल्लीरमण रेग्मी (२०२३: १७८)ले लेखेका छन्। राइटको वंशावली (ड्यान्यल राइट १९३३: २२२)मा जगज्जय मल्ललाई प्रताप मल्लका छोरीपट्टिका यढाका नातेदार भनी लेखेको नभई उनलाई **अ डिस्टन्ट् रिलेटिभ्, अन् द साइड् अफ् अ डटर्** अर्थात् **कुनै छोरीपट्टिबाट यढाका नातेदार** भनेर पो लेखिएको छ। डिल्लीरमण रेग्मीले कुन वंशावलीमा जगज्जयलाई महीपतेन्द्रका छोरीका छोरा भनी लेखेको देखे, त्यो स्पष्ट छैन। निकोलस गेर्भास रोड्स, कार्ल गाब्रिश र सी. फाल्देत्तारो पोन्तेकोर्भो देला रोसेता (२०४५/४६: ९३ मा ३१६ सङ्ख्या)ले महीपतेन्द्रलाई **हिज् लेट् ग्र्यान्ड्फादर्** अर्थात् **उनका (जगज्जयका) दिवङ्गत बाजे** भनी लेखेका छन्। महीपतेन्द्र मल्लको ने.सं. ७९५ (वि.सं. १७३२) ज्येष्ठकृष्णनवमी आदित्यवार उत्तरभाद्रउप्रान्त रेवतीनक्षत्र सौभाग्यउप्रान्त शोभनयोगमा विवाह भएको कुरा एउटा तात्कालिक टिपोटमा भए (गौतमवज्र वज्राचार्य २०२३: २५) पनि उनको सन्तान भएको थाहा नभएकोले केको आधारमा जगज्जयलाई महीपतेन्द्रका सन्तान वा महीपतेन्द्रलाई जगज्जयका बाजे भनियो, मलाई थाहा छैन।

ने.सं. ८०० (वि.सं. १७३७) ज्येष्ठकृष्णएकादशीउप्रान्त द्वादशीको दिन परलोक भएका नृपेन्द्रमल्ल(मूल ठ्यासफूको २६ पृष्ठ = महेशराज पन्त २०६६ क: २००)की एउटी रानी जयलक्ष्मी ने.सं. ८६३ (वि.सं. १८००) श्रावणशुक्ल-अष्टमीउप्रान्त नवमीको दिनमा परलोक हुँदा गद्दीनशीन राजा जयप्रकाश मल्लले जूठो बारेकाले (गौतमवज्र वज्राचार्य २०२५ क: १९०, १९३) नृपेन्द्र मल्लका भाइ महीपतेन्द्र मल्लसँग नातो जोडी गद्दीमा बस्न पाएका जगज्जय मल्ल र उनका छोराको नजीकैको नातो भने रहेको देखिन्छ।

१४. त्यही साल श्रीपञ्चमीको पूजा तलेजुमा गरेको, माघपूर्णिमाको दिन चाँगुनारायणलाई यहाँ ल्याएको कुरा लेखिएको छ (१० पृष्ठ)।

१५. त्यही साल माघकृष्णचतुर्थीको दिन हात्तीघोडा दान गरेको कुरा यहाँ लेखिएको छ (११ पृष्ठ)।

१६. माघकृष्णत्रयोदशी ३९ घडी ४५ पला, दिनमान २८ घडी; चतुर्दशी ४४ घडी ३९ पला भएकोले त्यही दिन राति चतुर्दशी पऱ्यो भनी त्यही दिन शिवरात्रि मानियो र तलेजुमा पूजा गरियो, किसानी नन्दनले चाहिँ त्रयोदशीको दिन शिवरात्रि मानेनन् भनी लेखिएको छ (१० पृष्ठ)।

१७. ने.सं. ८५५ (वि.सं. १७९१) चैत्रशुक्लअष्टमी ६ घडी ८ पला भएकोले सप्तमीउप्रान्त अष्टमीको दिन देव (सेतो मत्स्येन्द्र)लाई रथमा राखियो, त्यस दिन पोखरीमा चोपेको वेलामा रथको पाङ्ग्रा (**घलिचाकं**)ले लागेर २ जना मानिस मरे भनी यहाँ लेखिएको छ (११ पृष्ठ)। राजोपाध्यायहरूको, माथि चर्चा गरिएको टिपोटमा पनि यो घटना परेको छ। ने.सं. ८५५ (वि.सं. १७९१) चैत्रशुक्लअष्टमीको दिन सेतो मत्स्येन्द्रको रथको पाङ्ग्रा (**घरचाकर**) पोखरीमा चोपेको वेलामा २ जना मानिस लागेर मरेको कुरा त्यहाँ छ (गौतमवज्र वज्राचार्य २०१९: १९४)।

१८. ने.सं. ८५५ (वि.सं. १७९२)मा वैशाखशुक्लप्रतिपदा टुट भएकोले आँसीको दिन रातो मत्स्येन्द्रलाई रथमा चढाएर ल्याउँदा रथ पल्टियो, अनि देवतालाई रथबाट झिकी रथ बनाएर फेरि देवतालाई रथमा राखी ४ दिनपछि वैशाखशुक्लनवमीको दिन चोपियो भनी त्यहाँ लेखिएको छ (१२ पृष्ठ)।

१९. ने.सं. ८५५ (वि.सं. १७९२) चैत्रकृष्णषष्ठी बुधवार मूलनक्षत्रमा झगलको जगन्नाथदेव बनाउनको लागि २ मुठी ... हानियो[३३], चैत्रकृष्णद्वादशी बुधवार उत्तरभाद्रनक्षत्रमा देवता स्थापना गरियो भनी यहाँ लेखिएको छ (१२ पृष्ठ)। दिवंगत राजा अर्थात् महीन्द्रसिंहको उद्धारको लागि काजी झंगल ठकुरले मखनटोलमा जगन्नाथको देवालय बनाई गूठी राखेर नित्यपूजा चलाए भन्ने कुरा नेपाली भाषामा लेखिएको *वंशावली*का निकै पुस्तकमा छ।[३४] मखनटोलमा अलि अग्लो गरी खुला ठाउँमा रहेको वेदिकामा पञ्चमुखी शिवलिङ्गको ठीक

३३. वघालको अर्थ नलागेकोले ... हालिएको हो।

३४. **फेरी झगल काजीले रानीका वचन प्रमाण गरी मखंतोलमा जगन्नाजीकन* यथाक्रमले बनाइ गुठी राखी थापना गराया.** (*लेविवंशावली* १: ६५ख-६६क पत्रबाट)। [...] **झंगल काजीले सतिका वचन प्रमान गरी मषंटेलमा श्रीजगन्नाथजीकन जथाक्रमले बनाई गुठी राषी स्थापना गराया।।** (*लेविवंशावली* २: ५९ख पत्रबाट)। **फेरि ईनै काजिले सतिका वचन् प्रमाण गरि मषनटेलमा श्रीजगंनाथजिकन येथाक्रमले बनाई गुठ राषि स्थापना गराया।** (*मण्डलवंशावली* १: ४२ पृष्ठबाट)। [...] **झगल काजिले सतिका वचन सुनि मषंटेलमा श्रीजगनाथको देवालये बनाई गुठि राषि स्नान गराईदिया।।** (*मण्डलवंशावली* २: १०९ख-११०क पृष्ठबाट)। **ज्ञाहापछि मुख्य काजि झगल ठकुरले सतिका वचन प्रमाण आफ्ना स्वामिकन उधार हुन्या कर्म भरसक गरीदिनुपर्न्या हो भनि मखनटेलमा श्रीजगंनाथजीकन यथाक्रमले बनाइ गुठि राखि नित्यार्चन गराया।** (*मण्डलवंशावली* ३: १०९ख-११०क पृष्ठबाट)। *पद्मगिरिवंशावली*: ८४❶, *राजभोगमाला*: ४, *राजवंशावली*: १०, *नेपालदेशको इतिहास*: ६, *संक्षिप्तवंशावली*: ६८❶ पनि हेर्नू।

❶ यहाँ झगल ठकुरले जगन्नाथदेवल बनाएको कुरा मात्र छ, कुन ठाउँमा बनाएको हो त्यो लेखिएको छैन।

उत्तरपट्टिको घरमुनिबाट भित्र चोकमा पुगेपछि शिखरशैलीको, जगन्नाथको पूर्वाभिमुख मन्दिर देखिन्छ। यसैलाई यस ठ्यासफू र *वंशावली*को बयान मिलान गरी हेर्दा झगल ठकुरले बनाएको मन्दिर यही हो भन्ने देखिएको छ।[३५]

२०. त्यो साल वैशाखमा १३ दिनको पक्ष अर्थात् विश्वघस्रपक्ष पर्दा तिरहुतेको बिहे भयो भनी लेखिएको छ (१२ पृष्ठ)।

२१. भास्कर मल्लले गरिदिएको एउटा ताम्रपत्रको पाठ, उल्था र त्यसको व्याख्या गरी देवीप्रसाद भण्डारी (वि.सं. १९७६-२०५६)ले लेखेको एउटा लेख वि.सं. २०२० मा निकालिएको, हस्तलिखित *पूर्णिमा*को नवौँ अङ्कमा परेको छ। देवीप्रसाद भण्डारीको जीवनकालमा प्रकाशमा नआएका, उनका लेख जति उनी परलोक भएपछि प्रकाश गर्ने प्रसङ्गमा भास्कर मल्लको ताम्रपत्रसम्बन्धी त्यो लेख पनि प्रकाश गरियो (देवीप्रसाद भण्डारी २०५८)। त्यस ताम्रपत्रमा साक्षीको रूपमा नीलनारायण मल्ल बसेकाले उनको विषयमा त्यस लेखमा लामै (उही २०५८:४१-४५) लेखिएको छ।

२१.१. भास्कर मल्ल/महीन्द्र सिंहका ३२ वटा लिखत अहिलेसम्म प्रकाशमा आएका छन्। तिनमध्ये पहिलो अर्थात् ने.सं. ८२२ (वि.सं. १७५९) वैशाखशुक्लएकादशीकोमा सुन्दरनारायण मल्ल र तेस्रो अर्थात् ने.सं. ८३४ (वि.सं. १७७०) चैत्रशुक्लचतुर्थीकोमा दामोदर मल्ल छोडेर बाँकी ३० वटामध्ये ८ वटामा नीलनारायण मल्ल र २२ वटामा चाहिँ जगज्जय मल्ल साक्षी राखिएका छन्। जगज्जय मल्ललाई साक्षी राखिएको, पहिलो लिखत ने.सं. ८२८ (वि.सं. १७६५) भाद्रशुक्लदशमीको हो त नीलनारायण मल्ललाई साक्षी राखिएको, पहिलो लिखतचाहिँ ने.सं. ८३५ (वि.सं. १७७१) कार्तिकशुक्लनवमीको हो। त्यस वेलादेखि ने.सं. ८३६ (वि.सं. १७७३) ज्येष्ठशुक्लपञ्चमीसम्मका, भेट्टाइएका अरू ५ वटा लिखतमा नीलनारायण मल्ल नै साक्षी राखिएका छन्। त्यसपछि पाइएका, ने.सं. ८३७ (वि.सं. १७७३) माघशुक्लद्वादशी र माघकृष्णचतुर्दशीका लिखतमा भने जगज्जय मल्ल साक्षी राखिएका छन्। फेरि ने.सं. ८३७ (वि.सं. १७७३) चैत्रशुक्लतृतीया र ने.सं. ८३७ (वि.सं. १७७४) ज्येष्ठकृष्णसप्तमीका लिखतमा भने नीलनारायण मल्ल साक्षी बसेका छन्। त्यसपछिका, ने.सं. ८३८ (वि.सं. १७७५) श्रावणकृष्णद्वादशीदेखिका, पाइएसम्मका, १९ वटा लिखतमा एकनासले जगज्जय मल्ल नै साक्षी राखिएका छन्।[३६]

---

३५. यही जगन्नाथदेवलको अगाडि गरुडमूर्ति छ। त्यसको बायाँपट्टि मानिसको कमरभन्दा माथि आउने गरी बनाइएको, कलात्मक वेदिका छ। दायाँबायाँ सिंह र माछा च्यापेका हाँसहरू बीचमा छन्। त्यसमुनि नमस्कारमुद्रामा पुरुषमूर्ति छ। त्यस मूर्तिको दायाँबायाँ अलि सानो आकारमा २ वटा स्त्रीमूर्ति छन्। त्यसको तल **ꣲ शुभ ॥ सं ८६० ` वैशु १२ ` वासिं `** कुँदिएको छ। अनि केही ठाउँ छोडेर **गजिन्द्रसिं** कुँदिएको छ। त्यसभन्दा तल सानै आकारका ३ वटा मनुष्यमूर्ति छन्। तिनमध्ये बायाँपट्टि सबभन्दा अगाडि पुरुषमूर्ति र अनि २ वटा स्त्रीमूर्ति छन्। पुरुषमूर्तिको तल पुछारमा **सिं** भएको नाउँ कुँदिएको भए पनि अक्षर खिइएकाले **सिं**भन्दा अगाडिका ३ अक्षर मैले पढ्न सकिनँ। अघिल्लो स्त्रीमूर्तिको मुनि **शिवलक्ष्मी** र पछिल्लो स्त्रीमूर्तिको मुनि ६ अक्षरको नाउँ कुँदिएको छ। अक्षर खिइएकाले पहिलो अक्षर **भा**बाहेक मैले अरू पढ्न सकिनँ।

३६. महेशराज पन्त २०६५: ३३४-३३६।

२१.२. ने.सं. ८४५ (वि.सं. १७८१) पौषकृष्णदशमी सोमवारको दिन राति नीलनारायण ठाकुर भक्तपुरबाट आई साँखुको किल्लामा छलकपट गरी भित्र पसे, यो थाहा पाएर वज्रयोगिनीको निगाहले र राजा जगज्जय मल्लको प्रतापले साँखुका प्रजापञ्च र परमान उठी १६ जनालाई मारे, १७ जनालाई कैद गरी काठमाडौँ लगियो भनी भास्कर मल्लपछि काठमाडौँमा राजा भएका जगज्जय मल्लको साँखुको शिलापत्रमा लेखिएको छ।[३७] यी नीलनारायण ठाकुर भास्कर मल्लका ताम्रपत्रमा साक्षीको रूपमा वारंवार देखा पर्ने नीलनारायण मल्ल नै हुन् भन्ने देखिन्छ।

२१.३. ने.सं. ८३७ (वि.सं. १७७४) पछिका भास्कर मल्लका लिखतमा नीलनारायण मल्ल नदेखिई जगज्जय मल्ल साक्षीको रूपमा देखिएकाले पछि कारणवश नीलनारायण मल्लभन्दा जगज्जय मल्ल राजा भास्कर मल्ल/महीन्द्र सिंहका नजीकका विश्वासपात्र हुन पुगेका देखिन्छन्। अपुता भास्कर मल्लका उत्तराधिकारी नीलनारायण मल्ललाई बनाउने कि जगज्जय मल्ललाई बनाउने भन्ने विवादमा पछि जगज्जय मल्लले बाजी मारेको यताबाट देखिन गएको छ।

नीलनारायण मल्ल दलबलसहित भक्तपुरबाट आई साँखुको किल्ला कब्जा गर्न खोज्दा सखुलेहरूले हमला गर्न आउनेहरूमध्ये १६ जनालाई मारेको र १७ जनालाई कैद गरेको कुरा थाहा भएकोले भास्कर मल्लको उत्तराधिकारित्वबाट हटाइएका यी नीलनारायण मल्ल रुष्ट भई भक्तपुरसँग मिल्न गएका र पछि मौका छोपी काठमाडौँको राज्यभित्र पर्ने साँखुमा हमला गर्न पुगेको देखिन्छ।

२१.४. माथि भरखरै चर्चा गरिएको, साँखुको शिलापत्रमा यस्तो

> **सम्वत् ८४५ पौषकृष्णः। दशमि स्वमवार थ्व कुं(ह्नु)या चाया रात्रिस नीलनारायन थाकुर, खपोन ओयाओ शको देशया क्वाथस छलन दूदङ ओओ थ्व सियाओ श्री ३ वज्रयोगिनीया प्रसादन श्री २ जगज्जय मल्लदेवस प्रतापन शको देशया प्रजापञ्च परमान उथय जुयाओ ह्म १६ स्याक, ह्म १७ चिङाओ यँ देश ञङ दिन जुरो ॥**[३८]
>
> **(ने.सं. ८४५ (वि.सं. १७८१) पौषकृष्णदशमी सोमवारका दिन रातमा नीलनारायण ठाकुर भक्तपुरबाट आई साँखु देशको किल्लामा छलकपट गरी भित्र आए। यो कुरा थाहा पाएर श्री ३ वज्रयोगिनीको निगाहले र श्री २ जगज्जय मल्लदेवको प्रतापले साँखु देशका प्रजापञ्च परमान उठी १६ जनालाई मारे, १७ जनालाई कैद गरी काठमाडौँ देश लगेको दिन भयो।)**[३९]

लेखिएकोले त्यस मुठभेडमा नीलनारायण मल्ल मारिनेमा वा समातिनेमा परे भन्ने स्पष्ट नभइरहेकोमा यस ठ्यासफूमा **स ८४५ पौषकृष्णदशमी सोमवारया रात्रीस सकोस नीरनारायण स्याक** अर्थात् ने.सं. ८४५ **(वि.सं. १७८१) पौषकृष्णदशमी सोमवारको दिन साँखुमा नीरनारायण मारिए** (१४ पृष्ठ) भनी लेखिएकोले उनी मुठभेडमै परेका देखिन्छन्।

---

३७. देवीप्रसाद भण्डारी २०५८:४४।

३८. उही।

३९. उहीमा सामान्य संशोधन गरी माथि उल्था दिइएको छ।

२२. ने.सं. ८५७ (वि.सं. १७९३) पूसे औँसी बुधवार व्यतीपातयोगको दिन ललितपुरमा बसिरहेका रणसिंह थापा आदि खसहरू जम्मा भई आएर उनीहरूले झगर [ठाकुर]को घरमा भेट्टाएर १७ जना खसहरूलाई कुटेर मारे, अरू ५ जना खस र १ जना नेवारलाई समातेर थुने। परदेश अर्थात् भक्तपुरमा गइरहेका राजा अर्थात् जयप्रकाश मल्ल फर्के। दुनियाँहरू जम्मा भएर हटाउनको लागि दाम दिए भनी यस ठ्यासफूमा लेखिएको छ। यसको अर्थ राम्रो नलागेकोले घटनाको विषयमा बढी कुरा भन्न सकिएन (१३ पृष्ठ)।

२३. यहाँ उल्लेख भएका झगरले भास्कर मल्लको पालामा ने.सं. ८३३ (वि.सं. १७७०) भाद्रकृष्णतृतीया[४०] बृहस्पतिवार रेवतीनक्षत्रमा चौताराको पगरी पाएको कुरा एउटा तात्कालिक टिपोटमा आएको छ (गौतमवज्र वज्राचार्य २०२३: ३४ = उही २०२५: ११-१२)। उनी कहिलेसम्म चौतारा पदमा बहाल रहे भन्ने थाहा नभए पनि *भाषावंशावली*अनुसार जगज्जय मल्ल राजा भइसकेपछि पनि कमसेकम ने.सं. ८४९ (वि.सं. १७८६) आषाढशुक्लएकादशीसम्म यिनी पदमै रहेको देखिएको छ (देवीप्रसाद लंसाल २०२३: १०५)। ने.सं. ८५३ (वि.सं. १७९०) चैत्रशुक्लद्वितीया मङ्गलवार रेवतीउप्रान्त अश्विनीनक्षत्र हुँदा राति मकरलग्नको साइतमा झगर थकुर ओभुमा लडाइँ गर्न गएको र चैत्रकृष्णद्वितीया बुधवार फर्केको कुरा तात्कालिक एउटा टिपोटमा भएकाले (गौतमवज्र वज्राचार्य २०२३: २७) यस वेलासम्म पनि यिनी पदमै रहेको देखिन्छ। ने.सं. ८५५ (वि.सं. १७९१)मा बनाइएको जगन्नाथ देवलाई **झगलको** (मूलमा- **झगलया**) भनी यसै ठ्यासफू (१२ पृष्ठ)मा लेखिएको कुराको चर्चा माथि भइसकेको छ (§ १९)। ने.सं. ८५७ (वि.सं. १७९३) पूसे औँसीको भरखरै माथि चर्चा गरिएको घटनामा उनको घरमा लुकेर बसिरहेकाहरूलाई भेट्टाएर मारेको कुरा आएकोले (§ २२) यसताका यिनी विपक्षमा भएको देखिएको छ।

२४. ने.सं. ८५७ (वि.सं. १७९३) पूसे औँसीको दिन घटेको, भरखरै माथि चर्चित घटनाको प्रसङ्गमा यस ठ्यासफूमा **नेवार** शब्द आएको हामीले देखिहाल्यौँ। मेअरी शेफर्ड स्लसर (२०३९: ९)अनुसार नेपाली अभिलेखहरूमा **नेवार** शब्दको पहिलो उल्लेख ई.सं. १६५४ मा आएको छ र एउटा तात्कालिक टिपोटमा ई.सं. १६६७ मा **लुभुको नेवार**को कुरा आएको छ। उनीले पहिलो अभिलेखको लागि डिल्लीरमण रेग्मी २०२६: १४ र उही २०२३ ख: ९०-९१ = ५२ अभिलेखसङ्ख्या निर्देश गरेकी छिन्।

पहिलो अभिलेख भनेको ने.सं. ७७४ (वि.सं. १७१०) माघशुक्लपञ्चमी अर्थात् श्रीपञ्चमी शुक्रवार उत्तरभाद्रनक्षत्र शिवयोगको मिति भएको, १५ थरी लिपिमा लेखिएको,[४१] प्रताप मल्लको शिलापत्र हो। त्यस शिलापत्रमा **जिमङाता जात आखल** अर्थात् **१५ थरी अक्षर - लिपि**को नाउँ लिँदा **नेवार आखर** आएको छ।

---

४०. मिखाडोटेलको नासःद्यःमन्दिरको, यही मितिको शिलापत्रमा **मखं सिंहद्वा बाकुयीनि यन्ताछें पात्रवंशया भंगल ठकुजुजुपाखें लालमोहोर छापा ताया दान बिउगु** (मखं ज्यापु गुठी २०६२: १७-१८)[❶] अर्थात् **मखन सिंहद्वार बाकुतिननी उत्तरपट्टिको घर का पात्रवंशका भंगल ठकुजुजुबाट लालमोहर छाप लगाई दान दिएको** भनी लेखिएको छ। यहाँ **लालमोहोर** शब्द आएकोले यसको प्रामाण्यमा मलाई शङ्का उठेको छ।

४१. यस शिलापत्रमा संस्कृतमा एक ठाउँमा **मनुलिपिलिखितं यत्पद्यमत्यद्भुतम्वै** (मूलको २ पङ्क्ति) अर्थात् **१४ लिपिमा लेखिएको अचम्मको जुन पद्य र** अर्को ठाउँमा **पंचदशप्रकाराणि ऽ अक्षराणि शिलतले। श्रीभवाण्याः प्रसादेन ऽ ज्ञात्वा तु लिखितं मया**

---

❶. यस शिलापत्रको त्यही पुस्तकमा छापिएको फ्याक्सिमिलिसँग रुजू गरी माथि पाठ दिइएको छ।

(मूल्को ७ पङ्क्ति) अर्थात् १५ प्रकारका अक्षर श्रीभवानीको निगाहले जानेर मैले शिलापत्रमा लेखें भन्ने छ। नेवारीमा एक ठाउँमा जिमपेता[1] जात आखलन श्लोक दयकाओ थम चोस्यं तया (मूल्को ४ पङ्क्ति) अर्थात् १४ जातका अक्षरले श्लोक बनाई आफैंले लेखी राखियो र अर्को ठाउँमा यस शिलापत्रमा भएका सबै लिपिको नाउँ दिई जिमङाता आखरया नाम चोस्य तया (मूल्को ६ पङ्क्ति) अर्थात् १५ [थरी] अक्षरका नाउँ लेखेर राखियो भन्ने छ। लिपिका नाउँ गन्दाखेरि पनि १५ थरी नै लिपि यहाँ छन्।[2] यसो भए पनि कहीँ चौध लिपि र कहीँ पन्ध्र लिपि भनी किन लेखियो भन्ने प्रश्नको उत्तरमा यस शिलापत्रमा ५ पङ्क्ति अभिलेख लेखेर ने.सं. ७७४ मा सम्पूर्ण भइसकेपछि ने.सं. ७८२ तिर यूरोपबाट नेपाल आइपुगेका कुनै पादरीमार्फत यूरोपियन भाषाका शब्दको प्रयोग रोमन लिपिले थपी, जिमङाता आखर / पञ्चदश प्रकार अक्षर बनाई, त्यस वेलाका लिपिका नाउँसमेत कुँदेर अरू २ पङ्क्ति अभिलेख थपे भनी काशीनाथ तमोट (२०६४: ३)ले लेखेको कुरा सम्झनुपर्छ।

हनूमान्ढोकादरबारकै पटाङ्गिनीमा जगन्नाथदेवलको पूर्वढोकाको तल्लो पेटीमा सबभन्दा बायाँपट्टिको लाम्चो ढुङ्गामा पनि यही शिलापत्रको विषयवस्तु भएको लेख कुँदिएको छ। त्यहाँ (३ पङ्क्तिमा)

पद्यं मे हि चतुर्द्दशाक्षरवलज्जात्याभिसंशोभितं
हृद्यं सर्व्वमिदं कवीन्द्रनृपतेः श्रीमत्प्रतापस्य यत्।
यश्चेत् कोपि सदर्थमस्य कुरुते व्यक्तं पठित्वा स्वयं
सम्यक् सज्जनपंडितो हि भुवि मे चित्ते समुज्जृंभते ॥

(चौध जातका अक्षरले सुहाएको, मन खुशी पार्ने, म कवीन्द्र राजा श्रीमान् प्रतापको यो सबै जुन पद्य छ; आफैंले स्पष्टसँग पढेर जो कोही सज्जन पण्डितले पृथ्वीमा यसको ठीक अर्थ राम्ररी गर्छ भने मेरो चित्तमा [त्यो पण्डित] फैलन्छ।)

त्यहीँ (४-५ पङ्क्तिमा) महाराजाधिराज श्रीश्रीराजराजेन्द्र कवीन्द्र जयप्रतापमल्लदेवन जिमपेता जात आखलन श्लोक दयकाओ थम चोस्यं तया (महाराजाधिराज श्रीश्रीराजराजेन्द्र कवीन्द्र जयप्रतापमल्लदेवले १४ जातका अक्षरले श्लोक बनाई आफैंले लेखी राखियो) लेखिएको छ। यताबाट पनि काशीनाथ तमोटको तर्क ठीक देखिन गएको छ।

प्रकाशित शिलापत्रमा (३ पङ्क्तिमा) भएको, अघिल्ला २ पाउ स्रग्धरा र पछिल्ला २ पाउ शार्दूलविक्रीडितमा लेखिएको यो पद्य

नेपालाब्दे युगाब्धौ मुनिगणसहिते माघमासेथ शुक्ले ॱ
पंचम्यां शुक्रवारे तदनु च शिवे योगराजे शिवाख्ये।
भाद्रे चोत्तरपुर्व्वके कविकलालंकारचुडामणिः ॱ
श्रीमानेष लिलेष पद्यमतुलं धीरः प्रतापो नृपः ॥

जगन्नाथदेवलको पेटीको शिलापत्रमा (३-४ पङ्क्तिमा) पनि छ। प्रकाशित शिलापत्रमा (५ पङ्क्तिमा) भएको यो वाक्य **सम्वत् ७७४ माघ शुक्ल श्रीपंचमी उत्रभद्रनक्षत्र ॱ शिवजोग शुक्लवार ॱध्वकुद्व सम्पूर्ण** ॥ जगन्नाथदेवलको शिलापत्रमा

1. ड्यान्यल राइट १९३३: २१२-२१३ को बीचमा यस शिलापत्रको आइ-कपी छापिएको छ। त्यहाँ जिमङाता छ। पूर्णकाजी ताम्रकार (२०११ (?): १९४)ले, डिल्लीरमण रेग्मी (२०२३ खः ५२ सङ्ख्याको अभिलेख = ९०-९१)ले, शङ्करमान राजवंशी (२०२७: ७८)ले र गौतमवज्र वज्राचार्य (२०३३: २२ संख्या = २११)ले जिमङाता नै पढेका छन्। पीयर द ग्रेस (२०१४)ले र काशीनाथ तमोट (२०६४)ले छापेको, यस शिलापत्रको फोटो मैले हेरेको छु। यस शिलापत्रको फोटो मेरो सङ्ग्रहमा पनि छ। मूल शिलापत्र पनि मैले वारंवार हेरेको छु। काशीनाथ तमोट (२०६४: ३)ले भने झैँ तेस्रो अक्षर पे बिगारेर यहाँ ङा लेखेको देखिन्छ।

2. **गोलमोल आखर ॱ पार्सि आखर ॱ तिरहुतिया आखर ॱ रँज आखर ॱ माझेपात आखर ॱ देवनागर आखर ॱ सँया उजेन आखर ॱ गौत्रिया आखर ॱ आर्ब्बी आखर ॱ कयथिनागर आखर ॱ कयक्षर आखर ॱ सँया उमेत आखर ॱ नेवार आखर ॱ कास्मिरि आखर ॱ फिरिङ्गि आखर** ः। (मूलका ६-७ पङ्क्ति)।

अर्को, ने.सं. ७८७ (वि.सं. १७२४) आषाढकृष्णप्रतिपदा बुधवार उत्तराषाढानक्षत्रको एउटा घटना दिँदा एउटा तात्कालिक टिपोटमा **लुभुया छह्म नेवार** अर्थात् **लुभुको एकजना नेवार** भनी लेखिएको छ।[४२]

ने.सं. ७७४ (वि.सं. १७१०) माघशुक्लपञ्चमीको अभिलेखमा **नेवार** शब्दको पहिलो उल्लेख मेअरी शेफर्ड स्लसरले भेट्टाएकोमा यसभन्दा १७ महीना जतिअगाडिको अभिलेखमा नेवार शब्द आएको छ। खुलाएर भन्दा ने.सं. ७७२ (वि.सं. १७०९) भाद्रशुक्लको,[४३] हनूमान्ढोकादरबार मोहनचोकको दलानको, प्रताप मल्लको शिलापत्रमा **नेवारभाषा तया** (मूलको १२ पङ्क्ति) अर्थात् **नेवारभाषामा राखियो (लेखियो)** भन्ने छ।[४४]

ने.सं. ८२६ (वि.सं. १७६२) कार्तिकशुक्लएकादशीको दिन[४५] (कार्तिक १६ गते)[४६] विषप्रयोगद्वारा पाटनका राजा योगनरेन्द्र मल्ल परलोक भएपछिको गडबडको बयान गर्दा एउटा ठ्यासफूमा **ब्राह्मण र खससँगै निवार** अर्थात् **नेवार**को चर्चा आएको कुरा पनि यस प्रसङ्गमा भन्नुपर्छ (गौतमवज्र वज्राचार्य २०२३: २८)।[४७]

ने.सं. ८०४ (वि.सं. १७४१) श्रावणकृष्णतृतीयाको एउटा घटनाको तात्कालिक टिपोटमा **खससँगै नेवाल** अर्थात् **नेवार**को चर्चा आएको छ। काठमाडौँका राजा पार्थिवेन्द्र मल्ल र पाटनका राजा श्रीनिवास मल्लको नाउँसमेत आएको त्यस टिपोटको भाषा सबै मैले नबुझे पनि कुनै किल्ला जितिएको र तीनै शहरको बाटो खुलेको कुरा त्यस टिपोटमा छ (शङ्करमान राजवंशी २०२०: १८)। त्यस टिपोटमा आएको **नेवार** शब्दलाई यस शब्दको पहिलो उदाहरणको रूपमा डेभिड गेल्नर (२०६८: ६०)ले देखाएका छन्।[४८] तर यसभन्दा ३० वर्षभन्दा अगाडि नै तात्कालिक लेखमा **नेवार** शब्द आइसकेको कुरा माथिको उद्धरणबाट स्पष्ट हुन्छ।

२५. ने.सं. ८५७ (वि.सं. १७९४) वैशाखकृष्णद्वादशीउप्रान्त त्रयोदशी आदित्यवार मूलनक्षत्र राति वृश्चिकलग्नमा राजा अर्थात् जयप्रकाश मल्लले यात्रा गरेको कुरा लेखी यो ठ्यासफू टुङ्ग्याइएको छ।

(६ पङ्क्तिमा) चाहिँ यस्तो **[सम्व]त ७७४ माघशुक्ल ॰ श्रीपंञ्चमी उत्रभद[॰]न[क्ष]त्र शिवजोग शुक्रवार ध्वकुद्ध आरंभ ।। ।।** भई आएको छ।

४२. शङ्करमान राजवंशी २०२०।

४३. यस शिलापत्रमा साल, महीना र पक्ष मात्र छ।

४४. गौतमवज्र वज्राचार्य २०३३: २० संख्या = २०५-२१०।

४५. धनवज्र वज्राचार्य २०१९: १५१-१५२।

४६. शङ्करमान राजवंशी २०२२: ३८।

४७. त्यस ठ्यासफूमा मूलमा यस्तो छ- **...धक धायाओ दायाओ पाराओ स्याक, ब्राह्मणं खसं निवारं सतच्छिं मयाक चंगुया लक्ष्मन भाजु चोन धक्वओ एलया उपाध्याया सर्व्वसं लूत यायक** (गौतमवज्र वज्राचार्य २०२३: २८)। यसको उल्था गौतमवज्र वज्राचार्य (२०२४: १३८)ले यसरी गरेका छन्- **...भनी कुटे, बाहुन, खस, नेवार समेत गरी शयभन्दा बढी पनि काटिए। चाँगुका लक्ष्मण भाजु आफ्नो घरमा राखे भनी पाटनका उपाध्यायको सर्बस्व लुटियो।** मूलको वास्तव उल्था काटिने ब्राह्मण खस र नेवार नभई लुट्ने ब्राह्मण खस नेवार देखिन्छन्। यसको शब्दश: अर्थ यस्तो हुनुपर्छ- **...भनेर भनी कुटेर काटेर मारे। बाहुन, खस, नेवार सयभन्दा बढीले चाँगुका लक्ष्मण भाजु बसे भनी पाटनका उपाध्यायको सर्वस्व लुटे।**

४८. डेभिड गेल्नर २०६८: ६०मा प्रूफको गल्तीले ७०४ छापिएको छ।

ठ्यासफूको मूलपाठ

[१] ९ स ८४५ पोषकृष्णदशमी सोमवारया रात्रीस सकोस नीरनारायण स्याक ।।

[२] स ८५४ भाद्रशुक्रएकादशी ६० सति कुह्नु घलछि दत ् थुय घटि दु कुह्नु एनकिल स्वातका ् सति कुह्नु सुनं चोङ ।। द्वादशी उदयस मत छोयका त्रयोदशी उदयश मारयात चतुर्दशी अनंतव्रत बुह्निस पिता ् तृतीयान धुनका ।।

स ६६९ भाद्रशुक्र ए ५१ द्वा ५६ त्र ६० त्र १ च ३ बु ८ थथ्य वव तिथिस यंङु दिशि सकलस्यं धाया द्वादशीस एन्दलृ स्वाय उदय पुह्निसतो यात पादुस लृय ।। एगल सगति यदि[1] बाकायस्यं धाया एकादशीस एन्दलृ स्वाय धर्म्म पुनिसितो यात ् उदय पुनिसिस लृय ।। थथ्यं यंबु थंछु को युदिशिवो यंग्र सति वा दाङाव श्री २ जयनरेन्द्र मल्ल देव प्रभु ठाकुलस्यं आदेश बिस्यं हयाव य स्वदेशय युदिशि मुन[३]काव राजकुल कोथा क्वाथ ह्नोलचोक यंता चपडिस दैवज्ञ कुसुमराज भालो बाकायसके यंबुन शास्त्र नों ह्ङाया छाति चोस्यं तया जानालपा सगतिन शास्त्र नों ह्नाय महाववचन[2] सार्द्धन एकादशिस स्वाय धालं थथ्यं थथे ख ङेङाव श्री २ प्रभु ठाकुरसके कुसुमराज भालोन यिनापा यंबुन धाया द्वादशीसं एन्दलृ स्वाय दंदु पुनिशितो यात पादुस लृय । यंग्ल सगतिन धाया एकादशीस स्वाय धर्म पुनिसितो यात उदय पुनिशिन लृय थथ्य दोको धास्यं यिनाप याङाव श्री २ प्रभु ठाकुलस्यं आदेश बिलं देवया ख शास्त्र नो ह्नाया छातिनों सोयाव भिनके परि त ह्नजेल राजारानिनं दुष मानं यातकु ।। नारायण मबिज्यातकु[3] [४] थेंपालयाव धकं कुसुमराज भालो आदेश बिलं कुसुमराज भालोन पाल यात यंबुन धाया थ्यं द्वादशी कुह्नु एन्दलृ स्वाय उदय पुनिसितो यात पादुस लृय धकं पाल यातं ् सगति युदिशि बाकाय प्रमुख मदन वकु श्री २ प्रभु ठाकुलस्यं सगति युदिशि च्या सुका ह्याय याङ तल्यं सेस्तलोकस्यन ध्व छपोल मतेव धकं धायाव श्री २ प्रभु ठाकुलसके इनाप याङ श्री २ प्रभु ठाकुलस्यं ध्व छपोलया सउल ये आवललिया छात्या याङाव ह्ङ्याया छाति थ्यं केनेमाल धकं आदेश बिलं लिथ्य दोकालेयात सोययात प्रज्याय चोस्यं तया ।। ।। स ७४८ भाद्रकृ प्रतिपदा उत्रभाद्र बृहस्पतिवाल ए[५]लया काशि प्रमुखन सोनेगल ल चालाव चोलेन ् एल खपोठ लाङा वल तके ध्वकुह्नं दल ह्याङाव भगला स्वाङाव आलकचो क्वाथ दङ एया थाना चोङाव द्याङ से क्वाथ दङा ध्वनंलि लच्छि लिव च्वापो गाङाव ।। नेपालछिं च्वाप गाक ।। ।।

---

१. युदिशि हुनुपर्ने ।

२. यहाँ एउटा व बढी भयो ।

३. चार्‍औँ पृष्ठको दायाँ क़िनारामा छड्के पारी लेख्दै तेस्रौँ पृष्ठको दायाँ किनारासम्म राजादेखि मबिज्यातकुसम्म थपिएको छ ।

होलिकाग्नि च्याक तलेजु संबजि बलि तस्ये देगुलि याक[४]

१ सम्वत् ६६० कार्त्तिकशुक्लप्रतिपदा १३[५] स्वातिनक्षत्र वार[६] वेला घटि ५ वि ३० बेङाव घटि १० ह्म वृश्चिकलग्न अंगार दव , द्वादश चंद्रसुर्य्य , याङ नवरात्र सोन ।। सप्तमी प्र अष्टिस बृहस्पतिवार रात्रिस ने घत्यान ह्म खंकु सोङ ।। दशमी आदित्यवार पे घटि बेङाव गु घडि नह्म एहास्य चारण यात ।।

[६]१ स ८५४ आश्विनशुदिपादु घटि ७ दयाव खपो ञलया नसनेतुनं घटि २× ह्म नवरात्र सोङ कंन्यालग्न बुध सुर्य्य चंद्रलग्न याङ बुध पुर्वास्त ।। ञया घटि ३ वि ४० बेङाव घटि ४ वि ४० ह्म तुललग्नस राहु उपग्रह , द्वादस क्षीण चंद्र धनुन बाणस नवरात्र सोनका ।। ह्नवया छातस विच्छलग्न अगारलग्नया ४ नवरात्र सोङ धक यातकु ।। ।। छात सोयाव ।। ।। सप्तमी प्र अष्टमीया रात्रिस घटि १× बेङाव घटि ४ ह्म स्थापन ।। अतर वङ ।। दशमी बृहस्पतिवारया दिनस घटि १३ बेङाव घटि १६ ह्म चारन दिग पूर्व्व ।। एया पा या[७]त थाहाया ।। यल खपोया घटि ७ बेङाव घटि १२ ह्म विच्छलग्नस चारण यात ।। एलया नवरात्र सोङा कुह्नु चासन सस चौक्वाथया थास छेस मि दन ।। एया देव क्वाहा बिज्या सति कुह्नु[७] मेस चितकल , ङत थु बिसे ओङाव चोङाव चियमफु , नवमी कुह्नु चगु कोस लुयकाओ , मेस चियाव हयाव मुलचूकस स्याय हल ।। थथ्य जुव ।। ।। ।। सम्वत् ८५५ , पौषशुदिचतुर्दशी प्र पूर्ण्णमासि सुथया घटि ३ श्रीध्वकह्म भाजुया कलात मोयाङा ध्वकुह्नु , हतगन कु ।। गुथया जुको यातका स्यायसिय मयातकु , मिलुं छोयकु सकलभिनं मूलचुकसं छोयकु ब्राह्मन जुको पुपुरया भिंप्वालन चिकुति भाजु लुकना चोङ श्रीध्वकह्म भाजुतो पुप्वार भाजु दुष मचोङ[८]

[८]१ स ६०२ माघकृष्णएकादशी पूर्वाषाढनक्षत्र व्यतिपातयोग बुधवार कुह्नु जययक्ष मल्लदेव प्रभु ठाकुर दिवंगत दिवस , सति सरस्वतीदेवी थकुनी निशयं धम गु भिस जयतन भुक्तलपात्वं वर्ष ७४ मास ६ ध्वते जुलो ।।

---

४. छैटौं पृष्ठको दायाँ किनारामा छड्के पारी लेख्दै पाँचौं पृष्ठको दायाँ किनारासम्म **होलिकाग्निदेखि याकसम्म** थपिएको छ ।

५. °**प्रतिपदाको दा** र **स्वातिको स्वा**को बीचमा माथि ३ र ४ पङ्क्तिको बीचको खाली ठाउँमा **१३** थपिएको छ ।

६. वारभन्दा अगाडिका ४ अक्षर नबुझिने गरी केरिएका छन् । केरिएकामध्ये दोस्रो अक्षरमा रेफ छ । यसो हेर्दा त्यो र्ग जस्तो देखिन्छ । पछिल्ला २ अक्षरचाहिँ **पति** जस्ता देखिन्छन् ।

७. मूलमा **बिज्या कुह्नु सति कुह्नु** लेखिएकोमा अघिल्लो **कुह्नु**को टाउकोमा अक्षरपीछे यस्ता ॥ चिह्न दिई ती २ अक्षर खारेज गरिएको छ । यस्ता चिह्न हाली लेखेको खारेज गर्ने चलन अरू पुस्तकमा पनि देखिन्छ । जातरूपको *अमरकोशटीका*को ने.सं. २३९ (वि.सं. ११७६) श्रावणकृष्णअष्टमीमा सारिसिद्ध्याइएको पुस्तकमा र प्रताप मल्लको तीर्थजात्रामा यसरी खारेज गरेको विषयमा क्रमशः महेशराज पन्त २०५७: § १.३.४.१.२. = ८१-८२ र उही २०६९: १४७ सङ्ख्याको टिप्पणी हेर्नू ।

८. आठौं पृष्ठको दायाँ किनारामा तलबाट छड्के पारी लेख्दै सातौं पृष्ठको माथिसम्म **मूलचुकसं**देखि **भिंप्वालन**सम्म र सातौं पृष्ठको बायाँ किनारामा छड्के पारी २ पङ्क्तिमा गरी **चिकुति**देखि **चोङ**सम्म र आठौं पृष्ठको बायाँ किनारामा पनि त्यसै गरी **श्रीध्वकह्म**देखि **मचोङ**सम्म थपिएको छ ।

[९]स ८५५ पौषशुक्रचतुर्द्दशी शनिवार श्रीउपाध्या भाजुया कलात देविलक्ष्मी मोङाव थ्वकुहुंनिसे जिमसोह्वतो हतगङ ।। राजा रानि जिह्व दुखं चोङ पोसपो मकाओ पूजा मङाव ‹ थ्व नेषुह्व कुह्व पौषकृष्णपंचमी कुह्व सिवायी कुह्मलया ह्म्याच बुयाव ‹ राजस जौब्यालि मकस्यं तयाव जिह्व कुह्व दुख बेनकाव ‹ थ्वकुह्वया चास गौपालि केङा राजस बुकुह्वन जिह्व जौब्यालि धनका जिमसोह्वंनिसे तलेजु बिज्यात लखमतया वुजां पङ ।।

[१०]१ स ८५५ माघशुक्रनवमी घ ३ दशमी तुत एकादशी घ ५३ थ्वकुह्व भीमएकादशीया उपास याक एलया थ्वकुह्वं यात ।। खपोया जुको द्वादशीस उपास यात ।।

नवमी मुदयो यत्र परतो दशमी भवेत

तदा एकादशी त्याज्य द्वादश्या ‹ य मुपोषय ।।

थ्व वचनन यात ‹ थ्व निर्मूल वचन ।। ।। श्रीपंचमीस पुजा ङायकु तलेजुस ।। माघशुक्लपुह्निसस' चगुनारायण बिज्यातका ।। माघकृष्णया ‹ त्रयोदशी घ ३९ वि ४५ दिनप्रमान २८।० चतुर्द्दशी घटि ४४ वि ३९ थथ्य जुयांव वो चास केङ धक थ्वकुह्व शिवरात्रि मानय याक ‹ तलेस पूजा थ्वकुह्वं याक ।। किसानी नंदन त्रयोदशीस ह्नजु तकाओ याय धाल थ्व मानय मयाक ।।

[११]माघकृष्णचतुर्थि किसि लाङा सल थेङ बाधाव दायकु ।।

सम्वत् ८५५ चैत्रशुक्लस घ ६ अष्टि विघटि ८ थथे जुयाव सप्तमी प्र अष्टिसं देव रथस थङ थ्वकुह्वं पुषुरी इवागला याङा बेलस ह्मं २ घलिचाकं नयाव सिक ।। ।। स ८५५ वैशाखशुक्लपादु तुत जुयाव अमावासिस बुगदेव रथस थङ थ्वकुह्वं थङाव देव सोभा वेलस देवरथं तप भेत वुल थथ्य जुसे मलि दें‌व कोकायाव मेले तयाव रथ बिङ्या-

[१२]व रथ ज्या याङाव देव रथस थङ वैशाषशुक्रनवमी कुह्व थ्वन पेह्व इवागला याक ।।


स ८५५ चैत्रकृष्णषष्ठी मूल बुधवार भगलया जगन्नाथदेव दयकेयात निह्व वघाल कयेकु ।। ।। चैत्रकृष्णद्वादशी उत्तरभद्र बुधवार जगन्नाथदेव निसोङ ।। ।। ।। वैशाख जिमसोह्व पक्षस पस्थाव ङायकु तिह्वतिया या यिहि यात ।। ।। स ८५७ पौषकृष्णअमावासि श्रवन व्यतिपात बुधवारया [१३] बाचानलि एलस चोङ रनसिं थापा खसतो मुनकाओ ओयाव भगरया छेस लुलकाव प्रसा पुला ओओपनि खसतो ह्मं १७ दायव स्याक मेव खस ह्मं ५ नेवार ह्मं १ जोङाव कुन ।। रस नेभुनं परदेश बिज्याक जुजु खपोन लिहा बिज्याक परजा मुनकाओ देसतो थनकेयात दाम बिल ।। ।। वैशाखकृष्णद्वादशी प्र त्रयोदशी मूल आदित्यवा रात्रीस घटि × विच्छलग्नस राजा प्रस्थान यातकु

---

९. यहाँ एउटा स बढी भयो । जातरूपको *अमरकोशटीका*का ने.सं. २३९ (वि.सं. ११७६) श्रावणकृष्णअष्टमीमा र ने.सं. ८७५ (वि.सं. १८१२) नष्टज्येष्ठशुक्लदशमी बुधवार उत्तरफल्गुनीनक्षत्र वज्रयोगमा सारिसिद्धिएका पुस्तकमा उही अक्षर दोहरिएको विषयमा महेशराज पन्त २०५७: § १.८.५ = १४७-१४९ पृष्ठ हेर्नू ।

ठ्यासफूको फ्याक्सिमिलि

प्रस:



१ पृष्ठ

फोटो ४

फोटो ३

फोटो ४

फोटो ५

चित्र ८

चित्र ७

फोटो ७


फोटो ८

पृष्ठ १०

पृष्ठ ११

१२ पृष्ठ

१३ पृष्ठ



चित्र २८

यो लेख लेख्दा काम लिइएका साधनको तालिका

काशीनाथ तमोट २०६३

= ने.सं. ११२७ (वि.सं. २०६३) मा ललितपुरबाट नेपालमण्डल अनुसन्धानगुथिद्वारा प्रकाशित *नेपालमण्डल* १ अङ्कका ३-६ पृष्ठमा छापिएको काशीनाथ तमोटको *यक्ष मल्लया मृत्यु तिथि* (यक्ष मल्लको मृत्युतिथि)।

काशीनाथ तमोट २०६४

= ने.सं. ११२७ (वि.सं. २०६४) मा प्रकाशित *नेपालमण्डल* २ अङ्कका ३-१४ पृष्ठमा छापिएको काशीनाथ तमोटको *प्रताप मल्लया अद्‌भुत पद्यया कयाक्षर* (प्रताप मल्लको अद्भुत पद्यको कयाक्षर)।

गोपालराजवंशावली

= ई.सं. १९८५ (वि.सं. २०४२) मा विस्बादनबाट फ्रन्त्स स्ताइनर फेर्लागद्वारा प्रकाशित, धनवज्र वज्राचार्य र कमलप्रकाश मल्लको द *गोपालराजवंशावली* (*गोपालराजवंशावली*)।

गौतमवज्र वज्राचार्य २०२३

= वि.सं. २०२३ मा प्रकाशित *पूर्णिमा* १२ पूर्णाङ्कका २२-३९ पृष्ठमा छापिएको, गौतमवज्र वज्राचार्यको *अप्रकाशित ठ्यासफु*।

गौतमवज्र वज्राचार्य २०२४

= वि.सं. २०२४ मा प्रकाशित *पूर्णिमा* १४ पूर्णाङ्कका १३३-१३९ पृष्ठमा छापिएको, गौतमवज्र वज्राचार्यको *ठ्यासफुको ऐतिहासिक व्याख्या*।

गौतमवज्र वज्राचार्य २०२५

= वि.सं. २०२५ मा प्रकाशित *पूर्णिमा* १७ पूर्णाङ्कका ९-१४ पृष्ठमा छापिएको, गौतमवज्र वज्राचार्यको *ठ्यासफुको ऐतिहासिक व्याख्या*।

गौतमवज्र वज्राचार्य २०२५क

= वि.सं. २०२५ मा प्रकाशित *पूर्णिमा* १९ पूर्णाङ्कका १८९-१९६ पृष्ठमा छापिएको, गौतमवज्र वज्राचार्यको *ऐतिहासिक घटनावलि*।

गौतमवज्र वज्राचार्य २०३३

= वि.सं. २०३३ मा काठमाडौँबाट त्रिभुवनविश्वविद्यालयको नेपाल र एशियाली अध्ययनसंस्थानद्वारा प्रकाशित, गौतमवज्र वज्राचार्यको *हनूमान्‌ढोका राजदरबार*।

ज्ञानमणि नेपाल २०५४

= वि.सं. २०५४ मा कीर्तिपुरबाट त्रिभुवनविश्वविद्यालयको नेपाल र एशियाली अनुसन्धानकेन्द्रद्वारा प्रकाशित, ज्ञानमणि नेपालको *नेपालको पूर्वमध्यकालको इतिहास*।

ज्ञानमणि नेपाल २०६२

= वि.सं. २०६२ मा काठमाडौँबाट मकालु बुक्स एण्ड स्टेशनर्सद्वारा प्रकाशित, ज्ञानमणि नेपालको *नेपालको माध्यमिक कालको इतिहास* ।

डिल्लीरमण रेग्मी २००८

= ई.सं. १९५२ (वि.सं. २००८)[१] मा काठमाडौँबाट प्रकाशित, डिल्लीरमण रेग्मीको *एन्शन्ट् यान्ड् मेड्इईभ्ल् नेपाल्* (प्राचीन र मध्यकालको नेपाल) ।

डिल्लीरमण रेग्मी २०१७

= ई.सं. १९६० (वि.सं. २०१७) मा कलकत्ताबाट फर्मा के. एल. मुखोपाध्यायद्वारा प्रकाशित, डिल्लीरमण रेग्मीको *एन्शन्ट् नेपाल्* (प्राचीन नेपाल) १ संस्करण ।

डिल्लीरमण रेग्मी २०२२

= ई.सं. १९६५ (वि.सं. २०२२)[२] मा कलकत्ताबाट फर्मा के.एल. मुखोपाध्यायद्वारा प्रकाशित, डिल्लीरमण रेग्मीको *मेड्इईभ्ल् नेपाल्* (मध्यकालको नेपाल) १ भाग ।

डिल्लीरमण रेग्मी २०२३

= ई.सं. १९६६ (वि.सं. २०२३) मा कलकत्ताबाट फर्मा के.एल. मुखोपाध्यायद्वारा प्रकाशित, डिल्लीरमण रेग्मीको *मेड्इईभ्ल् नेपाल्* २ भाग ।

डिल्लीरमण रेग्मी २०२३क

= ई.सं. १९६६ (वि.सं. २०२३) मा कलकत्ताबाट फर्मा के.एल. मुखोपाध्यायद्वारा प्रकाशित, डिल्लीरमण रेग्मीको *मेड्इईभ्ल् नेपाल्* ३ भाग ।

डिल्लीरमण रेग्मी २०२३ख

= ई.सं. १९६६ (वि.सं. २०२३) मा पटनाबाट डिल्लीरमण रेग्मीद्वारा प्रकाशित, उनैको *मेड्इईभ्ल् नेपाल्* ४ भाग ।

---

१. यस पुस्तकमा १९५२ मात्र लेखी महीना नहालेकोले वि.सं. र ई.सं.को अन्तर झण्डै साढे ३ महीना मात्र ५६ वर्ष हुने भएकोले सामान्यतया ५७ जोडी अहिलेसम्म हामीले यसको प्रकाशनसमय वि.सं. मा दिँदा २००९ लेख्दै आएका थियौँ (उदाहरणको लागि *हाम्रो वक्तव्य* २०२३:१०१) । लखनौमा छापिइरहेको यो पुस्तक म जेलबाट छुटी ई.सं. १९५२ को फेब्रुअरीमा त्यहाँ पुग्दा भरखरै निस्किएको देखेँ भनी डिल्लीरमण रेग्मी (२०३८:८-९)ले भनेकाले २००८ भनी सच्याइएको हो ।

२. त्यहाँ पुस्तक छापिएको मिति ई.सं. १९६५ दिइए तापनि वि.सं. २०२३ को बर्खामा मात्र यो बजारमा आएको हो ।*

---

*. *हाम्रो वक्तव्य* २०२३ :१०१ ।

डिल्लीरमण रेग्मी २०२६

= ई.सं. १९६९ (वि.सं. २०२६) मा कलकत्ताबाट फर्मा के.एल. मुखोपाध्यायद्वारा प्रकाशित, डिल्लीरमण रेग्मीको *एन्‌शन्ट् नेपाल्* ३ संस्करण ।[३]

डिल्लीरमण रेग्मी २०३८

= ई.सं. १९८१ (वि.सं. २०३८) मा ललितपुरबाट जोशी रिसर्च इन्स्टिट्युटद्वारा प्रकाशित *रोलम्ब* १ वर्ष ३ अङ्कका ७-१२ पृष्ठमा छापिएको, डिल्लीरमण रेग्मीको *अ रिपर्ट् अफ् यान् इन्टर्‌भ्यू विद् दि एड्इटर्, हरि राम जोशी* (*रोलम्ब*का सम्पादक हरिराम जोशीसँग भएको कुराकानीको जाहेरी) ।

डेभिड गेल्नर २०६८

= वि.सं. २०६८ मा ललितपुरबाट ३६ ग्रुप युवा क्लब हरिसिद्धिद्वारा प्रकाशित, केदार महर्जनद्वारा सम्पादित *दबू स्मारिका*का ६०-६३ पृष्ठमा छापिएको, डेभिड गेल्नरको *सम् नोट्स् अन् नेवार् आइडेन्टिटि* (नेवारको पहिचानको विषयमा केही टिप्पणी) ।

ड्यान्यल राइट १९३३

= ई.सं. १८७७ (वि.सं. १९३३) मा केम्ब्रिजबाट यूनिभर्सिटि प्रेसद्वारा प्रकाशित, ड्यान्यल राइटको *हिस्टरि अफ् नेपाल्, ट्रान्स्लेट्इड् फ्रम् द परबतिया बाइ मुन्शी श्यू शङ्कर् सिङ्घ् यान्ड् पन्डिट् श्री गुणानन्द: विद् यान् इन्ट्रडक्टरि स्केच् अफ् द कन्ट्रि यान्ड् पीप्ल् अफ् नेपाल्, बाइ दि एड्इटर्* (नेपालको इतिहास– मुन्शी शिवशङ्कर सिंह र पण्डित गुणानन्दले पर्वतेबाट उल्था गरेको; सम्पादकले लेखेको, नेपालको मुलुक र दुनियाँको चिनारी गराउने बयानसहित) ।

तोत्रराज पाण्डेय र नयराज पन्त २००४

= वि.सं. २००४ मा बनारसबाट तोत्रराज पाण्डेयद्वारा प्रकाशित, तोत्रराज पाण्डेय र नयराज पन्तको *नेपालको संक्षिप्त इतिहास* ।

देविचन्द्र श्रेष्ठ २०५९

= वि.सं. २०५९ मा काठमाडौँबाट आर्थिक नेपालद्वारा प्रकाशित, देविचन्द्र श्रेष्ठको *रत्न मल्ल र उनको समकालिक नेपाल मण्डल [ने.सं. ६०२-६४०]* ।

देवीप्रसाद भण्डारी २०५८

= वि.सं. २०५८ मा प्रकाशित *पूर्णिमा* १०३ पूर्णाङ्कका ३८-४५ पृष्ठमा छापिएको, देवीप्रसाद भण्डारीको *भास्कर मल्लले गरिदिएको ताम्रपत्र* ।

---

३. डिल्लीरमण रेग्मीको, वि.सं. २०१७ मा छापिएको *एन्‌शन्ट् नेपाल्* (डिल्लीरमण रेग्मी २०१७)लाई पहिलो र वि.सं. २०२६ मा छापिएको *एन्‌शन्ट् नेपाल्* (उही २०२६)लाई तेस्रो संस्करण भनी तत्तत्संस्करणमा लेखिएकोले वि.सं. २००८ मा छापिएको, उनको *एन्‌शन्ट् यान्ड् मेड्इईभल् नेपाल्* (उही २००८)को प्राचीन इतिहाससम्बन्धी खण्डलाई पहिलो र वि.सं. २०१७ मा छापिएको *एन्‌शन्ट् नेपाल्*लाई दोस्रो संस्करण भनी पछि मानेको देखिन्छ ।

देवीप्रसाद लंसाल २०२३

= वि.सं. २०२३ मा काठमाडौँबाट श्री ५ को सरकार शिक्षामन्त्रालय पुरातत्त्वविभागको नेपाल राष्ट्रिय पुस्तकालयद्वारा प्रकाशित, देवीप्रसाद लंसालको *भाषा वंशावली* (द्वितीय भाग)।

धनवज्र वज्राचार्य २०१९

= वि.सं. २०१९ मा ललितपुरबाट जगदम्बा-प्रकाशनद्वारा प्रकाशित; धनवज्र वज्राचार्यको प्रधानसम्पादकत्वमा रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेलद्वारा सम्पादित *इतिहास-संशोधनको प्रमाण-प्रमेय*।

धनवज्र वज्राचार्य र ज्ञानमणि नेपाल २०११

= वि.सं. २०११ मा काठमाडौँबाट धनवज्र वज्राचार्य र ज्ञानमणि नेपालद्वारा प्रकाशित, उनीहरूको *इतिहास-संशोधन [४ संख्या]– प्रो. तोत्रराज पाण्डेय एम्.ए. तथा पं. नयराज पन्त ज्योतिषाचार्य विरचित नेपालको संक्षिप्त इतिहासमा रहेका अशुद्धिहरू*।

नयनाथ पौडेल २०६६

= वि.सं. २०६६ मा त्रिभुवनविश्वविद्यालयमा पीएच्. डी.को लागि नयनाथ पौडेलले पेश गरेको थीसिस *राजा यक्ष मल्ल र उनको समय* ।

नयराज पन्त २०२०

= वि.सं. २०२० आश्विन १ गते काठमाडौँबाट संशोधन-मण्डलद्वारा प्रकाशित, नयराज पन्तको *विद्या-रक्षा*

(१५ संख्या)

भदौमा सोह्रश्राद्ध गरी कार्तिकमा दसैं गर्नुपरेको कारण

नरहरिनाथ २०१३

= वि.सं. २०१३ मा काठमाडौँबाट इतिहासप्रकाशसंघद्वारा प्रकाशित *इतिहासप्रकाश* २ अङ्क ३ भागका ५६७-५७० पृष्ठमा छापिएको, नरहरिनाथको *नेपाल भक्तपुर नरेश पुरोहित वंशधर धनेश्वर राजोपाध्यायका*[४] *दैनन्दिनी स्मृति पुस्तिकामा प्राप्त तिथिमिति* ।

निकोलस गेर्‌भास रोड्स, कार्ल गाब्रिश र सी. फाल्देत्‌तारो पोन्‌तेकोर्‌भो देला रोसेता २०४५/४६

= ई.सं. १९८९ (वि.सं. २०४५/४६) मा लन्डनबाट रइअल न्यूमिज्म्याट्इक ससाइइटिबाट प्रकाशित, निकोलस गेर्‌भास रोड्स, कार्ल गाब्रिश र सी. फाल्देत्‌तारो पोन्‌तेकोर्‌भो देला रोसेताको *कइन्‌एज् अफ् नेपाल्* (नेपालका सिक्का)।

नेपाल देशको इतिहास

= वि.सं. २०२९ मा काठमाडौँबाट श्री ५ को सरकार शिक्षामन्त्रालय पुरातत्त्वविभागद्वारा प्रकाशित *प्राचीन नेपाल* १९ सङ्ख्याका १-२३ पृष्ठमा छापिएको *नेपाल देशको इतिहास*।

४. प्रूफको गल्तीले °राजोपायध्यायका छापिएको छ।

पद्मगिरिवंशावली

= ई.सं. १९७० (वि.सं २०२७)मा होश्यारपुरबाट विक्रमजित् हसरतद्वारा प्रकाशित, उनैको *हिस्टरि अफ् नेपाल्: याज् टेल्ड् बाइ इट्स् वोन् यान्ड् कन्टेम्परारि क्रनिक्लर्ज्* (नेपालको इतिहास- यसका आफ्नै र सामानकालिक इतिवृत्तकारहरूले बताएअनुसार) ।

पीयर द ग्रेस २०१४

= ई.सं. १९५७ (वि.सं. २०१४) मा प्यारिसबाट इम्प्रिमेरि नासिओनलद्वारा प्रकाशित *जुर्नाल् आजिआतिक्* (एशियासम्बन्धी पत्रिका)मा छापिएको, पीयर द ग्रेसको *ल्'आँस्क्रिप्श्यों पोलिग्राफिक् द प्रताप मल्ल आ काठ्माण्डू* (काठमाडौँका प्रताप मल्लको बहुविधाक्षर उत्कीर्णलेख) ।

पूर्णकाजी ताम्रकार २०११ (?)

= ने.सं. १०७४ (?) (वि.सं. २०११) मा काठमाडौँबाट रत्नमानसिंहद्वारा प्रकाशित *थौंकन्हे* (आजभोलि) ३ वर्षका १८७-१९७ पृष्ठमा छापिएको, पूर्णकाजी ताम्रकारको *श्री राजराजेन्द्र कवीन्द्र जयप्रताप मल्ल देवजु* ।

मखं ज्यापु गुथि २०६३

= वि.सं. २०६३ माकाठमाडौँबाट मखं ज्यापुगुथिद्वारा प्रकाशित *मखं ज्यापुगुथिको विधान- २०६३* ।

मण्डलवंशावली १

= संशोधन-मण्डलको सङ्ग्रहमा रहेको, वि.सं. १९३८ मा श्री ५ सुरेन्द्र परलोक भएको कुरापछिका पत्र हराएको *वंशावली* ।

मण्डलवंशावली २

= संशोधन-मण्डलको सङ्ग्रहमा रहेको, ४२ साल पर्वको कुरा लेख्दा लेख्दैपछिका पत्र हराएको *वंशावली* ।

मण्डलवंशावली ३

= संशोधन-मण्डलको सङ्ग्रहमा रहेको, वि.सं. १९४८ सम्मको कुरा परेको *वंशावली* ।

महेशराज पन्त २०३४

= वि.सं. २०३४ मा प्रकाशित *पूर्णिमा* ३८ पूर्णाङ्कका ७२-७४ पृष्ठमा छापिएको, महेशराज पन्तको *नरेन्द्र मल्लका मन्त्री कुसुमराजले स्थापना गरेको धातुको चतुर्मूर्ति विष्णुको अप्रकाशित अभिलेख* ।

महेशराज पन्त २०४२

= वि.सं. २०४२ मा प्रकाशित *पूर्णिमा* ६७ पूर्णाङ्कका ४२-४६ पृष्ठमा छापिएको, महेशराज पन्तको *यक्षमल्लले गरिदिएका दुइवटा ताडपत्र* ।

महेशराज पन्त २०५०

= वि.सं. २०५० मा प्रकाशित *पूर्णिमा* ८४ पूर्णाङ्कका ४९-६२ पृष्ठमा छापिएको, महेशराज पन्तको *नेवारराज्य र ब्राह्मण* ।

महेशराज पन्त २०५७

= ई.सं. २००० (वि.सं. २०५७) मा दिल्लीबाट मोतीलाल बनारसीदासद्वारा प्रकाशित, महेशराज पंतको *जातरूप'ज् कमेन्टरि अन् दि अमरकोष* (*अमरकोषमा* जातरूपको टीका) १ भाग ।

महेशराज पन्त २०६१

= वि.सं. २०६१ मा प्रकाशित *पूर्णिमा* ११४ पूर्णाङ्कका १-५९ पृष्ठमा छापिएको, महेशराज पन्तको *ताडपत्रका लिखतपत्रमा अधिमास* ।

महेशराज पन्त २०६३

= वि.सं. २०६३ मा प्रकाशित *पूर्णिमा* १२२ पूर्णाङ्कका १-६१ पृष्ठमा छापिएको, महेशराज पन्तको *संसारदेवीको प्रतिमास्थापना गरी राखिएको ताम्रपत्र*।

महेशराज पन्त २०६५

= वि.सं. २०६५ मा प्रकाशित *पूर्णिमा* १२८ पूर्णाङ्कका ३३४-३३८ पृष्ठमा छापिएको, महेशराज पन्तको *भास्कर मल्ल / महीन्द्र सिंहका लिखतपत्रमा साक्षीहरू*।

महेशराज पन्त २०६६

= वि.सं. २०६६ मा प्रकाशित *पूर्णिमा* १२९ पूर्णाङ्कका ६६-८२ पृष्ठमा छापिएको, महेशराज पन्तको *सबभन्दा पहिले प्रचारमा आएको ठ्यासफूको विषयमा* ।

महेशराज पन्त २०६६क

= वि.सं. २०६६ मा प्रकाशित *पूर्णिमा* १३१ पूर्णाङ्कका १९३-२२५ पृष्ठमा छापिएको, महेशराज पन्तको *सबभन्दा पहिले प्रचारमा आएको ठ्यासफू २ खण्ड* ।

महेशराज पन्त २०६७

= वि.सं. २०६७ मा प्रकाशित *पूर्णिमा* १३२ पूर्णाङ्कका २९५-३४८ पृष्ठमा छापिएको, महेशराज पन्तको *सबभन्दा पहिले प्रचारमा आएको ठ्यासफू ३ खण्ड* ।

महेशराज पन्त २०६९

= वि.सं. २०६९ मा प्रकाशित *पूर्णिमा* १३७ पूर्णाङ्कका १-८६ पृष्ठमा छापिएको, महेशराज पन्तको *प्रताप मल्लको तीर्थजात्रा*।

मुकुन्दराज अर्याल २०६०

= वि.सं. २०६० मा काठमाडौँबाट भक्तपुरविकाससहयोगसङ्घद्वारा प्रकाशित *खोपृङ* ११ अङ्क ३१ पृष्ठमा छापिएको, मुकुन्दराज अर्यालको *भक्तपुरको एक अप्रकाशित ठ्यासफू* ।

मेअरी शेफर्ड स्लसर २०३९

= ई.सं. १९८२ (वि.सं. २०३९)मा प्रकाशित, मेअरी शेफर्ड स्लसरको *नेपाल् मण्डल: अ कल्चरल् स्टड्इ अफ् द काठमान्डू भ्याल्इ* (नेपालमण्डल– काठमाडौँखाल्डोको संस्कृतिको परिशीलन) २ भाग ।

मोहनप्रसाद खनाल २०४०

= वि.सं. २०४० मा कीर्तिपुरबाट नेपाल र एशियाली अनुसन्धान केन्द्रद्वारा प्रकाशित, मोहनप्रसाद खनालको *चाँगुनारायणका ऐतिहासिक सामग्री* ।

योगेश राज २०५६

= वि.सं. २०५६ मा भक्तपुरबाट सुथांद्वारा प्रकाशित *पासूका* (पञ्चसूत्रिका) ४ वर्ष ४ अङ्कका ९-११ पृष्ठमा छापिएको, योगेश राजको *भक्तपुर मल्ल राजपरिवार सँग सम्बन्ध राख्ने ऐतिहासिक टिपोट*।

राजभोगमाला

= वि.सं. २०२७ मा काठमाडौँबाट श्री ५ को सरकार शिक्षामन्त्रालय पुरातत्त्वविभागद्वारा प्रकाशित *प्राचीन नेपाल* ११ संख्याका १-१७ पृष्ठमा छापिएको *नेपालको इतिहास राजभोगमाला* ।

राजवंशावली

= वि.सं. २०२५ मा काठमाडौँबाट श्री ५ को सरकार शिक्षामन्त्रालय पुरातत्त्वविभागद्वारा प्रकाशित *प्राचीन नेपाल* ६ सङ्ख्यामा छापिएको, बालचन्द्र शर्माको *काठमाडौँ उपत्यकाको एक राजवंशावली* ।

लूछ्याह्वो पेतेक २०४०

= ई.सं. १९८४ (वि.सं. २०४०) मा रोमबाट ईस्तीतूतो ईताह्ल्याह्वो पेर ईल मेद्यो एद एस्त्रेमो ओर्येन्तेद्वारा प्रकाशित, लूछ्याह्वो पेतेकको *मेड्इईभल् हिस्टरि अफ् नेपाल् (सी. ७५०-१४८२)* (नेपालको मध्यकालको इतिहास (अन्दाजि वि.सं. ८०७-१५३८)) ।

लेविवंशावली १

= प्यारिसको आँस्तित्यु द सिभिलिजास्यौं आँदियन्नमा सिल्विं लेविको सङ्ग्रहमा रहेको, वि.सं. १८९१ ज्येष्ठशुक्लदशमी सोमवारको दिन देउपाटनका सिद्धिनारायण ब्राह्मणले लेखिसिद्ध्याएको *वंशावली*।

लेविवंशावली २

= प्यारिसको आँस्तित्यु द सिभिलिजास्यौं आँदियन्नमा सिल्विं लेविको सङ्ग्रहमा रहेको, कोतपर्वसम्मको कुरा भएको अप्रकाशित *वंशावली*।

शङ्करमान राजवंशी २०२०

= वि.सं. २०२० मा काठमाडौँबाट श्री ५ को सरकार पुरातत्त्वविभाग वीरपुस्तकालयद्वारा प्रकाशित *वि.सं. १७२३ देखि १७४८ तकको ऐतिहासिक-घटनावली*।

शङ्करमान राजवंशी २०२२

= वि.सं. २०२२ मा प्रकाशित *पूर्णिमा* ६ पूर्णाङ्कका ३७-४४ पृष्ठमा छापिएको, शङ्करमान राजवंशीको *योगनरेन्द्र मल्लका उत्तराधिकारी*।

शङ्करमान राजवंशी २०२२क

= वि.सं. २०२२ मा प्रकाशित *पूर्णिमा* ७ पूर्णाङ्कका ३६-४३ पृष्ठमा छापिएको, शङ्करमान राजवंशीको *यक्षमल्लका समयका निश्चित संवत् र तिथिमितिहरू*।

शङ्करमान राजवंशी २०२३

= वि.सं. २०२३ मा प्रकाशित *पूर्णिमा* १० पूर्णाङ्कका १७-२२ पृष्ठमा छापिएको, शङ्करमान राजवंशीको *यक्षमल्लको समयका निश्चित संवत् र तिथिमितिहरू*।

शङ्करमान राजवंशी २०२३क

= वि.सं. २०२३ मा प्रकाशित *पूर्णिमा* ११ पूर्णाङ्कका १७-२४ पृष्ठमा छापिएको, शङ्करमान राजवंशीको *श्रीडिल्लीरमण रेग्मीज्यूले हाम्रो सम्पत्ति फेरि पनि चोर्नुभयो* ।

शङ्करमान राजवंशी २०२७

= वि.सं. २०२७ मा काठमाडौँबाट श्री ५ को सरकार शिक्षामन्त्रालय, पुरातत्त्वविभागको राष्ट्रिय अभिलेखालयद्वारा प्रकाशित, शङ्करमान राजवंशीको *कान्तिपुर-शिलालेख-सूची*।

संक्षिप्त वंशावली

= वि.सं. २०६५ मा काठमाडौँबाट खिलशर्म-राजीवलोचनजोशीस्मारकप्रतिष्ठानद्वारा प्रकाशित, दिनेशराज पन्तको *संक्षिप्त वंशावली*।

हाम्रो वक्तव्य २०२३

= वि.सं. २०२३ मा प्रकाशित *पूर्णिमा* ११ पूर्णाङ्कका १०१-११८ पृष्ठमा छापिएको *हाम्रो वक्तव्य – श्रीडिल्लीरमण रेग्मीज्यूको छटेलपन*।

ब्राह्मणपुत्र क्रिस्तान स्कूलमा पढ्दा नयराज पन्तको मनमा खेलेका कुरा

[

वाङ्मुख

नयराज पन्त (वि.सं. १९७०-२०५९)ले दिनकादिन जस्तो केहीनकेही लेख्ने गरेका कलेजी रङ्गका, झण्डै ४०० पृष्ठ भएका, फूल्स्केप साइजका, २ वटा सजिल्द कापी छन्। तिनमध्ये एउटा कापीबाट झिकिएका, २ वटा लेख पहिल्यै छापिइसकेका छन् (नयराज पन्त २०६९: ६३ र २०६९ क: ४४१)। त्यही कापीको १२० पृष्ठमा आफ्नो ३८ वर्षको उमेरमा नयराज पन्तले संस्कृतमा वसन्ततिलका छन्दमा लेखेका अढाइ पद्य अहिले यहाँ छापिँदैछन्।

वि.सं. १९८० देखि त्रिचन्द्र कलेजको सम्बन्ध कलकत्ताविश्वविद्यालयबाट पटनाविश्वविद्यालयमा सऱ्यो (गोपीनाथ शर्मा २०५०: १०९)। त्यसले गर्दा नेपालमा हुने, पटनाविश्वविद्यालयको जाँच यहाँ चलाउन त्यस विश्वविद्यालयबाट एक जना प्रोफेसर काठमाडौँ आई जाँच चलुञ्जेल एक महीना जति यहीँ बसी उत्तरपुस्तिका साथै लिई फर्कने गरेका थिए। त्यसताकाको काठमाडौँमा पटनाको दाँजोमा भौतिक सुविधा कम भएकोले एकचोटि आएको प्रोफेसर अर्कोचोटि आउन मन गर्थेनन् र यसैले कसलाई खटाउने भनी निर्णय गर्न गाह्रो पर्न लाग्यो (डोनल्ड ए. मेसर्श्मिड्ट २०५३/५४: १५५)।

खास गरी अङ्ग्रेजी भाषा र रहनसहनमा पोख्त बनाउन क्रिस्तान स्कूलमा आफ्ना सन्तानलाई भर्ना गर्ने लहर भारतका धनीमानीमा चलेको थियो। नेपालमा यस्तो स्कूल नभएकोले यहाँका धनीमानीका सन्तान भारतमा गई क्रिस्तान स्कूलमा पढ्ने गर्थे। जेस्युइट अर्थात् सेन्ट जेभियर्'ज स्कूल पटनामा पनि वि.सं. १९९६ माघ २ गते (ई.सं. १९४० जनवरी १५ तारीखमा) खुल्यो (उही: १३८)। त्यस स्कूलका प्रिन्सिपल फादर मार्शल डेनिस मोरान भए। त्यस स्कूलमा पनि नेपालका केही धनीमानीहरूका छोराहरू पढ्ने गर्थे। नेपालको शिक्षाविभागका तात्कालिक डाइरेक्टर जनरल मृगेन्द्रशमशेर जङ्गबहादुर राणा जाँचको कामको लागि पटना आउँदा फादर मोरानसँग उनको उठबस भयो (उही: १५४)। यस्तै छाँटले नेपालका पढैया कहलिएका अरूहरूसँग पनि फादर मोरानको सम्बन्ध बढ्यो (उही: १५३)। सेन्ट जेभियर्'ज स्कूलका प्रिन्सिपल भई बसेका फादर मोरान पटनाविश्वविद्यालयका अधिकारीहरूसँग बिस्तारै नजीकिँदै गए। वि.सं. २००४ मा उनी पटनाविश्वविद्यालयको सिनेटको मेम्बर पनि बने (उही: १४८-१४९)। यता फादर मोरान नेपाल जान निकै उत्सुक भएकाले र उता पटनाका प्रोफेसर त्यहाँ जान नखोज्ने भएकाले उनलाई पटनाविश्वविद्यालयले जाँचको कामको लागि नेपाल पठाउने विचार गऱ्यो। अनि वि.सं. २००६ आश्विन १५ गते (ई.सं. १९४९ अक्टोबर १ तारीखमा) उनी नेपालतर्फ हिंडे (उही: १५६-१६०)। पटनादेखि नै चिनजान भएका, जनरल मृगेन्द्रशमशेरसँग फादर मोरानको फेरि भेट परीक्षा चलाउन काठमाडौँमा आउँदा भयो। मृगेन्द्रशमशेरमार्फत नै उनले श्री ३

महाराज मोहनशमशेरको दर्शन पाए (उही: १६०-१६१) । यसको अर्कोनवर्ष फेरि त्यही जाँचको कामको लागि काठमाडौँ आउँदा नेपालमा जेस्युइट स्कूल खोल्ने कुरा उनले उठाए । मृगेन्द्रशमशेरको यसमा समर्थन भए पनि इवाट्ट यो कुरा अघि बढाउने आँट उनको भएन । तर स्कूल कुन ठाउँमा खोल्दा उपयुक्त होला भनी ठाउँठाउँमा घुम्न हरेक शनिवार मृगेन्द्रशमशेर १ जना प्रोफेसरलाई फादर मोरानसँग घुम्न खटाइदिन्थे । कहिले ककनी, कहिले नगरकोट, कहिले सुन्दरीजल, कहिले गोदावरी आदि गरी धेरै ठाउँमा फादर मोरान घुमे (उही: १६५) । यति गर्दा गर्दै नेपालमा बस्ने उनको समय सिद्धियो र अब पटना फर्कने वेला भयो । फर्कनुभन्दा अगाडि श्री ३ को दर्शन गर्न उनी जाने भए । यति वेलासम्म जनरल मृगेन्द्रसँग उनको घनिष्ठता भइसकेकोले काठमाडौँमा पनि जेस्युइट स्कूल खोल्न पाएको खण्डमा नेपालीहरूलाई पटनासम्म गएर पढ्नुपर्ने झञ्झटबाट मुक्ति मिल्थ्यो भन्ने कुरा जनरल साहेबलाई उनले भने । आज श्री ३ महाराजसँग यहाँ स्कूल खोल्ने विषयमा कुरा गरूँ त भनी सोद्धा मृगेन्द्रले हुन्छ भने । अनि उनले यो कुरा श्री ३ मोहनलाई भने, उनले पनि समर्थनै गरे । गोदावरीमा स्कूल खोल्ने निधो गरी फादर मोरान फर्के । पटना फर्किएपछि उनले स्कूल खोल्ने विषयमा विधिवत् प्रबन्ध गर्न पाए हुन्थ्यो भन्ने भावले जनरल मृगेन्द्रलाई चिठी लेखे । नेपालमा जेस्युइट स्कूल खोल्ने विषयमा श्री ३ सँग कुरा अगाडि बढिरहेको छ भनी जनरल मृगेन्द्रले छिटै जवाफ दिए (उही: १६६-१६७) ।

यसपछिका १ वर्षभित्र फादर मोरानकहाँ काठमाडौँबाट आकलझुकल चिठी आइरहे पनि स्कूल खोल्ने विषयमा निधो गरी केही लेखिएन । वि.सं. २००७ कार्तिक १६ गते (ई.सं. १९५० नोभेम्बर १ तारीखमा) जनरल मृगेन्द्रले पटनामा फादर मोरानलाई भेटी जेस्युइटहरूलाई गोदावरीमा स्कूल खोल्न दिन नेपालसरकार तयार छ भन्ने खबर सुनाए (उही: १६७) ।

यसको पाँचौँ दिन अर्थात् कार्तिक २१ गते श्री ५ त्रिभुवन हिन्द दूतावासमा शरण लिन पुगेको र कार्तिक २६ गते हवाई जहाजद्वारा उनी दिल्ली पुगेकाले राणाशासन डाँवाडोल भयो । गोदावरीमा जेस्युइट स्कूलको भौतिक प्रबन्ध गर्न भनी यस्तै अवस्थामा फादर मोरान आफ्ना अधिकारीहरूसँग काठमाडौँ आए । उनले हामीहरू आउँदैछौँ भनी जनरल मृगेन्द्रलाई खबर गरेका थिए र जनरलले उनलाई काम अघि बढाउन अनुमति दिएका थिए (उही: १६९) । देशको यस्तो अवस्थामा पनि विदेशी विधर्मी यहाँ आई आफ्नो छाँटले चलखेल गर्न सकेकाले नेपालको राजकाज त्यसै वेला कमजोर भइसकेको यताबाट देखिएको छ ।

वि.सं. २००७ पौष २३ गते श्री ५ त्रिभुवन र राणापक्षको बीचमा सुलह भयो । अब राणापक्ष र विरोधी पक्ष दुवै भएको मन्त्रिमण्डल बन्ने भयो । फाल्गुन ४ गते श्री ५ त्रिभुवन दिल्लीबाट फर्के । वि.सं. २००७ फागुन ७ गते नेपालमा राणाशासन हटी प्रजातन्त्रशासन आएको भए पनि त्यस मन्त्रिमण्डलमा को को मन्त्री हुने भन्ने निर्णय अघिबाटै भएकोले होला, नेपालमा जेस्युइट स्कूल खोल्ने फादर मोरानको प्रस्ताव भावी शिक्षामन्त्री नृपजङ्ग राणाले श्री ५ त्रिभुवन फर्केकै दिन अपराह्नमा औपचारिक ढङ्गले स्वीकार गरी उनीकहाँ **कम् याट् वन्स्** अर्थात् **तुरुन्त आउनुहोस्** भन्ने तार यहाँबाट गयो (उही: १६९-१७०) । मन्त्रिमण्डल नबन्दै नै भावी शिक्षामन्त्रीले क्रिस्तान स्कूल खोल्न अनुमति दिएकाले राज्यको बागडोर हात लाउन आफुसआफुसमा

लुछाचुँडी गरे पनि विदेशी विधर्मीको अगाडि शासकहरू नतमस्तक हुने उदाहरण यसमा पाइएको छ।

यो तार पाएको केही हप्तापछि दलबलसहित फादर मोरान यहाँ आई स्कूलको तयारी गरे। पटनाको सेन्ट जेभियर्'ज स्कूलमा पढिरहेका १० जना नेपाली विद्यार्थी पनि उनीसँगै आए। अब गोदावरीमा खुल्ने सेन्ट जेभियर्'ज स्कूलको लागि दरखास्त माग्दा विद्यार्थीका आमाबाबुले दरखास्त हाले। यसरी ३०० विद्यार्थीको लागि दरखास्त पऱ्यो। त्यस दरखास्तको छनौट त्रिचन्द्र कलेजका प्रिन्सिपल सरदार रुद्रराज पाण्डे, शिक्षाविभागका कर्मसचिव अर्थात् सेक्रेटरी नेत्रबहादुर थापा, शिक्षाविभागका सदस्य तारामान सिंह र त्रिचन्द्र कलेजका प्रोफेसर जगत्बहादुर बूढाथोकीले गरे। अनि वि.सं. २००८ श्रावण १७ गते (ई.सं. १९५१ जुलाई १ तारीख) बुधवार गोदावरीमा सेन्ट जेभियर्'ज स्कूल विधिवत् खुल्यो (उही २०५३/५४: १७३-१७७ पृष्ठ)। क्रिस्तान बनेका नेपाली चेलाचपेटासमेत यहाँबाट पृथ्वीनारायण शाहले धपाएका पादरीहरू त्यसको साढे एक सय एकासी वर्षपछि उनका जनातिका जनाति त्रिभुवन सर्वशक्तिसम्पन्न राजा हुँदा स्कूल खोली नेपालीहरूलाई चेला बनाउन भनी फेरि नेपाल भित्रिए।

नेपालका धनीमानी मानिसका छोराहरू त्यस जेस्युइट स्कूलमा पढ्न ओइरिए। विद्वच्छिरोमणि नायब बडागुरुज्यू हेमराज पण्डितज्यू (वि.सं. १९३५-२०१०) पनि आफ्ना जेठा नाति, अहिलेका प्रसिद्ध बुद्धिजीवी प्रकाश ए. राज (वि.सं. २००० मा जन्म)लाई डोऱ्याई त्यस स्कूलमा भर्ना गराउने विचारले गएका थिए, त्यस स्कूलको होस्टेलमा बसेर पनि मेरो नातिले ब्राह्मणको नीतिनियम पालन गर्न सक्छ कि सक्दैन भनी गुरुज्यूले फादर मोरानसँग सोध्दा गैरब्राह्मणले पकाएको भात खानुपर्ने भएकोले र क्रिस्तान धर्मका केही धर्मोपदेश पनि श्रवण गर्नुपर्ने सम्भावना भएकोले ब्राह्मणको नीतिनियम पालन गर्न सम्भव नहुने थाहा हुँदा आफूलाई त्यहाँ भर्ना गरिएन भनी खुद प्रकाश ए. राज (२०३५: ४८)ले लेखेका छन्।

उता नायब बडागुरुज्यूका भैयाद, राजाका मूलपुरोहित जनकराज पण्डितज्यू (वि.सं. १९३४-२०२०)ले पटनाको जेस्युइट स्कूलमा अघिबाटै आफ्ना नातिहरूलाई भर्ना गराएका थिए। पछि यहाँ फादर मोरानले त्यस्तै स्कूल खोलेपछि जनकराजका नातिहरू त्यहाँ पनि पढ्न गए। नयराज पन्तका ससुरा जनकराज भएकाले त्यसरी राजाका पुरोहितले सुद्धा आफ्ना सन्तानलाई क्रिस्तान स्कूलमा पढ्न पठाउँदा आफ्ना मनमा खेलेको कुरा उनका यी पद्यमा व्यक्त छ।

यथा राजा तथा प्रजा अर्थात् **राजा जस्ता हुन्छन्, प्रजा पनि त्यस्तै हुन्छन्** भन्ने सूक्तिअनुसार नेपालका शासकहरूले आफ्ना सन्तानलाई क्रिस्तान स्कूलमा भर्ना गरेकाले नै उनका भाइभारदारहरूले त्यसैको अनुसरण गरेका हुन्। श्री ५ महेन्द्रले आफ्ना छवै जना सन्तानलाई दार्जिलिङको क्रिस्तान स्कूलमा भर्ना गरेको कुराको सम्झना यस प्रसङ्गमा हुन्छ।

गोदावरीमा सेन्ट जेभियर्'ज स्कूल खोल्नमा नजीकैबाट लागेका भनी प्रसिद्ध रुद्रराज पाण्डे र नेत्रबहादुर थापा (डोनल्ड ए. मेसर्श्मिड्ट २०५३/५४: १९१ मा १ सङ्ख्याको टिप्पणी) नामी अध्यात्मवादी र सन्तमहन्तका

भक्त मात्र नभई अघिल्ला *संत–दर्शन*का रचयिता (रुद्रराज पाण्डे २०५० र २०५१) र पछिल्ला *गीता–सारशती*का रचयिता (नेत्रबहादुर थापा २०३०) थिए। उनीहरूको हिन्दू धर्ममा भक्ति र क्रिस्तान स्कूलमा आसक्तिको मिलन कसरी भयो, यो अनुसन्धेय छ।

ज्ञान हासिल गर्न् आवश्यक कुरामध्ये यी कुरा

विविक्तदेशसेवित्वमरतिर्जनसंसदि ॥

(*भगवद्गीता* १३।१०)

(एकान्त ठाउँमा बस्नु, मान्छेको जमातमा बस्न मन नलाग्नु)

पनि आवश्यक भन्ने ठानिरहेका हामीलाई

त्रिभुवनविश्वविद्यालयका भूतपूर्व भाइसचान्सलर त्रैलोक्यनाथ उप्रेतीले फादर मोरानको प्रशंसामा बोलेका यी

फादर् मोरान् वज् याट् एभ्रि पार्‌टि इन् दोज् डेज् । इफ् अ भिजिट्‌अर् डिड् नट् शी फादर मोरान् इन् काठ्मान्डू, हिज् ट्रिप् वज् नट् रीअल्लि कम्प्लीट् ।

(डोनल्ड ए. मेसर्‌श्मिड्ट २०५३/५४: १९५ मा उद्धृत)

(फादर मोरान त्यस ताका हरेक भोजभतेरमा हुन्थे। बाहिरबाट आउने कुनै मान्छेले फादर मोरानलाई काठमाडौँमा भेटेन भने उसको यात्रा साँच्चिकै पूरा हुन्थेन।)

वाक्य देख्दा सच्चा विद्वान्मा हुने चरित्र फादर मोरानमा नदेखिएकोले पादरीहरूलाई **सत्री अर्थात् विद्वान्को रूपमा हिँडेका राजकाजी मान्छे** भनी नयराज पन्तले लेखेको कुरा ठीक देखिन्छ।

यो लेख लेख्दा काम लिइएका साधनको तालिका

एच.पी. शर्मा (मिश्र)

= बेमितिको, काठमाडौँबाट आशिष*[१] बुक्स हाउसद्वारा प्रकाशित, एच.पी. शर्मा (मिश्र)को *१३१ वर्षे पात्रो वि.सं. १९७० देखि २१०० सम्म*।

गोपीनाथ शर्मा २०५०

= वि.सं. २०५० मा काठमाडौँबाट रविनराज भण्डारीद्वारा प्रकाशित, गोपीनाथ शर्माको *नेपालमा शिक्षाको इतिहास* २ संस्करण।

१. यस लेखमा जहाँ जहाँ यस्तो *चिह्न दिइएको छ, त्यसको अर्थ त्यो अशुद्ध शब्द जस्ताकोतस्तै सारिएको भन्ने हो।

ग्रीष्मबहादुर देवकोटा २०३६

= वि.सं. २०३६ मा काठमाडौँबाट ध्रुवबहादुर देवकोटाद्वारा प्रकाशित, ग्रीष्मबहादुर देवकोटाको *नेपालको राजनीतिक दर्पण* २ संस्करण ।

डोनल्ड ए. मेसर्‌श्मिड्ट २०५३/५४

= ई.सं. १९९७ (वि.सं. २०५३/५४)मा ब्याङ्ककबाट ह्वाइट अर्‌किड प्रेसद्वारा प्रकाशित, डोनल्ड ए. मेसर्‌श्मिड्टको *मोरान् अफ् काठ्मानूडू* (काठमाडौँका मोरान)।

नयराज पन्त २०६९

= वि.सं. २०६९ मा प्रकाशित *पूर्णिमा* १३५ पूर्णाङ्कको ३६० पृष्ठमा छापिएको, नयराज पन्तको *हेलियोदोरको गरुडध्वज* ।

नयराज पन्त २०६९ क

= वि.सं. २०६९ मा प्रकाशित *पूर्णिमा* १३६ पूर्णाङ्कको ४४१ पृष्ठमा छापिएको, नयराज पन्तको *अशोक र ब्राह्मण* ।

नेत्रबहादुर थापा २०३०

= वि.सं. २०३० मा काठमाडौँबाट रत्नपुस्तकभण्डारद्वारा प्रकाशित, नेत्रबहादुर थापाको *गीता–सारशती* ।

प्रकाश ए. राज २०३५

= वि.सं. २०३५ मा काठमाडौँबाट साझा प्रकाशनद्वारा प्रकाशित, प्रकाश ए. राजको *अ नेपालीज् डिस्कभर्ज् हिज् कन्ट्रि* (एक जना नेपाली आफ्नो देश पत्ता लाउँछ) ।

भगवद्‌गीता

= वि.सं. २०१९ मा काशीबाट हिन्दू विश्वविद्यालयद्वारा प्रकाशित, एस.के. वेल्वेल्करद्वारा सम्पादित वासुदेवशरण अग्रवालद्वारा हिन्दीमा अनूदित *श्रीमद्भगवद्गीता* ।

रूद्र*राज पाण्डे २०५०

= वि.सं. २०५० मा रूद्र*राजसाहित्यसेवासमितिद्वारा प्रकाशित, रूद्र*राज पाण्डेको *संत–दर्शन* १ भाग ।

रूद्र*राज पाण्डे २०५१

= वि.सं. २०५१ मा रूद्र*राजसाहित्यसेवासमितिद्वारा प्रकाशित, रूद्र*राज पाण्डेको *संत–दर्शन* २ भाग ।

महेशराज पन्त]

नयराज पन्तका पद्य

भूयस्सु विप्रतनयेषु वसत्स्वपीह
ब्रह्मत्वमाप विलयं विषयेऽस्मदीये
पौरोधसं च विषयं मनुजाः श्रयन्तु
सा ब्रह्मता तु नहि तान् समलङ्करोति
नो चेत् कथं स्वतनयान् परदेशजानां[1]
सत्र्याश्रितेन हि पथा समुपागतानाम्
क्रिस्त्वाश्रितं समयमाब्रुवताममीषा-
मङ्के निधापयितुमुत्सुकतां वहेयुः
लोका इमे धनसमावृततत्त्ववीक्षा-
स्ते[2]षां पुरोहितगणाश्च तथैव कुर्युः ।।

२००८।१०।५

उल्था

धेरै ब्राह्मणपुत्रहरू यहाँ रहँदा रहँदै पनि हाम्रो देशमा ब्रह्मत्व लुप्त भयो । मानिसहरू पुरेत्याइँ गरून् त पनि तिनीहरूलाई त्यस ब्रह्मताले पक्कै पनि अलङ्कृत गरेको छैन ।

होइन (ब्रह्मताले अलङ्कृत गरेको छ) भने विदेशी, सत्री (विद्वान्‌को रूपमा हिँडेका राजकाजी मान्छे)ले आश्रय लिएको मार्गद्वारा आइपुगेका, क्रिस्तान धर्मको प्रचार गर्ने यिनीहरूको काखमा आफ्ना छोराहरूलाई राख्न कसरी उत्सुक हुन्थे ।

धनले तत्त्वदृष्टि ढाकिएका यी मानिसहरू [जे गर्छन्], तिनीहरूका पुरोहितहरू पनि त्यही गर्छन् ।

---

१. विषमपाद भए पनि मूलमा पादान्तमा नाम् छ ।

२. विषमपादको अन्त्याक्षर क्षाः र समपादको आद्याक्षर ते मा सन्धि भई स्ते हुनुपर्ने भए पनि मूलमा क्षाः तः छ ।

पूर्णिमा (इतिहास-प्रधान त्रैमासिक पत्रिका) का.मे.अ.द.नं. १५५/२४९

कार्यालय

संशोधन-मण्डल

२७ डल्लुआवासमार्ग

काठमाडौँ

नेपाल

फोन नं. ४६७०३८०

४३०१०२५

४४३५७४९

ई-मेल – samshodhanamandala@yahoo.com

पो.ब.नं. ४१६६, काठमाडौँ

वि.सं. २०६९ चैत्र

यस अङ्कको मूल्य रु. ४००।-

यस अङ्कको लेआउट

अञ्जलि महर्जनको

मुद्रक

श्री प्रेस

एकान्तकुना, जावलाखेल

ललितपुर

नेपाल

फोन नं. ५५३२८२२

ई-मेल – shreepress@wlink.com.np